सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

१४ मंसिर २०८०, बिहीबार (30 Nov 2023, Thursday) ■ नेपाल संवत् ११४४ ■ वर्ष १७ ■ अंक २२० ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. ५/-

नक्कली भुटानी शरणार्थी प्रकरण

उच्च अदालत पाटनबाट आज आदेश आउँदै



नयाँ पत्रिका

उच्च अदालत पाटनले नक्कली भुटानी शरणार्थीको थुनछेक विषयमा बिहीबार आदेश दिँदै छ। जवाफी बहस सुनेपछि सम्भवतः बिहीबार नै आदेश आउने सम्भावना रहेको उच्च सरकारी वकिलको कार्यालयले जनाएको छ।

पुनरावेदनका रोहमा काठमाडौं जिल्ला अदालतको आदेश बदरको माग गर्दै विभिन्न मितिमा गरी पाटनमा २१ वटा निवेदन विचाराधीन छन्। जसमाथि न्यायाधीशद्वय जनक पाण्डे र प्रकाश खरेलको इजलासमा सुनुवाइ हुँदै छ। यस इजलासले ५ मंसिरदेखि नै यो निवेदनलाई हेर्दहिँदैमा राखेर सुनुवाइ गरिरहेको छ। निवेदकको बहस सकिएपछि सरकारी वकिलले मंगलबार र बुधबार गरी दुई दिन बहस गरेका हुन्। बिहीबार निवेदक पक्षले जवाफी बहस सकाएमा आदेश आउन सक्ने सम्भावना रहेको एक सरकारी वकिलले बताए। २३ कात्तिकमा न्यायाधीशद्वय मुरारीबाबु श्रेष्ठ र कृष्णराम कोइरालाको इजलासले मुद्दाको पेसी मिति ५ मंसिरका लागि तोकेको थियो।

जिल्ला अदालत काठमाडौंले हालसम्म यस मुद्दाका तीन प्रतिवादीलाई धरौटीमा र बाँकीलाई थुनामै रही मुद्दाको पुर्पक्ष गर्नुपर्ने आदेश गरिसकेको छ। जसविरुद्ध पक्षहरू उच्च अदालत पाटन पुगेका हुन्। यस विषयमा विभिन्न मितिमा पक्षहरूले जिल्ला अदालतको आदेश बदरका लागि निवेदन दिएका छन्।

नक्कली भुटानी शरणार्थी बनाई अमेरिका पठाइदिने लोभ देखाएर करोडौंको ठगी गरेको भन्दै सरकारी वकिलको कार्यालयले यसै वर्ष १० जेठमा ३० जनालाई प्रतिवादी बनाई मुद्दा चलाएको थियो। उनीहरूमाथि ठगी, संगठित अपराध, लिखत किर्ते र राज्यविरुद्धको अपराधमा मुद्दा दर्ता भएको छ। यस प्रकरणमा सबै प्रतिवादीहरूमाथि गरी कुल २८ करोड ८१ लाख ७४ हजार रुपैयाँभन्दा बढी बिगो मागदाबी गरिएको छ। जिल्ला अदालत काठमाडौंका न्यायाधीश प्रेमप्रसाद न्यौपानेले यस मुद्दामा थुनछेक सुनुवाइ गर्दै १ असारमा फैसला दिएका थिए। तत्काल पक्राउ परेकाहरूमध्ये दुईबाहेक सबैलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश उक्त इजलासले गरेको थियो।

■ रास्वपा 'बहुलवादी लोकतान्त्रिक' पार्टी

पूर्ण लोकतान्त्रिक गणतन्त्रात्मक शासन अपनाउने, उदार अर्थतन्त्र अँगाल्ने

● रवि लामिछाने, सभापति



रास्वपा अहिले भएको विद्यमान व्यवस्थाभित्र रहेर नागरिकको अवस्था परिवर्तन गर्न आएको दल हो। यद्यपि, शासकीय स्वरूपहरूमा केही कमी-कमजोरी छन्। त्यसलाई परिवर्तन गर्ने उपाय भनेको मतदान, मतपत्र र निर्वाचन मात्रै हो भन्ने हाम्रो ठम्याइ हो।

● मुकुल ढकाल, महामन्त्री



हाम्रो पार्टीको नीतिगत र वैचारिक अस्पष्टतालाई लिएर बारम्बार आरोप लगाइन्थ्यो, प्रश्न उठाइन्थ्यो, त्यो वैचारिक अस्पष्टता मधेशमा सम्पन्न बैठकबाट चिरेका छौं। मूल विषय प्रस्ट गरेका छौं, पूर्ण राजनीतिक दस्ताबेज बिस्तारै सार्वजनिक गर्नेछौं।

अनिल यादव / नयाँ पत्रिका

राजनीतिक-वैचारिक अस्पष्टताको आरोप खेपिरहेको संसद्को चौथो ठूलो दल राष्ट्रिय स्वतन्त्र पार्टीले आफ्नो राजनीतिक कित्ता स्पष्ट पारेको छ। पार्टी स्थापना भएको १५ महिनापछि उसले आफूलाई 'बहुलवादी लोकतान्त्रिक' पार्टी बताएको हो। आसन्न निर्वाचनको तयारीस्वरूप मिसन-०८४ सुरु गरिसकेको रास्वपाले यसको मार्चीचित्र पनि तयार गरेको छ।

बुधबार महोत्तरीमा सम्पन्न तीनदिने केन्द्रीय र संसदीय दलको संयुक्त बैठकले पूर्ण

» पृष्ठ २ मा क्रमशः



सभापतिको प्रतिवेदनमा मिसन- ०८४ का चार व्याख्या

१ मिसन ०८४ भनेको पार्टी विस्तार र सुदृढीकरण गर्ने अभियान पनि हो। यस अभियानमा हाम्रो एजेन्डाको जानकारीसहित धेरैभन्दा धेरै नागरिकबीच पुग्न सक्नुपर्छ।

२ पार्टीमा योग्य, क्षमतायुक्त र इमानदार उम्मेदवारको दाबेदारलाई भित्र्याउने र अगाडि बढाउने अभियान पनि हो मिसन ०८४। यसको अर्थ, यो अभियान आफू पछि हटेर भए पनि टिमभित्र स्वच्छ छवि, स्पष्ट भिजन भएको इमानदार र क्षमतावान मान्छे खोज्ने, रोज्ने र जिताउने अभियान हो।

३ मिसन ०८४ भनेको धैर्यताको अभियान पनि हो। आउँदो चार वर्ष संगठनलाई चुस्त बनाउँदै विकृति-विसंगतिको खबरदारी र नागरिकका मुद्दामा एकाकार हुन सक्यौं भने पनि हामी थप स्थापित हुनेछौं। राजनीतिमा स्थापित हुन गुट, उपगुट, सदस्यता खरिद, घात-अन्तर्घातको राजनीति अबको पुस्ताले गर्नुपर्दैन।

४ मिसन ०८४ आफ्नै पारदर्शिताको अभियान पनि हो। हरेक पदाधिकारीले अब आफ्नो जीवनयापनको स्रोत सार्वजनिक गर्नुपर्छ। राजनीतिलाई जीवनयापनको माध्यम बनाउने होइन। जीवन धान्न धौधौ परेको साथीलाई उद्यममा सघाऔं, सक्रिय राजनीतिमा होइन। सके लिडर, नसके भोटर मात्र हुँदा पनि केही फरक पर्दैन, पर्नुहुँदैन।

■ चितवनमा 'निलो क्रान्ति'

प्रतिवेदनमा चितवनले निलो क्रान्ति गरेको र यसले अहिलेकै निर्वाचन प्रणालीमा पनि कुनै दलले दुईतिहाइ ल्याउन सक्छ भन्ने सन्देश दिएको उल्लेख छ। 'चितवन २ मा हामीले ७५% मत पायौं। त्यसले अहिलेकै निर्वाचन प्रणालीमा पनि एउटै दलले दुईतिहाइ बहुमत ल्याउन सम्भव छ भन्ने संकेतचाहिँ गर्छ,' प्रतिवेदनमा छ, 'यो देशमा पटकपटक राजनीतिक आन्दोलन भए। मानिसको रगत बग्यो। कैयौं सहिद भए। तर, ०७९ को संघीय निर्वाचनमा चितवनले प्रचलित क्रान्तिको परिभाषा नै बदलिदियो। विगतका क्रान्तिहरूमा अनुहारमा आक्रोश र हातमा ढुंगामुढा, हतियार हुने गर्थे। तर, 'चितवन क्रान्ति'मा अनुहारमा मुस्कान र हातमा फूल थिए। यसरी चितवनवासीले 'लाल' होइन 'निलो क्रान्ति' गरिदिए। चितवनले राजनीतिमा नवीन परिवर्तनको बाटो देखाइदियो।'

■ स्वर्णिम उपसभापति, सबै सांसद केन्द्रीय सदस्य

उपनिर्वाचनबाट सांसद निर्वाचित भएका अर्थशास्त्री डा. स्वर्णिम वाग्लेलाई रास्वपाले उपसभापति बनाएको छ। ३८ सदस्य रहेको केन्द्रीय समितिलाई ६४ सदस्यीय बनाइएको छ। पार्टीका सांसद र सातै प्रदेशका सभापतिलाई पदेन केन्द्रीय सदस्य बनाउने निर्णय भएको छ। त्यस्तै, थप पाँचजना मनोनीत गरिएका छन्। बैठकले एमालेका दिवंगत नेता भरतमोहन अधिकारीकी छोरी लिमा अधिकारीलाई कोषाध्यक्ष मनोनीत गरेको छ। उनी यसअघि केन्द्रीय सदस्य थिइन्। त्यस्तै, सांसद सुमना श्रेष्ठ र केन्द्रीय सदस्य विपिन आचार्यलाई सहमहामन्त्रीको जिम्मेवारी दिइएको छ। सहकोषाध्यक्षमा वसुमाया तामाङ र दीपक बोहोरा मनोनीत भएका छन्। त्यस्तै, बैठकले मनीष झा, प्रतिभा रावल र रमेश प्रसाईंलाई रास्वपाको सहप्रवक्तामा चयन गरेको छ।

■ पालिकाका उम्मेदवार छान्न क्लब, आचरण परीक्षण गरिने

रास्वपाले वडा र पालिकामा आफ्नो उम्मेदवार छान्न उम्मेदवारको क्लब गठन गर्ने निर्णय गरेको छ। यो अवधारणाअन्तर्गत अब देशभरका वडा र पालिकामा उम्मेदवार क्लब गठन हुनेछ। वडा र पालिकाको अध्यक्ष बन्न चाहनेले यो क्लबमा सदस्यता लिनुपर्नेछ। त्यसपछि क्लबमा रहेकाको प्रशिक्षण, परीक्षण र आचरणलगायत पाँचवटा चरण हुनेछन्। पाँचवटा चरण पार गरेपछि एकजनालाई पार्टीले उम्मेदवारको टिकट दिनेछ। वडा र पालिका सभापतिले भने सीधै चौथो चरणमा प्रवेश पाउनेछन्। त्यस्तै, लिडरसिप एकेडेमीको अवधारणालाई पनि बैठकले पारित गरेको छ। ०८२ भित्र नेतृत्व प्रशिक्षणका लागि लिडरसिप एकेडेमी खोलिनेछ। 'एकेडेमीबाट सर्टिफाई भएपछि मात्र जुनैसुकै तहको उम्मेदवार बन्न पाइनेछ,' महामन्त्री मुकुल ढकाललले भने।

नेपालमा पहिलोपटक समलिंगी विवाह दर्ता

■ सर्वोच्चले चार महिनाअघि भनेको थियो-

अस्थायी अभिलेख रहने गरी विवाह दर्ता गर्नू

लमजुङमा **शान्ता कमली**

नेपालमा पहिलोपटक लमजुङमा समलिंगी जोडीको विवाह दर्ता भएको छ। दोर्दी गाउँपालिका- २ वडा कार्यालयले बुधबार रामबहादुर गुरुङ (माया) र सुरेन्द्र पाण्डेबीचको विवाह दर्ता गरेर प्रमाणपत्र उपलब्ध गराएको हो।

'सर्वोच्च अदालतको अन्तरिम आदेशबमोजिम अस्थायी अभिलेख रहने गरी जारी गरिएको छ,' विवाहको प्रमाणपत्रमा भनिएको छ। विवाह दर्ताका विषयमा सर्वोच्च अदालतमा पुगेको रिटमा अन्तरिम आदेश मात्रै आएकाले अन्तिम फैसला नआएसम्मका लागि अस्थायी अभिलेख रहने गरी विवाह दर्ता भएको हो। उनीहरूले गत जेठमा विवाह दर्ताको माग गर्दै सर्वोच्चमा निवेदन दिएका थिए। माया दोर्दी

» पृष्ठ २ मा क्रमशः



विवाह दर्ताको प्रमाणपत्र देखाउँदै माया र सुरेन्द्र

● समलिंगी जोडीको प्रतिक्रिया- यो न्याय हामीजस्ता सबैलाई हो

विवाह दर्तापछि दुवैले खुसी व्यक्त गरेका छन्। मायाले भनिन्, 'सर्वोच्च अदालतको आदेश वेलैमा कार्यान्वयन नहुँदा हामीले धेरै दुःख झेल्नुपऱ्यो, तर ठूलो संघर्षपछि हामी विवाह दर्ता गर्न सफल भएका छौं। यो हाम्रो विवाह दर्ताको सवाल मात्रै होइन, हामीजस्ता समलिंगी र तेस्रोलिंगीलाई प्राप्त भएको न्याय हो। हामीजस्ता सबैलाई विवाह दर्ता गर्ने ढोका खुलेको छ।' सुरेन्द्रले पनि आफूहरूले पाएको न्यायसँगै अन्य समलिंगी र तेस्रोलिंगीलाई न्याय मिलेको बताए। 'अब हामीजस्ता समलिंगी र तेस्रोलिंगीलाई पनि बिहे गर्न वैधानिक रूपमै बाटो खुलेको छ,' उनले भने, 'यो हामीजस्ता सम्पूर्ण अल्पसंख्यक समुदायका लागि निकै खुसीको विषय हो।'

केरुङ-काठमाडौं रेलमार्गको अध्ययन ०८३ असारभित्रै सक्ने चिनियाँ प्रतिबद्धता



ल्यान्ड सर्वेक्षण अन्तिम चरणमा, ड्रोनमार्फत एरियल अध्ययन सुरु

(विस्तृत पृष्ठ ६)

कांग्रेस महाधिवेशन ०८२ मंसिरमा गर्न प्रस्ताव आउँदै

महासमिति बैठकका लागि तयार हुँदै गरेका महामन्त्रीद्वयका प्रतिवेदनमा महाधिवेशनको मिति प्रस्ताव गरिँदै, निर्वाचनपूर्व गठबन्धन नगर्ने दस्ताबेज बनाइँदै

(विस्तृत पृष्ठ ३)

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

कोप- २८ सम्मेलनका लागि प्रधानमन्त्री प्रचण्ड युएईमा

नयाँ पत्रिका

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' जलवायु परिवर्तनसम्बन्धी सम्मेलन (कोप-२८)मा सहभागी हुन बुधबार संयुक्त अरब इमिरेट्स (युएई) गएका छन्। उनी जलवायु परिवर्तनले हिमाल र हिमाली क्षेत्रमा पारेको प्रभावको एजेन्डा लिएर नेपाली प्रतिनिधिमण्डलसहित गएका हुन्।

प्रधानमन्त्री प्रचण्डले सम्मेलनलाई शनिबार सम्बोधन गर्ने कार्यक्रम छ। कोप- २८ सम्मेलन बिहीबार युएईको दुबईमा सुरु हुँदै छ। प्रधानमन्त्री प्रचण्ड मंसिर १५ र १६ मा 'वर्ल्ड क्लाइमेट एक्सन समिट'अन्तर्गत 'हाई लेभल सेग्मेन्ट'मा सहभागी हुने कार्यक्रम रहेको परराष्ट्रले जनाएको छ। प्रधानमन्त्री प्रचण्डले बिहीबार भने आबुधाबीमा रहेको नेपाली राजदूतावास भ्रमण गरेर त्यहाँ रहेका नेपाली



युएई प्रस्थान गर्नुअघि बुधबार त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा प्रधानमन्त्री प्रचण्ड। तस्बिर : **अमुल थापा**/नयाँ पत्रिका

समुदायसँग अन्तर्क्रिया गर्ने कार्यक्रम छ।

युएई भ्रमणका वेला उनी युएईको ५२ औं एकता दिवसमा आयोजित समारोहमा सहभागी हुने कार्यक्रम छ। प्रधानमन्त्रीले सम्मेलनमा सहभागी विभिन्न मुलुकका

» पृष्ठ २ मा क्रमशः



कोप– २८...

पृष्ठ १ बाट क्रमशः

सरकारप्रमुख, राष्ट्रप्रमुख तथा उच्चस्तरीय नेतृत्वसँग साइडलाइन भेटवार्ता गर्ने कार्यक्रम छ। त्यस्तै, प्रधानमन्त्री प्रचण्डले जलवायु सम्मेलनकै दौरान उच्चस्तरीय साइड इभेन्ट आयोजना गर्न लागेका छन्। 'हिमालको आवाज : हामीलाई जलवायु संकटबाट कसले बचाउँछ ?' शीर्षकको कार्यक्रममा सहभागी हुन राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेस, भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीसहितलाई निम्ता गरिएको पराराष्ट्र स्रोतले जनायो। हिमालको एजेन्डालाई सम्मेलनका वेला छलफलको प्रक्रियामा ध्यानाकर्षण गराउन नेपालले यो कार्यक्रम आयोजना गर्न लागेको हो। गुटेरेसले नेपाल भ्रमणका क्रममा जलवायु परिवर्तनले हिमाल तथा हिमाली जनजीवनमा पारेको प्रभावको अवलोकन गरेपछि नेपालबारे अन्तर्राष्ट्रिय क्षेत्रको ध्यान खिचिएको छ।

कर्जा चुक्ता गर्ने सम्बन्धी १५ दिने अत्यन्त जरूरी सूचना

(प्रकाशित मितिः २०८०/०८/१४ गतेको नयाँ पत्रिका दैनिक)

तपसिलमा उल्लेखित ऋणीले यस सहकारी संस्थाबाट लिएको ऋण कर्जाको शर्त बमोजिम नियमित बुझाउनु पर्ने किस्ताहरु, साँवा, व्याज, हर्जाना रकम नतिरी नबुझाई बाँकी राख्नु भएको तथा पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत निजले कर्जा किस्ताहरु चुक्ता भुक्तान गर्न तर्फ कुनै पहल नगर्नु भएकोले यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिनभित्र सम्पूर्ण कर्जा चुक्ता भुक्तान गर्नुहुन सूचित गरिन्छ। अन्यथा उल्लेखित मितिभित्रमा तिर्न बुझाउनु पर्ने व्याज तथा हर्जाना रकम भुक्तान नगरेमा यस संस्थालाई कर्जाको सुरक्षण वापत लेखी लेखाई दिएको तपसिल बमाजिमको चल/अचल सम्पति सहकारी ऐन तथा नियमावलीले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गर्ने, कालोसुचिमा समावेश गर्ने र ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गर्ने लगाएतका कर्जा असुल उपर गरी लिनका लागि अन्य आवश्यक कानूनी कारवाहीहरु समेत गरी संस्थाले आफ्नो लेना रकम असुल उपर गरी लिने व्यहोरा समेत ऋणी, जमानीकर्ता, धितो सुरक्षण दिने व्यक्तिहरु तथा अन्य सबैलाई जानकारी गराइन्छ।

ऋणीको विवरण



सिंह बहादुर थापाको नाती, डम्बर बहादुर थापाको छोरा, स्थायी ठेगाना गण्डकी अञ्चल, लमजुङ्ग जिल्ला, बेसीसहर वडा नं. ५ भई हाल बाग्मती अञ्चल, ललितपुर जिल्ला, लेले गोदावरी न.पा. वडा नं. ५ बस्ने वर्ष ५५ को **कुष्ण बहादुर थापा** (ना.प्र.नं. १८१ जारी मिति २०४३/०२/१८ जि.प्र.का. लमजुङ्ग)

धन जमानीकर्ताहरूको विवरण



हिरा काजी श्रेष्ठको बुहारी, कुष्ण बहादुर थापाको पत्नी, स्थायी ठेगाना बाग्मती अञ्चल, ललितपुर जिल्ला, लेले गा.वि.स. वडा नं. ३ बस्ने वर्ष ४६ को **उमा थापा** (ना.प्र.नं. २८-०१-०६७-०६८२७ जारी मिति २०६७/१०/१७ जि.प्र.का. ललितपुर)



डम्बर बहादुर थापाको नाती, कुष्ण बहादुर थापाको छोरा, स्थायी ठेगाना गण्डकी अञ्चल, लमजुङ्ग जिल्ला, बेसीसहर वडा नं. ५ भई हाल बाग्मती अञ्चल, ललितपुर जिल्ला, लेले गोदावरी न.पा. वडा नं. ५ बस्ने वर्ष २९ को **सुरज थापा** (ना.प्र.नं. ४५१०१२/१५६२३ जारी मिति २०६७/०५/१७ जि.प्र.का. लमजुङ्ग)

धितो सवारी साधनको विवरण :

सवारी साधनको नाम	: महेन्दा एण्ड महेन्दा	ईन्जिन नम्वर	: 84G-13423
सवारी साधनको नम्वर	: बा. २ ख ४१९७	सवारी साधनको रंग	: सेतो, कालो, पहेलो, हरियो, निलो, रातो
च्यासिस नम्वर	: 83G13840	बनेको साल	: २००८

CASH क्याश सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लिमिटेड
CASH Saving & Credit Co-operative Ltd.

ज्याथा, काठमाडौं
फोन : ५३५१८७७, ५३५२३११, ५३५३२५२
Email :info@cashco-op.com.np

पूर्ण लोकतान्त्रिक...

पृष्ठ १ बाट क्रमशः

लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणाली अपनाउने र उदार अर्थतन्त्रको नीति लिने राजनीतिक प्रस्ताव पारित गरेको छ। पूर्ण राजनीतिक दस्तावेज केही समयमा सार्वजनिक गर्ने बैठकको निर्णय छ। संघीय लोकतान्त्रिक गणतन्त्रप्रति उसको प्रतिबद्धता छ। 'हाम्रो पार्टीको नीतिगत र वैचारिक अस्पष्टतालाई लिएर बारम्बार आरोप लगाइन्थ्यो, प्रश्न उठाइन्थ्यो,' रास्वपा महामन्त्री एवं प्रवक्ता मुकुल ढकालले नयाँ पत्रिकासँग भने, 'त्यो वैचारिक अस्पष्टता मधेशमा सम्पन्न बैठकबाट चिरेका छौं। मूल विषय प्रस्ट गरेका छौं, पूर्ण राजनीतिक दस्तावेज बिस्तारै सार्वजनिक गर्नेछौं।'

रास्वपाले पूर्ण लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीभित्र रहेर जवाफदेहीपूर्ण असल शासनमार्फत समन्यायिक समावेशी समाज निर्माण गर्ने लक्ष्यको प्रस्ताव पारित गरेको छ। 'लोककल्याणकारी राज्यको सुनिश्चितताका लागि सार्वजनिक, निजी र सामुदायिक स्रोत-साधनको दिगो परिचालन गर्दै उद्यममैत्री, लगानीअनुकूल प्रतिस्पर्धात्मक सामाजिक बजार अर्थतन्त्रको उन्नयनका लागि स्वच्छ र सुदृढ नियमनकारी संरचना बनाई राष्ट्रिय आय र रोजगारीको विस्तार, श्रमप्रति समर्पित, सामाजिक पुँजीको अभिवृद्धि र जलवायु-पर्यावरणीय सन्तुलन कायम गर्न पार्टी सर्वात्मना प्रतिबद्ध छ,' पारित प्रस्तावनमा छ।

रास्वपाले समाजवादका प्रधान लक्ष्यहरू शान्तिपूर्ण मार्गबाट प्राप्त गर्ने लक्ष्य लिएको छ। 'संविधानमा निर्दिष्ट गरी तदनुकूल राष्ट्रिय नीति तथा कार्यक्रमका आधारमा राज्य सञ्चालनको अठोटलाई संवैधानिक समाजवादका रूपमा व्याख्या गर्दै अप्रिय ऐतिहासिक विरासतका रूपमा विद्यमान लैंगिक, जातीय, वर्गीय, क्षेत्रीयलगायत सबै प्रकारका संरचनात्मक विभेदहरूविरुद्ध निर्णायक सम्बोधन गर्न अवसरहरूको न्यायिक वितरण, पहुँच र उपयोगमा जोड दिइनेछ,' प्रस्तावनमा छ।

यसबाहेक रास्वपाले दलको अभीष्टबारे भनेको छ, 'नेपालको इतिहास, सनातन सभ्यता, धार्मिक-सांस्कृतिक विविधतामा आधारित सहअस्तित्व र पारस्परिक सम्मान, विश्वभर फैलिएका नेपालीहरूको सामूहिक सामर्थ्य र एसियाको उदाउँदो भूराजनीतिक महत्त्वलाई आत्मसात् गर्दै नेपालको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता र स्वाभिमानलाई सदा अक्षुण्ण राख्नु नै राष्ट्रिय स्वतन्त्र पार्टीको अभीष्ट रहनेछ।'

संघीय संरचनाप्रति भने रास्वपाको असन्तुष्टि छ। 'अहिलेको प्रदेश संरचनाले हामीलाई कहीँ लैजाँदैन। त्यसमाथि यो भ्रष्टाचारको केन्द्र र कार्यकर्ता भर्ती केन्द्र बनेको छ। यसको विकल्प सोच्न एकछिन पनि ढिला गर्नुहुन्न,' सभापति रवि लामिछानेले बैठकमा प्रस्तुत गरेको प्रतिवेदनमा भनिएको छ, 'अहिलेको प्रदेश संरचना दलका नेता-कार्यकर्ता व्यवस्थापन गर्नकै लागि बनाइएकोजस्तो प्रतित हुन्छ। र, एक हदसम्म हेर्दा हो कि भैँ पनि लाग्छ। आफ्नो उपादेयता पुष्टि गर्न नसक्दा आमनागरिक प्रदेशस्तरको संरचनाप्रति असन्तुष्ट छन्। नागरिकका आवाज सुने/नसुनेभैँ गर्ने, असन्तुष्टि देखे/नदेखेभैँ गर्ने र नागरिकको भावना बुझे/नबुझेभैँ गर्ने दल, राजनीतिक दल हुन सक्दैन। त्यसैले प्रदेश संरचनाबारे नागरिकको धारणा र असन्तुष्टिमा हामीले पनि बारम्बार आवाज उठाइरहेका छौं। प्रदेश संरचना परिवर्तन अत्यावश्यक छ।'

यद्यपि, सभापति लामिछानेले आफूहरू यही व्यवस्थाभित्रै रहेर नागरिकको अवस्था परिवर्तन गर्ने बताएका छन्। 'हामीले पार्टीको नीति विचार तय गर्न नीति विचारको कार्यशाला, गाउँ-गाउँमा सुझाव लिने सबै गर्‍यौं,' बैठकपछि जनकपुरमा पत्रकारहरूसँग कुरा गर्दै उनले भने, 'त्यसपछि तयार भएको नीति विचारको प्रस्तावना पारित गरेका छौं। रास्वपा अहिले भएको विद्यमान व्यवस्थाभित्र रहेर नागरिकको अवस्था परिवर्तन गर्न आएको दल हो। यद्यपि, शासकीय स्वरूपहरूमा केही कमी-कमजोरी छन्। त्यसलाई परिवर्तन गर्ने उपाय भनेको मतदान, मतपत्र र निर्वाचन मात्रै हो भन्ने हाम्रो ठम्याइ हो।'

मधेशप्रति सञ्चारकर्मदेखि नै आफ्नो मोह रहेको लामिछानेले प्रस्ट पारे। 'मधेशप्रति मेरो मोह र लगन पहिल्यैदेखि हो। लामो समय सञ्चारकर्मी हुँदा मैले जति आमनागरिकका मुद्दा उठाएको अर्को मान्छे देखाउनुहोला,' उनले भने, 'आफ्नो पार्टीको यति महत्त्वपूर्ण बैठक जलेश्वरमा गरेको अर्को दल देखाउनुहोला ? राजनीतिक दलका रूपमा हामीले गरेका यावत् प्रयासले नै स्पष्ट पार्छ, हामीले भनिरहनुपर्दैन।'

लामिछानेले मधेशका बस्ती छिर्दा आएका प्रतिक्रियाबारे बैठकमा छलफल भएकोसमेत बताए। 'मधेशका बस्तीहरूमै गएर आएका प्रतिक्रियाहरूबारे बैठकमा गहन छलफल भएको छ। मधेशलाई राष्ट्रिय स्वतन्त्र पार्टीले विशेष रूपमा हेर्नुपर्ने र प्राथमिकतामा राख्नुपर्ने देखिएको छ। त्यसैले, सडकदेखि सदनसम्म रास्वपाले मधेशको मुद्दा उठाउनेछ। मधेशभित्र धेरै मधेश भएकाले यसमा हाम्रो चासो छ।' उनले मधेशमा कारखानाबाट सामान उत्पादन गरेजस्तो नेताहरू उत्पादन गरिए पनि जनताको समस्या भने यथावत् देखिएको बताए। आफ्नो प्रतिवेदनमा अध्यक्ष लामिछानेले मधेश हरकोणबाट आपत्कालीन अवस्थामा रहेको भन्दै यसलाई प्राथमिकतामा राखेका छन्।

नेपालमा पहिलोपटक...

पृष्ठ १ बाट क्रमशः

गाउँपालिका- २ र सुरेन्द्र नवलपरासी (बर्दघाट सुस्ता पूर्व) को कावासोती नगरपालिका- ८ का स्थायी बासिन्दा हुन्। माया पारलैंगिक महिला हुन् भने सुरेन्द्र समलिंगी हुन्। गाउँपालिका अध्यक्ष युवराज अधिकारीले राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको निर्देशन एवं परिपत्रका आधारमा विवाह दर्ता गरिएको बताए। 'सुरुमा गाउँपालिकामा विवाह दर्ता गर्न निवेदन आएको थियो। पछि हाम्रै समन्वयमा दुवैले राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागमा निवेदन दिएपछि वडामै विवाह दर्ताको बाटो खुलेको हो,' उनले भने। माया र सुरेन्द्रले प्रेम सम्बन्धलाई २७ असोज ०७४ मा विवाहमा परिणत गरेका थिए। काठमाडौं सोह्रखुट्टेमा पञ्चेबाजा बजाएर धुमधामले विवाह गरेका थिए।

● **सर्वोच्चले चार महिनाअघि भनेको थियो–**

अस्थायी अभिलेख रहने गरी विवाह दर्ता गर्नू

सर्वोच्च अदालतले चार महिनाअघि अस्थायी अभिलेख रहने गरी समलिंगी विवाह दर्ता गर्न अन्तरिम आदेश दिएको थियो। सर्वोच्चका न्यायाधीश तिलप्रसाद श्रेष्ठको १२ असारको एकल इजलासले निवेदक जो र निवेदकसरहका जोडीहरूले निवेदन माग गरेमा विवाहको अस्थायी अभिलेख रहने गरी विवाह दर्ता गर्न पाउने आवश्यक व्यवस्था गर्नू भनेपछि माया र सुरेन्द्र विवाह दर्ताका लागि जिल्ला अदालत काठमाडौं पुगेका थिए। तर, सर्वोच्चको अन्तरिम आदेशमा जिल्ला अदालतलाई विपक्षी नबनाइएको भन्दै जिल्ला अदालतले विवाह दर्ता गर्न मानेन। अदालतले एकजना कानुनी पुरुष र एकजना कानुनी महिला नभएको जोडीलाई मान्यता दिन आवश्यक नभएको भन्दै विवाह दर्ता गर्न अस्वीकार गरेको थियो। त्यसपछि उनीहरूले उच्च अदालत पाटनमा पुनरावेदन दिएकोमा त्यहाँ पनि दर्ता भएन।

मुलुकी देवानी संहिता, २०७४ ले पुरुष र महिलाबीचको विवाहलाई मात्र मान्यता दिएको छ। समलिंगी विवाह दर्ता गर्न नेपालको कानुन बाधक रहेको भन्दै नीलहिरा समाजका अध्यक्ष पिंकी गुरुङसहित सातजनाले सर्वोच्चमा निवेदन दिएका थिए। विवाह दर्तासम्बन्धी मुलुकी देवानी संहिता, २०७४ मा रहेको व्यवस्था संशोधन हुनुपर्ने उनीहरूको माग भए पनि सर्वोच्चले अन्तिम फैसला दिइसकेको छैन।

ग्लोबल आइएमई बैंक लिमिटेडको

धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने गोप्य शिलवन्दी वोलपत्र आव्हान गरिएको सूचना

प्रकाशित मिति : २०८०/०८/१४ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस बैंकको तपसिलमा उल्लिखित ऋणीले ऋण कर्जा लिंदाको बखत गरेको लिखत तथा सम्झौता बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्ने सांवा, व्याज, पेनाल व्याज तथा अन्य दस्तुर आदी चुक्ता भुक्तान गर्न पटक पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत ऋण कर्जा चुक्ता भुक्तान नगरेकोले विभिन्न मितिको विभिन्न राष्ट्रिय दैनिक पत्रिकामा ३५ (पैंतिस) दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत ऋणीहरुले उक्त समयमा पनि कर्जाको सांवा, व्याज नतिरि नबुझाई बसेको हुँदा ऋण कर्जा उपभोग गरे बापत बैंकको नाममा धितो बन्धक लेखिदिएको तपसिल बमोजिमको सम्पत्तिहरु जहाँ जे जस्तो अवस्थामा छ सोहि अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित नियम कानूनले दिएको अधिकार प्रयोग गरि गोप्य शिलवन्दी बोलपत्र प्रकृयाद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गरिने भएकाले धितो लिलाम बिक्री गर्ने सम्वन्धी यो १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। उल्लिखित सम्पत्ति खरिद गर्न इच्छुक महानुभावहरुले तपसिलमा उल्लिखित शर्त बन्देजको अधिनमा रहि गोप्य शिलवन्दी बोलपत्र पेश गर्नु हुन आव्हान गरिन्छ। साथै, धितो सुरक्षणमा रहेको सम्पत्तिको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण वक्यौता असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणी र व्यक्तिगत जमानीकर्ताहरुको अन्य घर घरानाबाट असुल उपर गर्न असुली प्रक्रीया अगाढी बढाइने व्यहोरा समेत यसै सूचनाबाट सम्बन्धित सबैलाई जानकारी गराइन्छ।

साथै संचालक, धितो जमानत तथा व्यक्तिगत जमानत दिनु हुने माहानुभावहरुलाई समेत कालो सूचिमा समावेश गरिने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ। यसै सूचनालाई आधार मानि ऋणी, धितो जमानत तथा व्यक्तिगत जमानी दिनु हुने व्यक्तिहरुले लिलाम बिक्री हुने दिन अगावै बैंकमा उपस्थित भै सम्पूर्ण बाँकी बक्यौता रकम चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी प्रक्रिया स्थगित गरिने व्यहोरा समेत जानकारी गराइन्छ।

तपसिल

परासी शाखा, नवलपरासी

ऋणीको विवरण	व्यक्तिगत जमानत दिनेको विवरण	
१. प्रदेश सरकार, लुम्बिनी प्रदेश, उद्योग वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) मा प्रा.फ.द.नं. २७६/१८९६ अन्तर्गत मिति २०७६/०५/२७ मा दर्ता कायम भएको **न्यू अन्नु गार्मेन्ट उद्योग** फर्म दर्ता ठेगाना : रामग्राम न.पा. - ३, नवलपरासी, स्थायी लेखा नं. ६०१६७१२०९, मिति २०७८/०४/०८ **प्रोप्राइटर : सुनिता गुप्ता तेली** **कर्जा शिर्षक : ओभरड्राफ्ट कर्जा**	**अशोक कुमार तेली** ना.प्र.नं. ३६३०६९/९५३ जारी मिति २०६३/११/२२, जि.प्र.का. नवलपरासी बाबुको नाम : राम सरन तेली बाजेको नाम : लाल बिहारी तेली स्थायी ठेगाना : रामग्राम - ३, नवलपरासी	**सुनिता गुप्ता (तेली)** ना.प्र.नं. ३६३०६९/१८२ जारी मिति २०६३/११/२३, जि.प्र.का. नवलपरासी बाबुको नाम : चन्दिका गुप्ता पतिको नाम : अशोक कुमार तेली ससुराको नाम : राम सरन तेली स्थायी ठेगाना : रामग्राम - ३, नवलपरासी

धितोको विवरण

जग्गाको विवरण

चन्दिका गुप्ताको छोरी, राम सरन तेलीको बुहारी, अशोक कुमार तेलीको पत्नी, सुनिता गुप्ता तेलीको नाममा मालपोत कार्यालय परासी, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) मा दर्ता श्रेष्ता कायम रहेको नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) जिल्ला, मंझरिया गा.वि.स./न.पा. वडा नं. ५ क स्थित कित्ता नं. १२२५ को क्षेत्रफल ०-१-२-० विगाहाको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

ऋणीको विवरण	धितोको विवरण (घरजग्गाको विवरण)
२. नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, नवलपरासीमा प्रा.फ.र.नं. १७७९/३६७९/०६८/०६९ अन्तर्गत मिति २०६९/०१/१५ मा दर्ता कायम भएका **न्यु अभिनाश फेन्सी स्टोर्स** फर्म दर्ता ठेगाना : रामग्राम न.पा. - ५, नवलपरासी स्थायी लेखा नं. ३०२६२९९१६, मिति २०६४/०३/०४ **प्रोप्राइटर : अशोक कुमार तेली** **कर्जा शिर्षक : ओभरड्राफ्ट कर्जा**	१. जीउत तेलीको छोरी, लालविहारीको बुहारी, राम सरन तेलीको पत्नी, श्रीमती तेरासी तेलीको नाममा मालपोत कार्यालय, नवलपरासीमा दर्ता श्रेष्ता कायम रहेको, नवलपरासी जिल्ला, मंझरिया गा.वि.स./न.पा. वडा नं. १ क स्थित कित्ता नं. ६९० को क्षेत्रफल ०-०-३-० विगाहाको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत। २. लालविहारीको नाति, राम सरन तेलीको छोरा, अशोक कुमार तेलीको नाममा मालपोत कार्यालय, नवलपरासीमा दर्ता श्रेष्ता कायम रहेको, नवलपरासी जिल्ला, मंझरिया गा.वि.स./न.पा. वडा नं. १ क स्थित कित्ता नं. ३७३ को क्षेत्रफल ०-०-१०-० विगाहाको घरजग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

व्यक्तिगत जमानत दिनेको विवरण

अशोक कुमार तेली ना.प्र.नं. ३६३०६९/९५३ जारी मिति २०६३/११/२२, जि.प्र.का. नवलपरासी बाबुको नाम : राम सरन तेली बाजेको नाम : लाल बिहारी तेली स्थायी ठेगाना : रामग्राम - ३, नवलपरासी	**तेरासी तेली** ना.प्र.नं. ५३५४६, जारी मिति २०५७/०१/१९ जि.प्र.का. नवलपरासी बाबुको नाम : जिउत तेली पतिको नाम : राम सरन तेली ससुराको नाम : लाल विहारी तेली स्थायी ठेगाना : सुक्रौली - ७, नवलपरासी	**सुनिता गुप्ता (तेली)** ना.प्र.नं. ३६३०६९/१८२ जारी मिति २०६३/११/२३, जि.प्र.का. नवलपरासी बाबुको नाम : चन्दिका गुप्ता पतिको नाम : अशोक कुमार तेली ससुराको नाम : राम सरन तेली स्थायी ठेगाना : रामग्राम - ३, नवलपरासी

ऋणीको विवरण	व्यक्तिगत जमानत दिनेको विवरण
३. प्रदेश सरकार, लुम्बिनी प्रदेश, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) मा प्रा.फ.दर्ता नं.९७३/१३६८७ अन्तर्गत मिति २०७६/०८/०३ मा दर्ता कायम भएको **अनमोल ट्रेडर्स** फर्म दर्ता ठेगाना : रामग्राम न.पा. - ५ नवलपरासी स्थायी लेखा नं. ६१२४७०३३८, मिति २०७६/०८/०४ **प्रोप्राईटर : बबिता कुमारी मौर्य** **कर्जा शिर्षक : ओभरड्राफ्ट तथा आवधिक कर्जा**	**बबिता कुमारी मौर्य** ना.प्र.नं. ३६-०१-७३-०४६७१ जारी मिति २०७३/०७/०५, जि.प्र.का. नवलपरासी बाबुको नाम : भगवन्त मौर्य पतिको नाम : महाबिर प्रसाद कोईरी ससुराको नाम : पूर्णवासी प्रसाद कोईरी स्थायी ठेगाना : गेर्मी - ३, नवलपरासी

व्यक्तिगत जमानत दिनेको विवरण

पूर्णवासी प्रसाद कोईरी ना.प्र.नं. १०४/१००८-१५३९ जारी मिति २०४४/१२/०५, जि.प्र.का. नवलपरासी बाबुको नाम : जगडीस कोईरी बाजेको नाम : पुरुषोत्तम कोईरी स्थायी ठेगाना : गेर्मी - ३, नवलपरासी हालको ठेगाना : पाल्हीनन्दन गा.पा. - ५, नवलपरासी	**महाबीर प्रसाद कोईरी** ना.प्र.नं. ३६-०१-७०-०९३१६, जारी मिति २०७०/०३/३० जि.प्र.का. नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) बाबुको नाम : पुर्णवासी प्रसाद कोईरी बाजेको नाम : जगडीस कोईरी स्थायी ठेगाना : गेरमी - ३, नवलपरासी हालको ठेगाना : पाल्हीनन्दन गा.पा. - ५, नवलपरासी	**धर्मावती कोईरी** ना.प्र.नं. ३६३०६५/३५२, जारी मिति २०६३/१०/०६ जि.प्र.का. नवलपरासी बाबुको नाम : सूर्यमन कोईरी पतिको नाम : पुर्णवासी प्रसाद कोईरी ससुराको नाम : जगडीस कोईरी स्थायी ठेगाना : गेरमी - ३, नवलपरासी हालको ठेगाना : पाल्हीनन्दन गा.पा. - ५, नवलपरासी

धितोको विवरण

जग्गाको विवरण

भगवन्त मौर्यको छोरी, पूर्णवासी कोईरीको बुहारी, महाबिर प्रसाद कोईरीको पत्नी, बबिता कुमारी मौर्यको नाममा मालपोत कार्यालय, परासी, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) मा दर्ता श्रेस्ता कायम रहेको नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) जिल्ला, मंझरिया गा.वि.स./न.पा. वडा नं. ९ क स्थित कित्ता नं. १६३७ को क्षेत्रफल ०-१-०-० विगाहा को जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

बुटवल मिलनचोक शाखा, रुपन्देही

ऋणीको विवरण	व्यक्तिगत जमानत दिनेको विवरण	
तिलोत्तमा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, रुपन्देही, लुम्बिनी प्रदेशमा दर्ता नं. ३/१२२ अन्तर्गत मिति २०७७/११/०४ मा दर्ता कायम भएको **माता देउराली कलेक्शन** फर्म दर्ता ठेगाना : तिलोत्तमा न.पा. - ३, रुपन्देही स्थायी लेखा नं. ६१५१८४२१४, मिति २०७७/११/०४ **प्रोप्राईटर : उर्मिला थापा** **कर्जा शिर्षक : ओभरड्राफ्ट कर्जा**	**उर्मिला थापा** ना.प्र.नं. ३७४/०४४ जारी मिति २०५९/०२/२१, जि.प्र.का. चितवन बाबुको नाम : दल वहादुर थापा पतिको नाम : युव राज उपाध्याय ससुराको नाम : दयाराम उपाध्याय स्थायी ठेगाना : शिवनगर - ५, चितवन	**युव राज उपाध्याय** ना.प्र.नं. १४०२२, जारी मिति २०५६/०९/१७ जि.प्र.का. कपिलबस्तु बाबुको नाम : दयाराम उपाध्याय बाजेको नाम : टिकाराम उपाध्याय स्थायी ठेगाना : कोपवा - ७, कपिलबस्तु

धितोको विवरण

जग्गाको विवरण

टिकारामको नाति, दयाराम उपाध्याको छोरा, युवराज उपाध्याको नाममा मालपोत कार्यालय, भैरहवा, रुपन्देहीमा दर्ता श्रेस्ता कायम रहेको रुपन्देही जिल्ला, टिकुलीगढ गा.वि.स./न.पा. वडा नं. ५ ख स्थित कित्ता नं. ३४४ र ३५२ को क्षेत्रफल क्रमशः ०-०-५-० र ०-०-४-० विगाहाको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

अनामनगर शाखा, काठमाडौं

ऋणीको विवरण	व्यक्तिगत जमानत दिनेको विवरण
सागर लामा ना.प्र.नं. ४९०५८, जारी मिति २०६६/०६/३०, जि.प्र.का. चितवन बाबुको नाम : चिज कुमार तमाङ बाजेको नाम : सिर्ज बहादुर तमाङ स्थायी ठेगाना : भण्डारा - ८, चितवन **कर्जा शिर्षक : सवारी साधन कर्जा**	**चिज कुमार तमाङ** ना.प्र.नं. ३०४३, जारी मिति २०४४/०७/१३, जि.प्र.का. चितवन बाबुको नाम : सिर्ज बहादुर तमाङ बाजेको नाम : सुकुदेव तमाङ स्थायी ठेगाना : भण्डारा - ८, चितवन

व्यक्तिगत जमानत दिनेको विवरण

मोती कुमारी तमाङ ना.प्र.नं. २५५७, जारी मिति २०४६/०३/१५, जि.प्र.का. चितवन बाबुको नाम : मान बहादुर स्याङतान पतिको नाम : चिज कुमार तमाङ ससुराको नाम : सिर्ज बहादुर तमाङ स्थायी ठेगाना : भण्डारा - ९, चितवन	**मञ्जु पाखिन** ना.प्र.नं. ३१-०१-६९-०४६४५ जारी मिति २०६९/०५/१२ जि.प्र.का. मकवानपुर बाबुको नाम : दिल बहादुर पाखिन पतिको नाम : सागर लामा ससुराको नाम : चिज कुमार तमाङ स्थायी ठेगाना : काकडा - ४, मकवानपुर

धितोको विवरण

सवारी साधनको विवरण

सवारी मोडेल	सवारी दर्ता नं.	बनेको साल	इन्जिन नं.	च्यासिस नं.
Toyota Hiace AC	BA 5 KHA 1971	2016	2KD-A922590	JTFSS22P700160425

लिलाम बिक्री सम्वन्धी अन्य शर्त बन्देजहरु :

१. बोलपत्र आवेदन फाराम यस बैंकको केन्द्रिय कार्यालय कर्जा असुली विभाग तथा सम्बन्धित शाखा कार्यालयबाट कार्यालय समय भित्र रु. १०००/- (पछि फिर्ता नहुने गरी) तिरी प्राप्त गर्न सकिनेछ।
२. बोलपत्र फारममा आफूले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ।
३. माथि उल्लिखित धितो सुरक्षणहरु सम्पूर्ण जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा खरिद गर्न बेग्लाबेग्लै वा एकमुष्ठ बोलपत्र पेश गर्न सकिनेछ।
४. बोलपत्र साथ आफुले कबोल गरेको रकमको कम्तीमा १० प्रतिशतले हुन आउने धरौटी रकम यस बैंकको नाममा खिचिएको बैंकको गुडफर पेमेन्ट चेक वा बैंकको ड्राफ्ट वा नगद बैकको सम्बन्धित शाखाको Earnest Money Deposit for Auction मा जम्मा गरेको भौचर समेत गोप्य शिलबन्दी बोलपत्र साथ समावेश गरी पेश गर्नुपर्नेछ। साथै उपरोक्त बमोजिम बोलपत्र पेश गर्दा शिलबन्दी खामको वाहिर पृष्ठमा के कुन सम्पत्तिको लागि बोलपत्र पेश गरेको हो सो कुरा स्पष्ट रुपमा उल्लेख गरेको हुनु पर्नेछ।
५. बोलपत्रमा बोलपत्रदाता व्यक्ति भए नागरिकता प्रमाणपत्रको प्रतिलिपि र फर्म/कम्पनी/संस्था भएमा दर्ता प्रमाणपत्र, पान दर्ता प्रमाण पत्र, कर दाखिला प्रमाणपत्र तथा कम्पनीको निर्णयको प्रतिलिपि पेश गर्नु पर्नेछ।
६. बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा तोकिएको स्थान र समयमा लिलाम बिक्री सम्वन्धी कार्य हुनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधिको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पुग्ने छैन।
७. लिलाम बिक्री हुने सम्पत्ति सम्वन्धी कागजात र अन्य कुरा बुझ्न हेर्न चाहानु हुने महानुभावहरुले यस बैंकको कर्जा असुली बिभाग तथा धितो रहेको नजिकको शाखामा कार्यालय समय भित्र सम्पर्क राख्न सक्नु हुनेछ।
८. बोलपत्र स्वीकृत भएको पत्रको भाखा अवधिभित्र बोलकबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ति आफ्नो नाममा नामसारी गरी लिनु पर्नेछ। सो म्याद भित्र रकम जम्मा नगर्नु भएमा बोलपत्र रद्ध भई धरौटी रकम स्वतः जफत हुनेछ। सम्पत्ति नामसारी भईसकेपछि साविकको भोगचलनकर्ताबाट हकभोग छुटाइ सकार गर्नेको हकभाग कायम गर्ने दायित्व सम्बन्धित खरिदकर्ताको हुनेछ।
९. स्वीकृत भएको बोलपत्र अनुसारको सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखेल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, घरजग्गा कर, पूँजीगत लाभकर तथा अन्य शुल्क इत्यादी बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ। स्वीकृत बोलपत्रदाताको नाममा सम्पत्ति दा.खा. गर्दा कुनै कानुनी वा अन्य कारणबाट समयमानै घर जग्गा नामसारी हुन नसकेमा नामसारी हुन नसकेको अवधिमा बोलपत्रदाताले जम्मा गरेको रकममा कुनै व्याज प्रदान गरिने छैन साथै कानुनी वा अन्य बाधा अड्चनहरु समाधान पश्चात धितो नामसारी गरि हक हस्तान्तरण गरिनेछ।
१०. बोलपत्र दाखिल भईसकेपछि बोलपत्रमा उल्लिखित रकम वा शर्तमा कुनै हेरफेर हुनेछैन। साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने निर्णय नभए सम्म धरौटी रकम फिर्ता दिइने छैन।
११. रित नपुगी वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्ध हुनेछ।
१२. कारण खुलाई वा नखुलाई बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ।
१३. बोलपत्र सदर भई सम्बन्धित स्वीकृत बोलपत्रदाताको नाममा धितो सम्पत्ति नामसारी हुनु अगावै ऋणी वा जमानतकर्ताले सम्पूर्ण रकम बुझाई कर्जा चुक्ता गरेमा वा प्राप्त बोलपत्र बैकलाई स्वीकार्य नभएमा बोलपत्रहरु रद्ध गरी बोलपत्रदाताले बोलपत्र वापत बुझाएको सम्पूर्ण रकम विना व्याज फिर्ता दिइनेछ।
१४. लिलाम बिक्री गर्ने भनिएको उल्लिखित सम्पत्ति कसैले सकार नगरेमा बैंक तथा वित्तिय संस्था सम्वन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरि यस बैंकले आफैं सकार गरी सो को स्वामित्व लिन वा पुनः लिलामी प्रकियामा लैजान सक्नेछ।
१५. प्राप्त बोलपत्र बैकलाई चित्त बुझ्दो नलागेमा बोलपत्र दाखिला गर्ने सम्पूर्ण बोलपत्रदातालाई आफुले कबोल गरेको बोलपत्र रकममा थप सहितको रकम अंकित गरी पुनः निवेदन मार्फत कुल सकार रकम सहितको बोलपत्र पेश गर्न निश्चित समय सीमा दिई बैकले लिखीत अनुरोध गर्न सक्नेछ। यसरी थप सहितको कबोल गरेको अधिकतम कबोल रकममा लिलाम स्वीकार गर्ने नगर्ने सम्पूर्ण अख्तियारी बैंकमा निहित रहनेछ।
१६. लिलाम बिक्री प्रकृयाबाट धितो सकार गर्न स्वीकृत भएको बोलपत्रदाताले लिलाम सकार गर्ने सम्पत्ति खरिद गर्न कर्जा माग गरेमा बैंकको आन्तरीक नियम तथा प्रचलित ऐन कानूनको अधिनमा रहि Auction Finance को सुविधा प्रदान गर्न सकिनेछ। यस सम्बन्धमा निर्णय गर्ने पूर्ण अधिकार बैंकमा निहित रहनेछ।
१७. अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछ।

बोलपत्र पेश गर्ने अन्तिम मिति : २०८० मंसिर २८ गते (कार्यालय समय भित्र)
बोलपत्र खोलिने मिति : २०८० मंसिर २९ गते
समय : दिउँसो १ बजे
स्थान : सम्बन्धित शाखा कार्यालय

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

रजिष्टर्ड/कर्पोरेट कार्यालय
फोन नं.: ०१-४२२८६७१/४२२६२४७
ग्लोबल कनेक्ट : ०१-५९७०६००
[ICRANP-IR] A रेटिङ्ग प्राप्त

०८२ मंसिरमा महाधिवेशन गर्ने प्रस्ताव आउँदै

महासमिति बैठकका लागि तयार हुँदै गरेका प्रतिवेदनमा महाधिवेशनको मिति प्रस्ताव गरिँदै, निर्वाचनपूर्व गठबन्धन नगर्ने दस्ताबेज बनाइँदै

केशवप्रसाद पाण्डे/नयाँ पत्रिका

कांग्रेसको नीति तय गर्ने गरी १६-१९ पुसमा हुन लागेको महासमिति बैठकमा ०८२ मा महाधिवेशन सुनिश्चित हुने गरी प्रस्ताव लैजाने तयारी छ। अलग-अलग प्रतिवेदन लेखनको जिम्मा पाएका महामन्त्रीद्वयले महाधिवेशनको मिति नै तोकेर प्रस्ताव लैजाने तयारी गरेका हुन्।

महासमिति बैठकमा सांगठनिक प्रतिवेदनको जिम्मा महामन्त्री गगन थापा र समसामयिक राजनीतिक प्रस्ताव तयार गर्ने जिम्मेवारी अर्का महामन्त्री विश्वप्रकाश शर्माले पाएका छन्। महामन्त्रीद्वय २४-२६ मंसिर ०८२ मा १५औँ महाधिवेशनको मिति प्रस्ताव गर्ने गृहकार्यमा छन्।

प्रत्येक चार वर्षमा हुने गरी २४ मंसिर ०७८ मा भएको १४औँ महाधिवेशनको मितिलाई आधार मान्न लागिएको हो। महामन्त्री थापा ०८२ मा महाधिवेशन सम्पन्न गर्ने बाटोमा आफू केन्द्रित हुने सार्वजनिक उद्घोष गर्दै आएका छन्। जसका लागि नीति अधिवेशन महाधिवेशन सुनिश्चत गराउने उपयुक्त थलो हुने महामन्त्रीद्वयको बुझाइ छ।

निकट नेताहरूका अनुसार महामन्त्रीद्वयले प्रस्तावमा निर्वाचनपूर्व गठबन्धन नगर्नेसहित पार्टी रूपान्तरणका विषय समेटेर ठोस दस्ताबेज र दृष्टिकोण दिने तयारी गरेका छन्। बुधबार धुम्बाराहीमा बसेको पदाधिकारी बैठकमा महासमिति बैठकको तयारी र प्रस्तावको विषयमा छलफल भएको छ।

प्रवक्ता डा. प्रकाशशरण महतका अनुसार बैठकमा मूल तयारी समिति संयोजक सभापति शेरबहादुर देउवाको उपस्थितिमा व्यवस्थापन र तयारीका विषयमा पदाधिकारीलाई ब्रिफिङ गरिएको थियो। 'बैठकमा प्रस्तुत हुने कार्यपत्रका विषयमा महामन्त्रीहरूले हालसम्मका अवस्थाबारे ब्रिफिङ गर्नुभयो। प्रस्तुत गर्ने जनसरोकार र राष्ट्रिय महत्त्वका विषय तथा समसामयिक राजनीतिक विषय कसरी स्पष्ट ढंगबाट प्रस्तुत गराउने र पार्टीमा छलफल गर्ने भन्नेबारे छलफल भएको छ। बैठकमा प्रस्तुत गर्ने विषयवस्तु लिपिबद्ध गर्ने काम भइरहेको छ। अब कार्य सम्पादन समिति बस्छ, त्यसपछि केन्द्रीय समिति बैठक राखेर प्रस्तावलाई अन्तिम रूप दिनेछौँ,' प्रवक्ता महतले भने।



■ डा. प्रकाशशरण महत, प्रवक्ता, कांग्रेस

बैठकमा प्रस्तुत हुने कार्यपत्रका विषयमा महामन्त्रीहरूले हालसम्मका अवस्थाबारे ब्रिफिङ गर्नुभयो। प्रस्तुत गर्ने जनसरोकार र राष्ट्रिय महत्त्वका विषय तथा समसामयिक राजनीतिक विषय कसरी स्पष्ट ढंगबाट प्रस्तुत गराउने र पार्टीमा छलफल गर्ने भन्नेबारे छलफल भएको छ। बैठकमा प्रस्तुत गर्ने विषयवस्तु लिपिबद्ध गर्ने काम भइरहेको छ। अब कार्य सम्पादन समिति बस्छ, त्यसपछि केन्द्रीय समिति बैठक राखेर प्रस्तावलाई अन्तिम रूप दिनेछौँ।

प्रस्तावमाथि महामन्त्रीद्वयले गृहकार्य गरिरहेका छन्। यसका लागि कांग्रेसका बौद्धिक समूहसँग छलफल र निकट बौद्धिक समूहलाई परिचालन गरिएको छ। प्रस्तावको प्रारम्भिक खाका अन्तिम चरणमा छ। '१५औँ महाधिवेशनसम्मको क्यालेन्डर तयार भएको छ। उहाँहरूले निरन्तर छलफल र समन्वय गरिरहनुभएको छ,' स्रोत भन्छ, '०८२ मा महाधिवेशन सम्पन्न गराउने, प्रि-इलेक्सन गठबन्धन नगर्ने र पार्टी रूपान्तरणको खाका प्रस्तुत गर्ने तयारी छ।'



प्रस्तावमा महामन्त्रीद्वयले विभिन्न समयमा उठाउँदै आएका प्रस्ताव र पूरक प्रस्तावका रूपमा केन्द्रीय समिति बैठकमा पेस भएका प्रस्ताव पनि समेट्ने तयारी गरेका छन्। महामन्त्रीद्वयले पार्टीका कार्यक्रम र अन्य गतिविधिलाई समेत क्यालेन्डर बनाएर व्यवस्थित गर्न लागेका छन्। विधान कार्यान्वयन र पार्टीका बैठकदेखि सम्मेलन एवं महाधिवेशनसम्मलाई कार्यतालिकामा समेट्ने प्रयास छ।

८ असोजमा बसेको केन्द्रीय समिति बैठकले महासमिति बैठक तयारीका लागि सभापति शेरबहादुर देउवाको संयोजकत्वमा तयारी समिति गठन गरेको थियो। समितिमा केन्द्रीय पदाधिकारी, सदस्य, आमन्त्रित सदस्य, प्रदेश कार्यसमितिका सभापति एवं उपत्यकाका तीनै जिल्लाका सभापति, भ्रातृ संस्थाका केन्द्रीय अध्यक्षहरू रहने गरी मूल तयारी समिति गठन गरेको छ। बैठकले नीतिगत प्रस्ताव तयार गर्न उपसभापति पूर्णबहादुर खड्काको संयोजकत्वमा प्रस्ताव तयारी समिति, सांगठनिक प्रतिवेदनको जिम्मा महामन्त्री थापा र समसामयिक राजनीतिक प्रतिवेदन प्रस्तावको जिम्मा महामन्त्री शर्माले प्रस्तुत गर्ने निर्णय गरेको थियो।

कांग्रेस प्रचार विभाग प्रमुख मीन विश्वकर्माले पछिल्लो समय देशभर कांग्रेसका जिल्ला सम्मेलनका कारण नेता व्यस्त रहेको, तर साथै महासमिति बैठक व्यवस्थापनका काम पनि सँगसँगै भइरहेको बताए। उनले उपसभापति खड्का र महामन्त्रीद्वयले जिम्मेवारीअनुसार प्रस्ताव तयार गरिरहेको बताए।

'नेताहरूको जिम्मेवारीअनुसार बैठकमा पेस हुने नीतिगत, सांगठनिक र समसामयिक राजनीतिक प्रस्ताव तयारीको काम जिम्मेवारीअनुसार लेखन भइरहेको छ। प्रतिनिधि छनोट हुन बाँकी क्षेत्रमा छिटो सक्न ताकेता गरेका छौँ। सचिवालयले हल व्यवस्थापनलगायत व्यवस्थापकीय काम गरिरहेको छ,' विश्वकर्माले नयाँ पत्रिकासँग भने।

महामन्त्री थापालाई प्रस्ताव तयार गर्न सघाइरहेका प्रताप पौडेलले प्रारम्भिक मस्यौदाको काम भइरहेको बताए। उनले विज्ञ, नेतृत्व र तल्लो तहसम्मको राय लिएर अन्तिम रूप दिइने बताए। 'महामन्त्रीज्यूले प्रारम्भिक मस्यौदामा काम गरिरहनुभएको छ। हामीले सघाइरहेका छौँ,' उनले भने, 'एक चरणको काम भइसकेपछि यसमाथि नेतृत्व र तल्लो तहसम्मको राय लिएर अन्तिम रूप दिइनेछ।'

महामन्त्री शर्माका स्वकीय सचिव दिनेश थापाले महामन्त्री शर्माको नेतृत्वमा खाकाका विषयमा गृहकार्य भइरहेको बताए। उनले आवश्यक परामर्शका आधारमा प्रारम्भिक खाका तयार भइरहेको बताए।

३५ निर्वाचन क्षेत्रमा प्रतिनिधि छनोट हुनै बाँकी

केन्द्रीय निर्वाचन समितिका अनुसार महासमिति बैठकका लागि प्रतिनिधि छनोट अन्तिम चरणमा छ। समिति सदस्य जगन्नाथ श्रेष्ठका अनुसार १६५ निर्वाचन क्षेत्रमध्ये ३५ मा निर्वाचन हुन बाँकी छ।

पटक-पटक गरी पछिल्लो समय १० मंसिरसम्मको समयावधि तोकिएकामा निर्वाचन सम्पन्न नभएपछि २० मंसिरसम्म समय थप गरिएको छ। 'निर्वाचन समितिमा १६५ मध्ये ३५ निर्वाचन क्षेत्रमा महासमिति सदस्य छनोट हुन बाँकी रहेको जानकारी छ। १० मंसिरभित्रको समयावधिमा सम्पन्न नभएकाले २० मंसिरसम्मको समय तोकेर निर्वाचन सक्न परिपत्र गरेका छौँ,' समिति सदस्य श्रेष्ठले नयाँ पत्रिकासँग भने। निर्वाचन हुन बाँकी जिल्लामा भोजपुर, सोलुखुम्बु, खोटाङ, ओखलढुंगा, दोलखा, रामेछाप, सिन्धुली, ललितपुर, पर्वत र अर्घाखाँची गरी १० जिल्लामा निर्वाचन सम्पन्न भएको विवरण केन्द्रमा आएको छैन। मोरङ ३ र ५, सुनसरी २, ३ र ४, धनुषा २ र ३, महोत्तरी १, ३ र ४, बारा ३, पर्सा १, २ र ३, धादिङ १, काठमाडौं ४, ५ र ६ बाग्लुङ १, दाङ १ र ३ र कञ्चनपुर क्षेत्र नम्बर १ मा भने निर्वाचन भएको, तर विवरण प्राप्त नभएको निर्वाचन समितिको भनाइ छ।

आजबाट एमालेको मध्यपहाडी संकल्प यात्रा

यात्रा उद्घाटन गर्न अध्यक्ष ओली पुगे बैतडी

बैतडीमा लोकेश साउद



प्रमुख प्रतिपक्षी दल एमालेले बैतडीको झुलाघाटदेखि पाँचथरको चिवाभञ्ज्याङसम्म 'मध्यपहाडी लोकमार्ग संकल्प यात्रा' सुरु गर्दै छ। पार्टीका अध्यक्ष तथा पूर्वप्रधानमन्त्री केपी ओलीले बिहीबार यात्राको उद्घाटन गर्दै छन्। यसका लागि ओली बुधबार बैतडी आइपुगेका छन्।

काठमाडौंबाट धनगढी विमानस्थलसम्म जहाजबाट तथा त्यहाँबाट सडकमार्ग हुँदै बैतडी आइपुगेका ओलीले राजमार्गमा पर्ने खोड्पे, पाटन, देहमाडौँलगायत बजारमा स्थानीयसँग अन्तर्क्रिया तथा भेटघाट गरे। त्यस क्रममा उनले पार्टीका लागि स्थानीय स्तरमा योगदान पुऱ्याउने शुभचिन्तक तथा समर्थकलाई दोसल्ला ओडाएर सम्मान गरेका छन्। राति अबेरसम्म ओलीले बैतडीको प्रसिद्ध निंग्लासैनी भगवती मन्दिरको दर्शन पनि गरे।

> झुलाघाटबाट सुरु हुने संकल्प यात्रा एक हजार ७ सय ७९ किलोमिटर लामो मध्यपहाडी लोकमार्ग पार गर्दै १ पुसमा चिवाभञ्ज्याङ पुग्नेछ

ओलीले बिहीबार बिहान ८ बजे बैतडीको झुलाघाटमा राष्ट्रिय झन्डा गाडेर यात्राको सुरुवात गर्ने कार्यक्रम छ। मध्यपहाडी लोकमार्गको पश्चिमी बिन्दु झुलाघाटमा झन्डा गाडेर १७ किलोमिटर पूर्वतर्फ बैतडी सदरमुकाम गोठालापानीमा जनसभा गर्ने कार्यक्रम रहेको छ। केन्द्रीय सदस्य लीलाधर भट्टले जनसभामा बैतडी र छिमेकी जिल्लाबाट २० हजारभन्दा बढी सहभागी गराउने तयारी भएको जानकारी दिए।

'सम्बन्ध स्थानीय, सन्देश राष्ट्रिय' भन्ने नाराका साथ उक्त यात्रा सुरु हुने एमाले पोलिटब्युरो सदस्य तथा सुदूरपश्चिमका निवर्तमान मुख्यमन्त्री राजेन्द्रसिंह रावलले बताए। बिहीबार नै ओलीले डडेल्धुरामा आयोजना हुने सभालाई सम्बोधन गर्नेछन् भने १५ गते एमालेको यात्रा अछाम हुँदै कर्णाली प्रदेशतर्फ मोडिनेछ।

संकल्प यात्राका क्रममा मध्यपहाडी लोकमार्गमा रहेका बस्ती तथा सहरमा बसोवास गर्ने स्थानीय बासिन्दासँग अन्तर्क्रिया गर्ने, मध्यपहाडी क्षेत्रका समस्याबारे छलफल चलाउने, पहाडका बासिन्दा पलायन हुनबाट रोक्ने र पहाडी क्षेत्रमै अवसरको सिर्जना गर्न आवश्यक योजना बनाउने संकल्प यात्राको उद्देश्य रहेको एमाले नेताहरूले बताएका छन्। भारतसँगको पश्चिमी सिमाना झुलाघाटबाट सुरु हुने संकल्प यात्रा एक हजार सात सय ७९ किलोमिटर लामो मध्यपहाडी लोकमार्ग पार गर्दै १ पुसमा चिवाभञ्ज्याङ पुग्नेछ।

त्रिवेणी गाउँपालिकाका ६४ परिवारले पहिलो किस्ता पाए

रुकुम पश्चिममा मनीष खड्का

त्रिवणी गाउँपालिकाका भूकम्प प्रभावितले पहिलो किस्ताबापतको रकम पाएका छन्। जिल्ला विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कोषबाट पहिलो किस्ताबापतको रकम आएका पालिकाका सबै ६४ परिवारलाई बुधबार पहिलो किस्ता वितरण गरिएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत प्रेमबहादुर घर्तीले जानकारी दिए। सबै लाभग्राहीको बैंक खातामा पहिलो किस्ताबापतको २५ हजार रुपैयाँ राखिएको उनको भनाइ छ।

वडा नम्बर ७, ८ र १० का ६४ लाभग्राहीले जिल्लामा सबैभन्दा पहिला अस्थायी आवासका लागि पहिलो किस्ता प्राप्त गरेका छन्। अस्थायी आवासका लागि रकम पाएपछि त्रिवेणी गाउँपालिका- १० का कृष्णबहादुर ओलीले अब तुरुन्तै बैंकबाट पैसा निकालेर अस्थायी आवास निर्माण गर्ने बताए।

आठबिसकोट र सानीभेरी गाउँपालिकाले पनि बिहीबारबाटै लाभग्राहीलाई अनुदान उपलब्ध गराउने बताएका छन्। सानीभेरी गाउँपालिका अध्यक्ष बिर्खबहादुर विष्टले बैंक खाता भएका लाभग्राहीलाई खातामा र नभएकालाई नगद उपलब्ध गराउने बताए। आठबिसकोट नगरपालिकाका प्रमुख रवि केसीले पनि बिहीबारै सबै लाभग्राहीले पहिलो किस्ता पाउने जानकारी दिए। अन्य लाभग्राही कायम गर्ने काम भइरहेको स्थानीय तहहरूले जनाएका छन्। एकैचोटि गर्दा ढिलो हुने भएकाले आवश्यक प्रक्रिया पुगेकालाई जिल्लामा पठाउने गरेको र अन्यको प्रक्रिया पुऱ्याउने काम भइरहेको छ। रुकुम पश्चिममा पूर्ण र आंशिक गरी ३६ हजारभन्दा बढी घरमा क्षति पुगेको प्रारम्भिक तथ्यांक छ।

भूकम्प प्रभावितलाई अस्थायी आवासका लागि रुकुम पश्चिममा धमाधम पहिलो किस्ता निकासा भइरहेको छ। स्थानीय तहबाट निर्णय भई आएका लाभग्राहीका लागि जिल्ला विपत् जोखिम न्यूनीकरण कोषबाट मंगलबार र बुधबार दुई करोड ५३ लाख ५० हजार रुपैयाँ स्थानीय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिको खातामा पठाइएको सहायक प्रमुख जिल्ला अधिकारी प्रवेश बडुवालले जानकारी दिए।

निर्वाचन आयोगका पदाधिकारीको सात दिनको तलब भूकम्पपीडितलाई

काठमाडौं/ निर्वाचन आयोगका पदाधिकारीले आफ्नो सात दिनको तलब जाजरकोट र रुकुम पश्चिमका भूकम्पपीडितको राहतका लागि सहयोग गर्ने भएका छन्। आयोगले बुधबार गरेको निर्णयअनुसार भूकम्पपीडितको तत्काल राहतका लागि प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा प्रमुख निर्वाचन आयुक्त र आयुक्तहरूबाट सात दिनको पारिश्रमिक जम्मा गरिनेछ। यस्तै, आयोग एवं आयोगअन्तर्गत प्रदेश र जिल्ला निर्वाचन कार्यालयका कर्मचारीमध्ये सचिव र सहसचिवबाट तीन दिन, उपसचिव र शाखा अधिकृतबाट दुई दिन र सोभन्दा तलका कर्मचारीबाट एक दिनबराबरको पारिश्रमिक जम्मा गर्ने निर्णय भएको प्रवक्ता शालिग्राम शर्मा पौडेलले जानकारी दिए।

Phaktanglung Rural Municipality
Office of the Municipal Executive
Tapethok, Taplejung
Province No. 1, Nepal

Notice of Intention to Award Contract

Date of Publication: - 2080/08/14

Phaktanglung Rural Municipality hereby notifies and intends to award the following listed contract and publish this notice to all concerned bidders regarding our Bid Notice No FRM/W/NCB/SHTPSI/080/081/01 in accordance with ITClause 37 and Public Procurement Act 2063 Clause 27.2, 27.3 and for the purpose of clause 47 of PPA, 2063.

S.N.	Contract id	Name and Address of Bidder	Total Bid Amount Including PS and VAT (Nrs)
1.	FRM/W/NCB/SHTPSI/080/081/01	Aveng Construction Phaktanglung-4, Ikhabu,Taplejung	45,90,534.67

CC:
Anupama C.T. Construction Mechinagar-10,Jhapa
Pathivara Nirman Sewa Taplejung
Karki/Ewa kabeli J/V Phungling-03,Taplejung

Chief Administrative Officer

रिलायन्स फाइनान्स लिमिटेडका ऋण नतिर्ने ऋणीलाई कर्जा चुक्ता गर्ने १५ दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मितिः २०८०/०८/१४)

तपाई तपसिलका ऋणी/ऋणीहरुले यस फाइनान्सबाट लिनु भएको ऋण रकम, यस फाइनान्ससंग गर्नु भएको ऋण सम्झौताको शर्त बमोजिम तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समयमा भुक्तान नगरी, नबुझाई ऋण लिंदा गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र फाइनान्सबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु पर्ने साँवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तानी गर्न नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्रमा कर्जाको सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ। उल्लेखित मिति भित्रमा यस वित्तिय संस्थालाई तिर्नु, बुझाउनु पर्ने सम्पूर्ण कर्जा, ब्याज तथा हर्जाना ब्याज समेत भुक्तान नगर्नु भएमा यस फाइनान्सलाई कर्जा सुरक्षण वापत लेखि दिनुभएको तपसिल बमोजिमको चल/अचल सम्पत्ति प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गरी अथवा सो बाट आफ्नो लेना असूल उपर नभएमा तपाई ऋणी तथा ब्यक्तिगत जमानी दिने समेतको अन्य चल/अचल सम्पत्तिबाट वा ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी वा अन्य प्रचलित कानून वमोजिम कारबाही गरी फाइनान्सले आफ्नो लेना रकम असूल उपर गरिनुका साथै तपाई ऋणी तथा ब्यक्तिगत जमानी दिने समेतलाई नेपाल राष्ट्र बैंकको निर्देशन वमोजिम कर्जा सूचना केन्द्र लि.को कालोसूचीमा सूचीकृत गर्न सिफारिश गरी पठाईने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराइन्छ।

तपसिल

शाखा कार्यालयः चारआली, झापा

ऋणीको विवरण	धितोको विवरण	ब्यक्तिगत धन जमानी दिनेको विवरण	
नामः अस्मि पोखेल ठेगानाः चन्द्रगढी-३, झापा बुवाः भानुभक्त पोखेल श्रीमान्ः दिपेन्द्र भट्टराई कर्जा शिर्षकः ब्यक्तिगत कर्जा	अस्मि पोखेलको नाममा दर्ता रहेको झापा जिल्ला, चन्द्रगढी वडा नं. ३ स्थित कित्ता नं १८३३ को क्षेत्रफल ०-०-१५ (बि-क-धु) को घर जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।	**दिपेन्द्र भट्टराई** ठेगानाः फिक्कल-०८, इलाम बुवाः झगल प्रसाद भट्टराई बाजेः खडानन्द भट्टराई	**खगेन्द्र ढुंगाना** ठेगानाः दुवागडी-८, झापा बुवाः दिपक ढुंगाना बाजेः विश्वनाथ ढुंगाना

RELIANCE FINANCE LIMITED
रिलायन्स फाइनान्स लिमिटेड

Head Office: Reliance Bhawan, Kamaladi, Kathmandu
Tel: +977-1-5361104, 5323117, 5361041, 5361167
Email: info@reliancenepal.com.np
Web: www.reliancenepal.com.np

वित्तीय सेवाको अर्को परिभाषा

राधे-कृष्ण बचत तथा ऋण सहकारी संस्था लिमिटेड
का.म.पा-१६, बनस्थली काठमाडौं

ऋण चुक्ता गर्न आउने बारे ३५ दिने अत्यन्त जरूरी सूचना

प्रथम पटक प्रकाशित मिति २०८० मंसिर १४ गते बिहिबार

यस सहकारी संस्थाबाट तपसिलमा उल्लेखित ऋणीले विविध प्रयोजनमा जग्गा खरिद तथा घर निर्माण ऋण शिर्षक अन्तर्गत लिएको ऋणको लागि यस सहकारीसँग गरिएको सम्झौता बमोजिम समय समयमा तिर्नु/बुझाउनु पर्ने साँवा, ब्याज, हर्जाना लगायत अन्य दस्तुर आदी नतिरी नबुझाई ऋण सम्बन्धी सर्त, बन्देजहरु उल्लंघन गर्नु भएकोले सहकारीको सम्पूर्ण लेना रकम चुक्ता गर्न पटक पटक मौखिक तथा लिखित रुपमा तर-ताकेता गर्दा समेत ऋण चुक्ता गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गर्नु भएकोले ऋण चुक्ता गर्न आउनु भनी ३५ दिने सूचना प्रकाशित गरिएको छ।
यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस संस्थामा सम्पर्क राखी लिएको ऋणको साँवा, ब्याज, हर्जाना लगायत अन्य दस्तुर समेत चुक्ता गर्नुहोला, अन्यथा नियमानुसार भैजाने व्यहोरा समेत जानकारी गराइन्छ।

तपसिल

क्र. स	ऋणी र धितोको विवरण	फोटो	धनजमानि कर्ताको विवरण	फोटो
१.	श्री बुद्ध बज्र बज्राचार्यको नाती श्री पूर्ण बज्र बज्राचार्य छोरा काठमाण्डौं जिल्ला का.म.पा. वडा नं.२७ मा स्थायी ठेगाना भई हाल काठमाण्डौ जिल्ला नागार्जुन न.पा-१ बस्ने नागरिकता प्रमाण-पत्र नं ३५४७३/२९९१२ मिति २०५४।०८।१२ जि.प्र.का. काठमाण्डौं, वर्ष ४५ का श्री सुशिल बज्राचार्यको नाममा मालपोत कार्यालय कलंकी, काठमाण्डौंमा एकलौटी दर्ता श्रेष्ता कायम रहेको साविक इचंगुनारायण ९, हाल नागार्जुन न.पा. वडा नं. १, नक्सा सिट नं.१०२१०२२०४, कित्ता नं. १९६, क्षे.फ. ७९.४७ ब.मि जग्गा र सो मा बनेको घर साथै उक्त जग्गाले चर्चेको सम्पुर्ण लिगलगापात समेत।		नाम : श्री रजनी श्रेष्ठ ना.प्र.नं. : ६८५२ जारी मिति : २०५९/१०/१० जि.प्र.का : काठमाडौं पति : श्री सुशिल बज्राचार्य ससुरा : श्री पूर्ण बज्र बज्राचार्य ठेगाना : काठमाडौं जिल्ला नागार्जुन न.पा-१	

NIBL MUTUAL FUND

एनआईबिएल म्युचुअल फण्ड
अन्तर्गत सञ्चालित
एनआईबिएल ग्रोथ फण्ड
(नेपाल धितोपत्र बोर्डबाट २०७९/०८/१८ मा योजना संचालन अनुमति प्राप्त)

२०८० कार्तिक मसान्तको अपरिष्कृत वित्तीय विवरण

खुद सम्पत्ति मूल्य सम्बन्धी विवरण

क्र.सं.	विवरण	२०८० कार्तिक मसान्त रकम (रु.) मूल्य (रु)	२०८० आश्विन मसान्त रकम (रु.) मूल्य (रु)
	धितोपत्रमा लगानी		
१	सूचीकृत शेयर	६४५,७२२,४३०	६३०,७५२,३१७
२	बैंक मुद्दती निक्षेप	१९८,०००,०००	१९८,०००,०००
३	ऋणपत्र /बन्ड	७३,३०४,०००	६८,३०४,०००
४	सार्वजनिक निष्काशन/हकप्रद शेयर/बोनस शेयर/अन्य सूचीकृत नभएको	१४७,४६९,१७५	१५०,९६२,३०८
	जम्मा	१,०६४,४९५,६०५	१,०४८,०१८,६२५
	चालु सम्पत्ति		
१	बैंक मौज्दात	२१६,१७३,५५०	२३५,६००,८८९
२	अन्य सम्पत्ति	७,००४,७९३	८,५४१,२८८
	जम्मा	२२३,१७८,३४३	२४४,१४२,१७७
	चालु दायित्व		
१	अन्य दायित्व	५,९६०,०३५	२४१,२४१
	जम्मा	५,९६०,०३५	२४१,२४१
	खुद सम्पत्ति (ग्रस)	१,२८१,७१३,९१३	१,२९१,९१९,५६१
	योजना व्यवस्थापक तथा डिपोजिटरी शुल्क	१,७९०,८८८	५,७५२,०२०
	कोष सुपरिवेक्षक शुल्क	१२६,४१६	४०६,०२५
	खुद सम्पत्ति	१,२७९,७९६,६०९	१,२८५,७६१,५१६
	जम्मा इकाई	१३,२०,००,०००	१३२,०००,०००
	प्रति इकाई खुद मूल्य	९.७०	९.७४

आय व्यय विवरण

क्र.सं.	विवरण	२०८० कार्तिक मसान्त रकम (रु)	२०८० आश्विन मसान्त रकम (रु)
१	प्राप्त भइ सकेको आम्दानी	३२,६९४,१३९	२८,४४७,२३०
२	प्राप्त भइ नसकेको आम्दानी	(९६,२६३,६७०)	(८८,०१८,०३८)
	जम्मा आम्दानी	(६३,५६९,५३१)	(५९,५७०,८०८)
१	प्रकाशन, सुचिकरण तथा अन्य खर्च	१६५,१७०.४८	१२५,५७८
२	योजना लेखापरीक्षण शुल्क	३८,०८०	२८,७९२
३	योजना व्यवस्थापक तथा डिपोजिटरी शुल्क	७५४२,९०८	५,७५२,०२०
४	कोष सुपरिवेक्षक शुल्क	५३२,४४१	४०६,०२५
	जम्मा खर्च	८,२७८,५९९	६,३१२,४१५
	कुल आय / (व्यय)	(७१,८४८,१३०)	(६५,८८३,२२३)

नोटः - सामूहिक लगानी कोष नियमावली, २०६७ तथा सामूहिक लगानी कोष निर्देशिका, २०६९ को अधिनमा रही योजना व्यवस्थापकले अवलम्वन गरेको मूल्यांकन नीति वमोजिम योजनाको लगानी मूल्यांकन गरिएको छ।
- योजनाको २०८० कार्तिक मसान्त सम्मको सूचिकृत तथा सूचीकृत नभएका सेयर, डिबेन्चर तथा मुद्दती निक्षेपमा भएको लगानीको परल मूल्य (धितोपत्र दलाल कमिशन समेत) रु. १,१५८,३४५,१५१ रहेको छ।

सूचिकृत धितोपत्रमा भएको लगानी विवरण

	धितोपत्र	संख्या	मुल्यांकन रकम
	बाणिज्य बैंक समूह		
१	प्रभु बैंक लिमिटेड	७०,८५३	१०,९११,३६२
२	नेपाल बैंक लिमिटेड	५१,८८५	१२,५७६,९२४
३	सिद्धार्थ बैंक लिमिटेड	४६,३७०	१०,७५७,८४०
४	प्राइम कमसियल बैंक लिमिटेड	११५,९९५	२१,७९५,४६१
५	एनएमबि बैंक लिमिटेड	८८,२६८	१८,१०३,७६७
६	एनआइसि एसिया बैंक लिमिटेड	६८,५१८	३४,२११,०३७
७	हिमालयन बैंक लिमिटेड	२०,६१०	४,०८४,९०२
८	कुमारी बैंक लिमिटेड	५०,५८६	७,६७३,८९६
९	नबिल बैंक लिमिटेड	३२,६०२	१८,५५७,०५८
१०	सानिमा बैंक लिमिटेड	२१,३३९	५,०२५,३३५
११	लक्ष्मी सनराईज बैंक लिमिटेड	६४,७३९	११,३८७,५९०
१२	कुमारी बैंक लिमिटेड (संस्थापक सेयर)	२५,०००	२,७५०,०००
	विकास बैंक समूह		
१	गरिमा बिकास बैंक लिमिटेड	१००,०४०	३६,२१४,४८०
२	शाइन रेसङ्गा डेभलपमेन्ट बैंक लिमिटेड	७१,७६४	२६,०६४,६८५
३	लुम्बिनी बिकास बैंक लिमिटेड	४७,८२३	१७,८८५,८०२
४	मुक्तिनाथ बिकास बैंक लिमिटेड	८४,६३४	३१,९१५,४८१
५	मितेरी डेभलपमेन्ट बैंक लिमिटेड	२७,६३७	१०,७७८,४३०
६	कामना सेवा बिकास बैंक लिमिटेड	३२,४५०	९,४२६,७२५
७	ज्योती बिकास बैंक लिमिटेड	३२,२७७	८,९०८,४५२
	फाइनान्स समूह		
१	मन्जुश्री फाइनान्स लिमिटेड	३७,८१४	११,१३३,८८४
२	आइ.सि.एफ.सि फाइनान्स लिमिटेड	१५,०००	६,४५०,०००
३	गुडविल फाइनान्स लिमिटेड	३१,४८६	१२,०२७,६५२
४	रिलायन्स फाइनान्स लिमिटेड	२८,५१२	८,४९३,७२५
	लघुवित्त समूह		
१	फर्स्ट माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेड	२०,६७१	१२,६२९,९८१
२	छिमेक लघुवित्त वित्तिय संस्था लिमिटेड	१६,०४५	१४,४४८,१५०
३	निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड	८,७७२	५,००८,८१२
४	फरवार्ड लघुवित्त वित्तीय संस्था लिमिटेड	१०,६१०	१२,८३२,७९५
५	डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेड	१०,२२६	७,१९९,१०४
६	साना किसान लघुवित्त वित्तीय संस्था लिमिटेड	५,६६४	४,९२७,६८०
	जलविद्युत् समूह		
१	साहस उर्जा लिमिटेड	२८,२८९	११,६८३,३५७
२	अपि पावर लिमिटेड	४२,०६०	७,०६६,०८०
३	अरुण काबेली पावर लिमिटेड	६२,०५४	१०,२३८,९१०
४	डादी ग्रुप पावर लिमिटेड	१०,१२७	१,९९५,०१९
५	मिड सोलु हाईड्रोपावर लिमिटेड	५७६	१८७,८३४
६	माथिल्लो मैलुन खोला लिमिटेड	१,१५४	१६१,०६४
	सामूहिक लगानी कोष समूह		
१	सनराइज फोकस्ड ईक्वीटी फण्ड	२,५००,०००	१८,९२५,०००
२	प्रभु स्मार्ट फण्ड	१,०००,०००	७,६६०,०००
३	आरबिबि म्युचुअल फण्ड २	१,०००,०००	७,३२०,०००
४	सिटिजन म्युचुअल फण्ड २	१४४,३३७	९९५,९२५
५	सिद्धार्थ इन्भेष्टमेन्ट ग्रोथ स्कीम-३	३३०,०००	३,३००,०००
६	सिटिजन्स सुपर ३० म्युचुअल फण्ड	५००,०००	३,९०५,०००
७	लक्ष्मी भ्यालु फण्ड २	४००,०००	२,८९२,०००
८	एनआईसी एसिया ग्रोथ फण्ड	१४६,०४६	१,२४२,८५१
९	एनआईसी एसिया फ्लेक्सी क्याप फण्ड	२००	१,५४०
	निर्जीवन बीमा समूह		
१	राष्ट्रिय बीमा कम्पनी लिमिटेड	४४०	५,८१२,४००
२	शिखर इन्स्योरेन्स कम्पनी लिमिटेड	६३९	४६२,५०८
३	नेको इन्स्योरेन्स कम्पनी लिमिटेड	२०,११४	१६,७१०,२८६
४	हिमालयन एभरेष्ट इन्स्योरेन्स लिमिटेड	२९,६८०	१४,२४६,४००
५	आइजीआई प्रुडेन्सियल इन्स्योरेन्स कम्पनी लिमिटेड	४१,५६०	१८,१०१,८००
६	प्रभु इन्स्योरेन्स लिमिटेड	२१,०३३	१३,६७१,४५०
	जीवन बीमा समूह		
१	हिमालयन लाइफ इन्स्योरेन्स लिमिटेड	३०,७२५	११,७०६,२२५
२	सूर्यज्योति लाइफ इन्स्योरेन्स लिमिटेड	३०,१२८	१४,०९९,९०४
३	एसियन लाईफ इन्स्योरेन्स कं लिमिटेड	१८,०५४	१०,६८७,९६८
	होटल समूह		
१	सोल्टी होटल लिमिटेड	३०,९७५	१३,००९,५००
२	तारागाउँ रिजेन्सी होटल लिमिटेड	२३,०००	१७,००८,५००
	लगानी समूह		
१	नागरिक लगानी कोष	५,६१२	१०,७२३,९७१
	उत्पादन तथा प्रशोधन समूह		
१	हिमालयन डिष्टिलरी लिमिटेड	२२	४१,०९६
२	शिवम सिमेन्ट लिमिटेड	३२,२२३	१५,९८२,६०८
३	सोनापुर मिनरल्स एण्ड आयल लिमिटेड	११,१३६	२,८८४,२२४
	कूल		६४५,७२२,४३०

कोष प्रवर्द्धकः NIMB नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लि. केन्द्रिय कार्यालय, दरबारमार्ग, काठमाण्डौ। फोन नं : ४२२८२२९, फ्याक्स नं : ४२२६३४९, ४२२८९२७ इमेलः info@nimb.com.np वेबसाइट : www.nimb.com.np

योजना व्यवस्थापक NIMB ACE CAPITAL LIMITED एनआइएमबि एस क्यापिटल लिमिटेड पो.ब.नं. २३२२४, लाजिम्पाट, काठमाडौं, नेपाल फोन नं. ४४२५२८०, फ्याक्स: ४००७०८४ E-mail: info@nimbacecapital.com, Website: www.nimbacecapital.com

सरुवाको सकसमा कर्मचारी

कर्मचारीतन्त्रलाई चलायमान बनाउने महत्त्वपूर्ण औजार मानिने सरुवा व्यवस्थापन उपयुक्त प्रणालीको अभावका कारण मुर्च्छित अवस्थामा रहेको छ



● हरि शर्मा

अग्रलेख

राज्यको चौथो बाहु तथा स्थायी सरकारका नामले परिचित कर्मचारीतन्त्र नेपालका सन्दर्भमा राम्रो काम गर्न नसकेको भनेर सधैं आलोचनाको सिकार हुने गरेको छ। सरकारी कर्मचारी आफूलाई मालिकजस्तो ठान्छन्, काम गर्दैनन्, अल्छी छन्, जिम्मेवारी पन्छाउँछन्, समयमै निर्णय गर्दैनन्, परिवर्तनका बाधक छन् जस्ता भाष्य यति जबर्जस्त किसिमले सिर्जना गरिएका छन् कि यसलाई चिर्न लामै समय लाग्ने देखिन्छ। केही अपवादलाई छोड्ने हो भने कर्मचारीले कामै गर्दैनन् भन्नु अधिकांश काम गर्न खोज्ने तर अवसर नपाउने कर्मचारीका लागि ठूलो अन्याय हुन्छ। अन्य मुलुकका तुलनामा निकै कम तलब सुविधा र कम प्रोत्साहनका बाबजुद देशका कुनाकुनामा गएर सेवा प्रवाहमा होमिएका कर्मचारीको वास्तविक जीवन र पेसागत जिम्मेवारीमा देखिएका अड्चनबारे बुझ्ने कोसिस गर्ने हो भने उनीहरूले जति र जसरी काम गरिरहेका छन्, त्यो यति धेरै आलोचना खेप्नुपर्ने विषय होइन। अझ कर्मचारीतन्त्रभित्रका अधिकांश कर्मचारी सरुवाका कारण कति धेरै मारमा परेका छन् भन्ने बुझ्ने हो भने त 'उनीहरू के उत्साहले काम गरिरहेका होलान् ?' भन्ने भावना नउब्जिने सायदै कोही होला। सरुवाको जाँतोमा पिसिएका कर्मचारी 'यो जुनी राम्रो सरुवा व्यवस्थापन नदेखेरै जाने भो' भन्दै उत्साह मरेको अवस्थामा काम गरिरहेका छन्। कर्मचारीतन्त्रलाई चलायमान बनाउने महत्त्वपूर्ण औजार मानिने सरुवा व्यवस्थापन उपयुक्त प्रणालीको अभावका कारण मुर्छित अवस्थामा रहेको देखिन्छ।

सरुवा व्यवस्थापन कर्मचारीतन्त्रभित्रको मानव पुँजीलाई देशको आवश्यकतानुसार परिचालन गरेर राजनीतिले लिएका समृद्धिका योजनालाई मूर्तरूप दिने महत्त्वपूर्ण औजार हो। यसले कर्मचारीको सीप र क्षमताको सही प्रयोग हुने सुनिश्चतता गर्छ। यसले 'नलेज सेयर' अर्थात् ज्ञान साझेदारी गर्ने अवसर दिने, कार्यसम्पादनमा उत्साह भर्ने, कर्मचारीतन्त्रलाई सांस्कृतिक रूपमा सक्षम बनाई परिचालन गर्ने, विविधता व्यवस्थापन गर्ने, कामप्रति उत्तरदायित्व बहन गर्ने वातावरण सिर्जना गर्ने र सबैभन्दा बढी कर्मचारीमा सन्तुष्टिको विकासमा महत्त्वपूर्ण भूमिका खेल्ने गर्छ। संगठनलाई चलायमान बनाउने सरुवा व्यवस्थापन नेपालको सन्दर्भमा भनसुन, नातावाद, कृपावाद तथा राजनीतिक चलखेलको सिकार बन्न पुगेको छ। यो नै यसको विडम्बना हो।

सरकारी जागिर खाई देश र जनताको सेवा गर्नका लागि जुन उत्साहसाथ परीक्षार्थीले लोकसेवा आयोगको परीक्षा दिन्छन्, त्यो उत्साह सरकारी सेवामा प्रवेश गरेको एकाध वर्षमै सरुवा व्यवस्थापनका कारण ओइलाउन थाल्छ। विश्व परिवेशमा हेर्दा सरुवाका विषयमा विभिन्न नवप्रवर्तन गरी संगठनको उद्देश्य सकेसम्म छिटो हासिल गर्ने औजारका रूपमा यसलाई लिइएको हुन्छ।

सरुवालाई सरकारको कार्यकुशलताको रक्तसञ्चारका रूपमा पनि लिइन्छ, किनकि यसले सही मान्छेलाई सही समयमा सही स्थानमा लैजाने व्यवस्था गर्छ। तर, हाम्रो परिवेशमा संगठनको उद्देश्य हासिल गर्नेभन्दा पनि व्यक्तिगत अभीष्ट हासिल गर्ने औजारका रूपमा सरुवा बदनाम हुन पुगेको छ। रातदिन काममा खटिइरहने इमानदार कर्मचारी सधैं ओझेलमा पर्ने, तर कामभन्दा पनि पहुँचका लागि खटिने कर्मचारी अवसरका हिसाबले सधैं अग्रस्थानमा पर्ने देशको माहोलले अधिकांश कर्मचारीको मनोबल गिर्दो अवस्थामा छ। कर्मचारीलाई अफिसको कामको भन्दा पनि बढी 'अब मेरो सरुवा कहाँ हुने हो ?' भन्ने पिरलोले अनवरत सताइरहेको हुन्छ। यसरी कर्मचारीमा सरुवाकेन्द्रित चासो मात्र प्रधान रहने प्रतिकूल परिस्थिति सिर्जना गरी हामी कस्तो प्रणालीको सपना देखिरहेका छौं, गहन प्रश्न तेर्सिएको छ। यस प्रश्नको जवाफ नखोजी कर्मचारीमा ऊर्जा भर्न सकिन्न। तर, यसबारे सोच्ने फुर्सद कसैमा छैन।

सरुवाका लागि अब आउने संघीय निजामती सेवा ऐनले केही राम्रो व्यवस्था गर्छ कि भनेर सबैले चासोसाथ हेरिरहेका छन्। पक्कै पनि अब आउने संघीय निजामती सेवा ऐन कर्मचारीको सरुवा व्यवस्थित गर्ने कोसेढुंगाका रूपमा आउनु जरुरी छ किनकि यो अब तीनै तहको प्रशासनिक व्यवस्थालाई दिशानिर्देश गर्ने ऐनका रूपमा रहनेछ। संविधान निर्माण भएको आठ वर्षसम्म पनि आउन नसकेको यो ऐनको विषयमा पुनः अहिले बहस चलिरहेका कारण यो बहसमा सरुवा व्यवस्थापनको विषयसमेत प्रखरतासाथ उठ्न जरुरी छ।

हुन त हाल कार्यान्वयनमा रहेको निजामती सेवा ऐनले पनि सरुवाका विषयमा विविध प्रबन्ध गरेको छ। विषयगत मन्त्रालय तथा विभागकेन्द्रित सरुवाका मापदण्ड र कार्यविधि नबनेका पनि होइनन्। तर, मापदण्ड र कार्यविधिले निर्देश गरेको बाटो एकातिर र सरुवा अर्कोतिर हुँदा अधिकांश कर्मचारीमा निराशा छाएको देखिन्छ। यदि कार्यविधिमा केही कमी-कमजोरी छ भने त्यसलाई अझ उन्नत बनाउने हो, एउटा कार्यविधिको विकल्प अर्को कार्यविधि हुन सक्छ, तर कार्यविधिको विकल्पमा दबाब, प्रभाव वा भनसुनलाई अघि सार्ने प्रवृत्तिलाई निरन्तरता दिने बाटामै हामी गयौं भने यसले निकै डरलाग्दो प्रशासनिक संस्कृतिको सिर्जना गर्नेछ। यो एक-अर्कालाई दोष दिनेभन्दा पनि हामीले पाएको



जिम्मेवारीलाई खरोसाथ निर्वाह गर्ने पाटोसँग जोडिएको छ। विशेषतः विद्यमान प्रशासनिक तथा राजनीतिक नेतृत्वले सरुवाको पद्धतिलाई व्यवस्थित गर्ने पाटोतर्फ गम्भीर भई लाग्ने हो भने यसले सकारात्मक नतिजा दिने थियो र सधैं सरुवाकै पिरलोले सताइरहने कर्मचारीलाई कार्यालयको कार्यसम्पादन गर्दा थप उत्साह मिल्ने थियो। अनि, वर्तमानमा जो नेतृत्वमा हुन्छ, उसैप्रति नै पद्धति निर्माणको गम्भीर अभिभारा तेर्सिइरहेको हुन्छ।

सरुवालाई व्यवस्थित गराउन केही आधारभूत प्रश्नको जवाफ खोज्नु जरुरी छ। हाम्रो सरुवा नीति के हो ? जुनसुकै मन्त्रालयको कर्मचारी जुनसुकै वेला जहाँ पनि सरुवा गर्न सकिने परिपाटी ठीक हो त ? विश्व परिवेशमा सरुवा, बढुवाका लागि अनलाइन प्लेटफार्म प्रयोग भइरहेका वेला यसप्रति हाम्रो चासो कहिले आउने हो ? कुनै कर्मचारी कुनै ठाउँमा सरुवा भएको कति अवधिसम्म त्यहाँ रहनुपर्ने हो ? कार्यसम्पादनमा अब्बल रहने कर्मचारीलाई पुरस्कृत गर्ने गरी सरुवाको परिपाटी विकास गर्न सकिन्छ कि सकिन्न ? अनि कार्यसम्पादनमा कमजोर कर्मचारीको हकमा कस्तो व्यवस्था गर्न सकिन्छ ? कर्मचारीको पारिवारिक जिम्मेवारी पनि हुन्छ भन्ने बुझेर कम्तीमा एक कार्यकाल पछाडिको सरुवा थाहा पाउन सकिने पद्धति निर्माण गर्न हामी सक्छौं कि सक्दैनौं ? सरुवाको कार्यविधि बनिसकेपछि त्यसको कार्यान्वयन गर्न तथा निरन्तरता दिन हामी प्रतिबद्ध छौं कि छैनौं ? यदि यी प्रश्नको उत्तर व्यक्ति होइन, संगठन प्रधान रहने किसिमले दिन सकियो भने सरुवाको पद्धति निर्माण गर्ने दिशातर्फ महत्त्वपूर्ण फड्को साबित हुन सक्छ।

> कर्मचारीमा सरुवाकेन्द्रित चासो मात्र प्रधान रहने प्रतिकूल परिस्थिति सिर्जना गरी हामी कस्तो प्रणालीको सपना देखिरहेका छौं ? यस प्रश्नको जवाफ नखोजी कर्मचारीमा ऊर्जा भर्न सकिन्न।

नेपालमा सरुवामा देखिएको बेथिति समाधानका लागि कर्मचारी प्रशासनको केन्द्रीय निकायका रूपमा रहेको संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले सबै सरोकारवालासँगको समन्वय तथा सुझाबसमेतका आधारमा सरुवासम्बन्धी कार्यविधि तयार गरी सोका आधारमा सबै कर्मचारीको अद्यावधिक विवरणसहित सरुवाकेन्द्रित सरुवा व्यवस्थापन प्रणाली सफ्टवेयर निर्माण गरी कार्यान्वयन गर्नु जरुरी छ। सो सफ्टवेयरलाई राष्ट्रिय किताबखाना निजामतीको सफ्टवेयरसँग समेत आबद्ध गरी सबै कर्मचारीको योग्यता, विशेष क्षमता, अनुभव, ज्येष्ठतालगायत विषयमा डाटा प्रोसेसिङ हुने गरी कर्मचारीको प्राथमिकता निर्धारण गर्ने व्यवस्था गर्नुपर्छ। सफ्टवेयरलाई कर्मचारीको व्यक्तिगत विवरणसहित संगठनको दरबन्दी संरचना, कर्मचारी कार्यरत रहेको अवधि तथा रिक्त दरबन्दीको डाटासमेत निकाल्न, विश्लेषण गर्न तथा प्रतिवेदन निकाल्न सक्ने गरी विकास गर्नु जरुरी छ। निश्चित अवधि पुगेपछि प्रणालीले नै सरुवा गर्नुपर्ने कर्मचारी र रिक्त स्थानबारे अवगत गराउने व्यवस्था गर्नुपर्छ, जसले गर्दा दबाब र प्रभावका आधारमा अवधि नपुग्दै सरुवा गर्ने अभ्यास निरुत्साहित हुन पुग्छ। साथै 'राइट पर्सन इन राइट प्लेस' कायम गर्न तथा व्यक्तिगत चाहनाका विषयलाई समेत सम्बोधन गर्न अनलाइन प्रणालीबाटै सरुवाको निवेदन लिने व्यवस्था गर्नुपर्छ।

यसैगरी विषयगत मन्त्रालय तथा विभागको कार्यसम्पादन स्तरलाई उकास्नसमेत सरुवा व्यवस्था प्रभावकारी हुनु जरुरी छ। यसका लागि मन्त्रालय तथा विभागस्तरीय सरुवा मापदण्ड तयार गरी त्यसलाई कार्यान्वयनमा ल्याउनुपर्छ। साथै, प्रदेश र स्थानीय तहको सरुवासमेत प्रणालीकै आधारमा हुने गरी व्यवस्था गर्नु जरुरी छ। सरुवाका लागि जति विशिष्टीकृत कार्यविधि, मापदण्ड वा कार्यविधि ल्याउन सकिन्छ, त्यति नै सरुवाका नाममा खेल्ने ठाउँ कम हुन्छ।

सरुवा प्रणाली यस्तो किसिमले विकास हुन सकोस् कि कुनै कर्मचारीको कुनै स्थानमा सरुवा हुँदा नेतृत्वमा 'तिम्रो सरुवामा मेरो हात छ' भन्ने अहं होइन, 'संगठनात्मक उद्देश्य हासिल गर्न मैले प्रणालीमैत्री सरुवा गर्न सकैं' भन्ने सन्तुष्टिको भावना जागृत हुन सकोस्। अनि कर्मचारीलाई आफ्नो सरुवाका लागि विभाग, मन्त्रालय र नेताको पछि धाउनुपर्ने नियतिको अन्त्य हुन सकोस्।

संयुक्त राज्य अमेरिकामा संघीय सरकार तथा राज्य सरकारले डिजिटल प्लेटफर्म तथा डाटा एनालिटिक्सको प्रयोग गरी कामको मागअनुरूप कर्मचारीको सीप र क्षमतालाई मिलान गर्छन्, जसले गर्दा सही मान्छेलाई सही ठाउँमा पठाउन सकियोस्। छोटो समयमा निकै अब्बल कर्मचारीतन्त्र निर्माण गर्न सकेको सिंगापुरले सरुवा प्रणालीमा निकै राम्रोसँग नवप्रवर्तन गरेको छ, जहाँ 'सिभिल सर्भिस मोबिलिटी स्किम' अन्तर्गत डिजिटल प्रणाली तथा प्रविधि प्रयोग गरी योग्यता तथा कार्यसम्पादनलाई प्राथमिकता दिने गरी सरुवा प्रणाली व्यवस्थित गरिएको छ। विकसित देशका उदाहरणले के भन्छन् भने सरुवा कसैको निगाहले होइन, कर्मचारीको कार्यसम्पादन, योग्यता तथा संगठनको आवश्यकताका आधारमा हुने गर्छ।

अहिलेको समयमा भनेको काम गरेनन् भनेर सरकारी कर्मचारीलाई गाली गर्नुभन्दा पनि पद्धति निर्माणका लागि माहोल बनाउने समय हो। आदेश र निर्देशनभन्दा पनि पद्धतिले काम नगरी नहुने वातावरण निर्माणमा हाम्रो जोड हुनुपर्छ। कर्मचारीतन्त्रलाई भुत्ते बनाइरहेको अहिलेको सरुवा शैलीलाई उपयुक्त पद्धतिमा रूपान्तरण गर्ने गरी सरोकारवाला निकायबीच सार्थक बहस हुन सकेको छैन। सधैं देश विकासका लागि चिन्तित बुद्धिजीवीवर्गले समेत सरुवा व्यवस्थापनमा पद्धतिगत हस्तक्षेप हुने गरी दबाब सिर्जना गर्न सकेको देखिँदैन। यसरी हेर्दा सरुवा व्यवस्थापन सबैको उपेक्षामा परेको देखिन्छ।

सरुवालाई अझै पनि पद्धतिविहीन बाटोमा हिँडाइराख्ने या यसलाई राष्ट्रनिर्माणको औजारका रूपमा विकास गर्ने भन्ने छनोट अब हाम्रै हातमा छ। यदि अहिले पनि हामीले सरुवालाई व्यवस्थित गर्न सकेनौं भने राजनीतिका जतिसुकै ठूला सपना, योजना र नीति भए पनि तिनले मूर्तरूप लिन सक्दैनन्, किनकि नीति र योजनाको व्यावहारिक कार्यान्वयन राजनीतिले होइन, कर्मचारीतन्त्रले गर्ने हो। अनि मुर्झाएको कर्मचारीतन्त्र लतारिन मात्र सक्छ, सक्रियतासाथ अघि बढ्न सक्दैन।

(शर्मा नेपाल सरकारका उपसचिव हुन्)

@hsharmapoudel

३ प्रश्न

गृह मन्त्रालयका प्रवक्ता **नारायणप्रसाद भट्टराई**लाई



प्रदेश सरकारले बारम्बार दबाब दिँदा पनि किन प्रहरी समायोजन सुरु हुन सकेन ?

दुई-तीन कारणले प्रहरी समायोजनमा अपेक्षाभन्दा ढिलाइ भएको हो। प्रहरी समायोजन ऐन, २०७६ मै आए पनि त्यसको नियमावली अझै बनेको छैन। त्यसमा हामीले काम गरिरहेका छौं। अर्कातर्फ समायोजनअघि स्थानीय प्रशासन ऐनसँग पनि तालमेल मिलाउनुपर्ने हुन्छ। स्थानीय प्रशासनसम्बन्धी नयाँ ऐन बनिसकेको छैन। त्यस्तै, नेपाल प्रहरीको नयाँ ऐनको पनि मस्यौदामा छलफल भइरहेको छ। नीतिगत रूपमा यी काम सकिएलगत्तै प्रहरी समायोजन प्रक्रिया अघि बढ्नेछ। यसमा मन्त्रालयले प्राथमिकतासाथ काम गरिरहेको छ।

समायोजनमा पछिल्ला प्रगति के-के छन्, कुनै कमिटी पनि बनेका छन् कि ?

आन्तरिक रूपमा प्रहरीबाट रिपोर्ट लिने र छलफल गर्ने काम भइरहेका छन्। औपचारिक रूपमा समायोजनका लागि कुनै कमिटी बनेको छैन। मन्त्रालयका महाशाखा र शाखाहरूले नै यसमा तयारीको काम गरिरहेका छन्।

प्रदेशलाई प्रहरी दिँदा संघ कमजोर हुन्छ भन्ने त्रास पनि हो कि ?

हाम्रो उद्देश्य संघ या प्रदेशलाई बलियो बनाउनेभन्दा पनि समग्र मुलुकलाई नै बलियो बनाउने हो। त्यसका लागि संघ र प्रदेशबीच सहकार्य र समन्वय बलियो बनाउनुपर्छ। कानुनको बीचमा ओभरल्यापिङ हटाउनुपर्छ। संघ र प्रदेशको अधिकारका विषयमा संविधान र कानुनले बोलिसकेका छन्। त्यसमै टेकेर हामी अघि बढ्ने हो। कसरी अघि बढ्दा देशलाई बलियो बनाउन सकिन्छ, त्यसमा हामी केन्द्रित छौं।

प्रेरक प्रसंग

क्रोधको ताप

आदि शंकराचार्य र मण्डन मिश्रबीच लगातार १६ दिनसम्म शास्त्रार्थ चल्यो। शास्त्रार्थमा निर्णायकको भूमिकामा थिइन् मण्डन मिश्रकी विदुषी धर्मपत्नी देवी भारती। शास्त्रार्थ चलिरहेको थियो। हारजितको फैसला हुन बाँकी नै थियो। यसैबीच कुनै विशेष अत्यावश्यक कामका कारण केही समयका लागि देवी भारतीलाई बाहिर कतै जानुपर्ने भयो। त्यसैले, बाहिर जानुअघि दुवै विद्वान्को गलामा कोमल फूलको माला लगाइदिँदै उनले भनिन्- हे विद्वान् महाशय, म अत्यावश्यक कामका लागि केही समयका लागि बाहिर जाँदै छु। त्यसैले, मेरो अनुपस्थितिमा तपाईंहरूको हारजितको फैसला यही मालाले गर्नेछ। तपाईंहरू आआफ्नो शास्त्रार्थ जारी राख्न सक्नुहुन्छ। यति भनेर निर्णायक देवी भारती शास्त्रार्थ स्थलबाट बाहिरिइन्। दुवै विद्वान्बीचको शास्त्रार्थ चलिरह्यो। केही समयपछि आफ्नो काम पूरा गरेर भारती फर्किइन्। उनले पालैपालो आदि शंकराचार्य र मण्डन मिश्रलाई हेरिन् र निर्णय सुनाइन्। उनले भनिन्- शास्त्रार्थ सभामा उपस्थित विद्वज्जन, यहाँ चलिरहेको यस शास्त्रार्थमा आदि शंकराचार्य विजयी हुनुभएको छ र मण्डन मिश्र पराजित हुनुभएको छ।

निर्णायक देवी भारतीको अचानकको घोषणाले सबै दर्शक आश्चर्यमा परे- कुनै आधारविनै यी विदुषीले आफ्नै पतिलाई पराजित गर्ने गरी कसरी निर्णय सुनाइदिइन् ? यसैबीच एक विद्वान्ले निर्णायक देवी भारतीसित विनम्रतापूर्वक सोधे- हे देवी ! तपाईं त यो शास्त्रार्थको बीचमै बाहिर जानुभएको थियो। अहिले फर्किनासाथ तपाईंले केका आधारमा कसरी निर्णय सुनाउनुभयो ?

देवी भारतीले मुसुक्क मुस्कुराउँदै जवाफ दिइन्- जब कुनै पनि विद्वान् शास्त्रार्थमा पराजित हुन लाग्छ, जब उसलाई आफ्नो हार निश्चित लाग्न थाल्छ, त्यतिखेर ऊ निकै क्रुद्ध हुन पुग्छ। उसको शरीर क्रोधको तापले भित्रभित्रै जल्न थाल्छ। यहाँ पनि मेरा पतिको माला उहाँको क्रोधको तापबाट सुकिसकेको थियो। जब कि शंकराचार्यजीको माला भने जस्ताको तस्तै थियो। यसैका आधारमा मैले यो निर्णय सुनाएकी हुँ। सबैले ताली बजाएर उनको निर्णयको समर्थन गरे।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

चोरबाटोबाट नजाऊ विदेश

सरकारले कुवेतलगायत खाडी मुलुकमा घरेलु कामदार पठाउन रोक लगाएको भए पनि चोरबाटोबाट नेपाली महिलालाई ती मुलुकमा पठाउने कार्य रोकिएको छैन। तथ्यांक खोज्दै जाने हो भने सम्भवतः यसमा बढोत्तरी भएको हुन सक्छ। यसरी गैरकानुनी बाटोबाट विदेश जाँदा त्यहाँ कुनै अप्ठ्यारोमा परियो भने सरकारी सहयोगी पाउन कठिन हुन्छ। फेरि नेपाल सरकारले दिने अन्य सुविधा र सेवाबाट पनि वञ्चित हुनुपर्ने हुन्छ। त्यसैले, नेपाली युवा, युवतीले कुनै हालतमा पनि यस्ता चोरबाटोबाट सरकारले प्रतिबन्ध लगाएको मुलुकमा जानु हुँदैन। गइसकेपछि समस्यामा फसेर सरकार गुहार्नुभन्दा पहिल्यै सरकारले भनेको मान्नु उचित होइन र ?

● **गौरिका मगर**, चिप्लेढुंगा, पोखरा

रोजगारीका लागि जोखिम नमोलौं

'रुसी सेनामा रहेका तीन नेपालीको मृत्यु' शीर्षकको समाचार पढ्दा दुःख लाग्यो। नेपाल सरकारले रुस-युक्रेन युद्ध सुरु भएसँगै युद्धरत कुनै पनि मुलुकका सेनामा भर्ती नहुन आह्वान गर्दै सार्वजनिक सूचना नै जारी गरेको थियो। तर, सो सूचनालाई बेवास्ता गर्दै युद्धरत राष्ट्रको सेनामा भर्ती हुँदा यसरी तीन नेपाली युवाले अनाहकमा अर्काको मुलुकका लागि ज्यान गुमाउनुपऱ्यो। रोजगारीका नाममा यसरी ज्यानै जान सक्ने स्तरको जोखिम नमोलौं, समयमै सचेत बनौं।

● **सुन्दर विक**
कोहलपुर, बाँके

अनुदान पठाउन आलटाल नगर

भूकम्पबाट प्रभावित रुकुम पश्चिममा अस्थायी आवासका लागि अनुदान निकासा भए पनि जाजरकोटमा अझै अनिश्चित रहेको समाचार पढियो। भूकम्पको केन्द्रबिन्दुसमेत रहेको जाजरकोटमा यसरी अलमल गरिनु भूकम्पपीडितमाथिको चरम बेवास्ता हो। तिनै तहका सरकारले यसरी सामान्य अनुदान निकासामा अलमल गर्नु र पीडितको पीडामा बेवास्ता गर्नुको अर्थ बुझिनसक्नु छ। आफूहरूले कमिसन नपाउने भयले काम गरेको त छैन नि यो अलमलमा ? पीडित चिसोले ज्यान गुमाइरहेको थाहा छ कि छैन सरकार ?

● **सुजन रुपाखेती**
खुसिबु, काठमाडौं

विपिन कहिले फर्किन्छन् सरकार ?

इजरायलबाट हमासले बन्धक बनाएर गाजा लगेका करिब दुई सय बन्धकमध्ये दर्जनौं बन्धक छुटे पनि नेपालका विपिन जोशी आजसम्म छोडिएका छैनन्। विपिन बन्धक अवस्थामा छन् कि छैनन् ? छन् भने कहिले छुट्छन् ? त्यो पनि अहिलेसम्म प्रस्ट हुन सकिएको छैन। विपिन हमासको नियन्त्रणमा भए ढिलोचाँडो छुट्लान् नै। तर, बन्धक बनाइएको समयको सिसिटिभी फुटेज हेर्दा स्वयं विपिनका बुबाआमाले नै यकिनसाथ आफ्नो छोरा चिन्न नसकेको सुनिन्छ।

यहाँनेर प्रश्न उठ्छ, अन्य देशका त्यति धेरै बन्धक छुट्दासमेत किन विपिन छुट्न सकेनन् ? नेपाल सरकारको कूटनीतिक पहल कहाँ पुगेन ? सरकार कहाँ चुक्यो ? अहिलेको यक्ष प्रश्न हो यो। विपिनको सवालमा नेपाल सरकार नराम्रोसँग चुकेको छ। हमास-इजराइल युद्धमा तत्काल हमासविरुद्ध नेपाल सरकारले विज्ञप्ति जारी गर्नुले परिस्थिति बिगारेको हुन सक्छ। आफ्ना बन्धक नछुटाई किन जारी गर्नुपरेको थियो, हमासविरुद्ध विज्ञप्ति ? के यो नेपाल सरकारको गम्भीर कूटनीतिक भूल हो वा होइन ? सरकारले यस प्रश्नको उत्तर दिनुपर्छ जनतालाई। धेरै देशले सो युद्धबारे कुनै धारणा दिएनन्। हमासलाई चिढ्याएनन्। जसले गर्दा आज उनीहरू सहजतासाथ आआफ्नो बन्धक नागरिक छुटाउन सफल भए। जसको पहिलो सफल नमुना हो थाइल्यान्ड। थाइल्यान्ड सरकारले हमासलाई चिढाउने कुनै कार्य नगरेको हुँदा उसका सबै बन्धक छुटिसके। अब हाम्रा विपिन जोशी कहिले छुट्छन् त सरकार ?

● **गोपाल देवकोटा**, जोरपाटी, काठमाडौं
gopaldevkota@gmail.com

देश / विदेश

जलवायु वित्त व्यवस्थापनको प्रश्न

कोप-२८ का अध्यक्षले भनेझैं दक्षिणी गोलार्धका मुलुकमा हरित संक्रमणमा सहयोग गर्न 'पेट्रोस्टेट' अघि सर्नुपर्छ

● बान की मुन
● भाइरा बिकी फ्रिबर्गा
● लौरा चिन्चिला मिरान्दा

दुबईमा राष्ट्रसंघीय जलवायु परिवर्तन सम्मेलन (कोप-२८)लाई सफल बनाउने हो भने सम्मेलनले जलवायु वित्तका मामिलामा तुरुन्तै महत्त्वपूर्ण कदम चाल्नुपर्नेछ। युनाइटेड अरब इमरेट्स (युएई) का सुल्तान एवं यस वर्षका कोपका अध्यक्ष अल जाबेर र डिसेम्बरमा जी-२० को अध्यक्षता गर्ने मुलुक ब्राजिलका राष्ट्रपति लुइज इनासियो लुला डी सिल्भाले दक्षिणी गोलार्धको विकास र जलवायु संकट निवारण एवं अनुकूलनका लागि वार्षिक १० खर्ब डलर रकम जुटाउन एकसाथ काम गर्न आवश्यक छ।

जलवायु वित्तको महत्त्वलाई अल जाबेरले पहिल्यै स्विकारिसकेका छन्। उनले जलवायु वित्तलाई कोप-२८ को एक स्तम्भका रूपमा सूचीकृत गरेका छन्। यसका अतिरिक्त अन्तर्राष्ट्रिय वित्तीय संस्थामा हुनुपर्ने सुधारको पैरवीलाई समर्थन गर्दै उनले 'सबै किसिमको वित्त थप उपलब्ध, पहुँचयोग्य र किफायती हुनुपर्ने' भन्दै सहयोग गर्ने प्रतिबद्धता जनाएका दाता मुलुकलाई रकमको निकासा गर्न आग्रह गरेका छन्।

अबुधाबी नेसनल ओयल कम्पनीका प्रमुख कार्यकारीसमेत रहेका अल जाबेरसँग अहिले अभूतपूर्व अवसर छ। उच्च ऊर्जा मूल्यका कारण लाभ हासिल गरेको युएई, अन्य खाडी मुलुक र नर्वेको नेतृत्व लिँदै जाबेरले निम्न र मध्यम आय भएका राष्ट्र (एलएमआइसिएस) को वित्तीय रिक्तता पुर्ने उपाय सिर्जना गर्नुपर्छ। यी गरिब मुलुकले तेल उत्पादक मुलुकलाई अरबौं डलर तिरिरहेका छन्। र, यसका कारण हालैका समयमा गरिबी पनि अत्यधिक बढेको छ। यसका अतिरिक्त यी मुलुक जीवाश्म इन्धनका कारण हुने वायु प्रदूषणबाट उल्लेख्य रूपमा प्रभावित भइरहेका छन्।

कोप २८ का अध्यक्षले दक्षिणी गोलार्धका मुलुकमा हरित संक्रमणमा सहयोग गर्न पेट्रोस्टेट (जीवाश्म इन्धन उत्पादक मुलुक) मा जीवाश्म इन्धनबाट हुने महत्त्वपूर्ण आम्दानीको एक हिस्सा प्रयोगको प्रस्ताव अघि सार्न आवश्यक छ। धनी राष्ट्रले सन् २००९ मा विकासोन्मुख देशमा जलवायु परिवर्तन संकट निवारण एवं अनुकूलनका लागि वार्षिक एक खर्ब डलर उपलब्ध गराउने आफ्नो प्रतिबद्धता पूरा गर्न नसकेको सन्दर्भमा अहिल्यै कदम चाल्नु अपरिहार्य छ।

इन्टरनेसनल इनर्जी एजेन्सीका कार्यकारी निर्देशक फतिह बिरोलका अनुसार सन् २०२२ मा पेट्रोलियम आम्दानी ४० खर्ब डलरको कीर्तिमानी उचाइमा पुगेको छ, जबकि औसत वार्षिक आम्दानी १५ खर्ब डलर मात्रै हुने गर्थ्यो। यो आँकडा औपचारिक दाताको सन् २०२२ को वैदेशिक अनुदानको २० गुणाले बढी हो। त्यसैगरी, यो आँकडा सबै बहुपक्षीय विकास बैंक (एमडिबी) को कुल बजेटको ३० गुणाले बढी हो र धनी मुलुकको वार्षिक एक खर्ब डलर दिने प्रतिबद्धता (तर अहिलेसम्म निकासा नभएको) भन्दा ४० गुणाले बढी हो।

केही निजी तेल कम्पनीले अकुत नाफा कमाउँदा अतिरिक्त कर तिरिसकेका छन्। तर, विश्वको सबैभन्दा बढी जीवाश्म इन्धन उत्पादन राज्य स्वामित्वका कम्पनीको नियन्त्रणमा छ र पेट्रोस्टेट यसका सबैभन्दा ठूला लाभार्थी हुन्। गत वर्ष ओपेक राष्ट्रले जीवाश्म इन्धन निर्यातबाट आठ खर्ब ८८ अर्ब डलर कमाएका थिए, जबकि सन् २०२१ को यो आम्दानी पाँच खर्ब ७६ अर्ब डलर थियो।

युएईकै इन्धन निर्यातमा भएको आम्दानी सन् २०२१ मा ७६ अर्ब डलरदेखि सन् २०२२ मा एक खर्ब १९ अर्ब डलर पुगेको थियो। कतारको आम्दानी वृद्धि ८७



तस्बिर : रेजा/गेटी इमेजेस

अर्ब डलरदेखि एक खर्ब ३२ अर्ब डलर पुगेको थियो र कुवेतको आम्दानी ६३ अर्ब डलरदेखि ९८ अर्ब डलर पुगेको थियो। इन्धन निर्यातबाट अथाह आम्दानी गरेका मुलुक नर्वे र साउदी अरब हुन्। दुवैको आम्दानी क्रमशः ८७ अर्ब डलरदेखि एक खर्ब ७४ अर्ब र एक खर्ब ९१ अर्ब डलरदेखि तीन खर्ब ११ अर्ब डलर पुगेको थियो। २५ अर्ब डलरको ऐच्छिक लेभीबाट दक्षिणी गोलार्धमा लगानी कार्यक्रम सुरु हुन सक्छ। बहुपक्षीय विकास बैंकले एलएमआइसिएस राष्ट्रलाई विकास र वैश्विक तापमान वृद्धिका चुनौतीलाई सम्बोधन हुने गरी दिइने नयाँ स्रोत साधनका लागि चार गुणा बढी जमानत रकम उपलब्ध गराउनुपर्छ। हालै विभिन्न अन्तर्राष्ट्रिय निकायले यो अवधारणा अनुकूलका विभिन्न प्रतिवेदन जारी गरेका छन्। यी तीन प्रतिवेदनमध्येको अर्थशास्त्री एनके सिंह र पूर्वअमेरिकी अर्थमन्त्री लरेन्स एच समर्सको प्रतिवेदन महत्त्वपूर्ण छ, जहाँ अर्थशास्त्रीद्वयले जमानतको रणनीतिक प्रयोगको पैरवी गरेका थिए।

सिंह-समर्सको विश्व बैंकको वार्षिक खर्चलाई तीन गुणा बनाई तीन सय ९० अर्ब डलर पुऱ्याउनुपर्छ भन्ने प्रस्ताव र बार्बाडोसका प्रधानमन्त्री मिया अमोर मोटलीले दक्षिणी गोलार्धमा अन्तर्राष्ट्रिय मुद्रा कोषको सञ्चितिबाट एक खर्ब डलर रकम झिक्नुपर्छ भन्ने प्रस्तावलाई लागू गर्दा दक्षिणी गोलार्धलाई हरित ऊर्जाका लागि आवश्यक १० खर्ब डलर वार्षिक लगानी परिचालन गर्न सकिन्छ।

यी हस्तक्षेपका प्रयास राष्ट्रसंघका महासचिवको उच्चस्तरीय सल्लाहकार बोर्डको 'ब्रेकथ्रु फर पीपल एन्ड प्लानेट' प्रतिवेदनसँग मिल्दाजुल्दा छन्। प्रतिवेदनले राष्ट्रिय, विश्वव्यापी, सार्वजनिक र निजी क्षेत्रका स्रोतबाट हुने लगानीमा जोड दिन्छ। यसका लागि लुलाले जी २० र ओपेक संयुक्त अनलाइन सत्र आयोजना गर्नुपर्छ, जहाँ पेट्रोस्टेट र ऐतिहासिक उत्सर्जनकर्ता आफूले बहन गर्नुपर्ने कोषका लागि सहमत हुन सकून्। यसले कोप २८ का वार्ता-संवादलाई प्रोत्साहित गर्न सक्छ र विश्वव्यापी जलवायु लक्ष्यतर्फ अग्रसर गराउन सक्छ।

(मुन राष्ट्रसंघका पूर्वमहासचिव, फ्रिबर्गा लात्भियाकी पूर्वराष्ट्रपति र मिरान्दा कोस्टारिकाकी पूर्वराष्ट्रपति हुन्)
प्रोजेक्ट सिन्डिकेटबाट

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

सुरुङमा फसेका ४१ जनाको १७ दिनमा यसरी उद्धार



अन्ततः मंगलबार उद्धारकर्मीहरूले नोभेम्बर १२ देखि उत्तराखण्ड राज्यमा एक सुरुङभित्र फसेका ४१ जना मानिसलाई उद्धार गरे। उद्धारका लागि उच्च प्राविधिक उपकरण मात्र होइन, कानुनको नजरमा अवैध मानिने शिल्प अभ्यास 'र्‍याटमाइनिङ' पनि प्रयोग गरिएको थियो। भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको 'चार धाम तीर्थक्षेत्र' जोड्ने महत्त्वाकांक्षी योजनाको हिस्सा उत्तराखण्डस्थित सिल्क्यारा बेन्ड-बरकोट सुरुङ नोभेम्बर १२ मा भत्किएको थियो। जसका कारण त्यसमा काम गरिरहेका ४१ मजदुर साढे चार किलोमिटरभित्र फसेका थिए।

यसरी जीवित राखिएको थियो कामदार

भत्किएको एक दिनपछि सुरुङमा फसेका मानिससँग सम्पर्क स्थापित भएको थियो। त्यसपछि सुरुङमा फिटिङ गरिएको एक सानो पानीको पाइपमार्पत श्रमिकलाई अक्सिजन, खाना, पानी र औषधि पठाइएको थियो। सञ्चार-सम्पर्कबाट तिनको स्वास्थ्य निगरानी गर्न एक दर्जन चिकित्सक र मनोवैज्ञानिक सुरुङबाहिर तैनाथ गरिएका थिए। यी सबका बाबजुद मजदुर निस्किने आकारको निकास खोल्न भने समय लाग्यो। यसका पछाडि विभिन्न अवरोध कारण थिए।

अनि, यसरी गरियो उद्धार

सुरुमा उत्खनन टोलीले सुरुङ भत्केको ठाउँसम्म पुग्न ठाडो र तेर्सो रूपमा मेसिनले खने। पहिलो ड्रिलिङ मेसिनमा समस्या आएर बिग्रियो र दोस्रो ल्याउनुपर्‍यो। करिब तीनचौथाइ भग्नावशेष ड्रिल गरेपछि दोस्रो मेसिन पनि बिग्रियो। यसपछि, मध्य-भारतका ६ जना खानीमा काम गर्ने व्यक्तिलाई जहाँसम्म दोस्रो मेसिनले खनेको थियो, त्यहाँ पुर्‍याएर 'र्‍याटमाइनिङ' प्रविधिमार्फत हाते ड्रिलमार्फत बाँकी चट्टानमा ड्रिलिङ गर्न लगाइयो। २४ घन्टाभन्दा बढी समय लगाएर उनीहरूले तीन-तीनजनाको दुई टोलीमा काम गरे। एकजनाले ड्रिलिङ गर्ने र दोस्रोले ड्रिलिङको भग्नावशेष संकलन गरेर तेस्रोलाई दिने र उसले त्यसलाई पाइपबाट बाहिर फाल्ने काम गरे। सोमबारबाट सुरु यस प्रक्रियाबाट मंगलबार साँझसम्म उद्धारकर्ता फसेका कामदारकहाँ पुग्न सके। त्यसपछि उद्धारकर्ताले एक-एक गर्दै ९० सेमि (३ फिट) चौडा स्टिलपाइपभित्र स्ट्रेचरमा कामदारलाई राखेर गुडाउँदै बाहिर निकाले।

> भेन्टिलेसन र सुरक्षा उपायको अभावले यस विधि विवादित बन्यो। सन् २०१४ मा वातावरणीय अदालतले यस प्रक्रियालाई प्रतिबन्ध लगाएको थियो। तर, यो अभ्यास ठूलो मात्रामा असंगठित खानी क्षेत्रमा निरन्तर अस्तित्वमा रहेको मानिन्छ।

के हो र्‍याटमाइनिङ प्रविधि ?

र्‍याटमाइनिङ वा र्‍याटहोल माइनिङ (मुसाप्वाल खनन) भनेको हातको सहायतामा साँघुरो सुरुङ खन्ने प्रक्रिया हो। यो प्रविधिमा मुसाले जमिनमा प्वाल पारेजस्तै सुरुङ बनाइन्छ। यो अभ्यास भारतमा मुख्यतया उत्तरपूर्वी राज्य मेघालयमा प्रयोग गरिन्थ्यो। यसमा प्वालहरू सामान्यतया कामदारलाई तल ओर्लने र कोइलाको पातलो पत्रहरू निकाल्न मिल्ने आकारको मात्र ठूला बनाइन्छ। यही कारण बच्चाहरूलाई सामान्यतया यो काममा लगाइन्थ्यो। भेन्टिलेसन र सुरक्षा उपायको अभावले यस विधि विवादित बन्यो। सन् २०१४ मा वातावरणीय अदालतले यस प्रक्रियालाई प्रतिबन्ध लगाएको थियो। तर, यो अभ्यास ठूलो मात्रामा असंगठित खानी क्षेत्रमा निरन्तर अस्तित्वमा रहेको मानिन्छ।

इतिहासमा आज



सन् २०२२ : कृत्रिम बौद्धिकयुक्त च्याटबट 'च्याटजिपिटी'को प्रोटोटाइप आजकै दिन एक वर्षअघि सार्वजनिक भएको थियो। जटिल प्रश्नको पनि मौलिक जवाफ दिने, कविता लेख्न सक्ने र मानवीय संवेदनाको नक्कल गर्ने यस प्रविधिले विश्वलाई आश्चर्यचकित र भयभीत बनाएको थियो।

सन् १७८२ : बेलायत र अमेरिकी वार्ताकारबीच अमेरिकाको स्वतन्त्रता स्विकार्नेसम्बन्धी प्रारम्भिक सम्झौतामा हस्ताक्षर। यस प्रारम्भिक खाकामा अन्तिम सहमति तथा हस्ताक्षर भने एक वर्षपछि सेप्टेम्बरमा पेरिसमा भएको थियो।

सन् १७८६ : हाल इटलीको हिस्सा रहेको तत्कालीन टस्कानिका राज्यका राजा लियोपोल्ड द्वितीयले मृत्युदण्डलाई प्रतिबन्ध लगाउँदै मृत्युदण्डलाई बन्देज लगाउने विश्वको पहिलो राजनेता बने।

सन् १८७२ : विश्वको पहिलो अन्तर्राष्ट्रिय फुटबल खेल स्कटल्यान्ड र इंग्ल्यान्डबीच सम्पन्न भयो। खेल ०-० स्कोरमा बराबरीमा अन्त्य भएको थियो।

सन् १८८६ : पहिलो व्यावसायिक रूपमा सफल एसी विद्युतीय ऊर्जा संयन्त्र न्युयोर्कको बफालोमा खुल्यो।

सन् १९३८ : आजको दिन रोमानीको राज्य कब्जा गर्ने फासीवादी शक्तिको प्रयास असफल भयो।

सन् १९३९ : सोभियत संघले फिनल्यान्ड कब्जा गरेको घोषणा गर्दै राजधानी हेलसिन्कीमा बमबारी सुरु गर्‍यो।

सन् १९५० : अमेरिकी राष्ट्रपति ह्यारी ट्रुम्यानले कोरियाली गृहयुद्धमा आफूविरुद्ध लडिरहेको चीनविरुद्ध आणविक बम प्रयोग गर्ने धम्की दिए।

सन् १९५७ : इन्डोनेसियाका प्रथम राष्ट्रपति सुकार्नोको हत्या प्रयासका क्रममा आठजनाको ज्यान गयो, तर सुकार्नो भने बच्न सफल भए।

सन् १९६१ : बर्माका कूटनीतिज्ञ यु थान्त संयुक्त राष्ट्रसंघका तेस्रो महासचिव चुनिए। सोसँगै यु थान्त सो विश्व संगठनको शीर्ष पदमा पुग्ने पहिलो एसियाली नागरिक भएका थिए।

सन् १९८२ : रिचर्ड एटेनबोरोको निर्देशनमा बनेको महात्मा गान्धीको जीवनमा आधारित चर्चित हलिउड फिल्म 'गान्धी'को नयाँदिल्लीबाट प्रदर्शन सुरु भयो। फिल्मले आठ विधामा ओस्कार पुरस्कार जितेको थियो।

सन् २०१६ : युनेस्कोले बेल्जियन बियरलाई सांस्कृतिक धरोहरको सूचीमा समावेश गर्‍यो।

सन् २०२१ : बेलायतको राजशाहीलाई राष्ट्रप्रमुख मान्दै आएको बारबाडोसले एक समारोहबीच देशलाई गणतन्त्र घोषणा गर्‍यो। सान्ड्रा म्यासन देशकी नयाँ राष्ट्रपति बनिन्।

सरिफले पाए सफाइ

इस्लामाबाद/ पाकिस्तानको एक उच्च अदालतले गत महिना स्वनिर्वासनबाट फर्केका तीनपटकसम्म पाकिस्तानको प्रधानमन्त्री भएका नवाज सरिफविरुद्ध लगाइएको भ्रष्टाचारको अभियोग बुधबार खारेज गरिदिएको छ। आगामी फेब्रुअरीमा हुने चुनाव नजिकिँदै गएको सन्दर्भमा यस फैसलालाई महत्त्वपूर्ण ठानिएको छ।

CareEdge RATINGS NEPAL
केयर रेटिङ्स नेपाल लिमिटेड
का.म.न.पा वडा नं. ३०, काठमाडौं
फोन नं. ४०१२६२८, ४०१२६२९, ४०१२६३०

सातौं वार्षिक साधारणसभा बस्ने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०८०/०७/२४

श्री शेयरधनी महानुभावहरू,
मिति २०८०/०७/०३ गते बसेको यस संस्थाको सञ्चालक समितिको ४९ औं बैठकको निर्णयानुसार संस्थाको सातौं बार्षिक साधारणसभा निम्नलिखित मिति, स्थान र समयमा निम्न विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

१. सभा हुने मिति, स्थान र समय :
मिति : २०८० साल मंसिर २८ गते, बिहिबार (तद्अनुसार १४ डिसेम्बर, २०२३)
स्थान : केयर रेटिङ्स नेपाल लिमिटेड, पाँचौ तल्ला, स्टार मल, पुतलीसडक, काठमाडौं।
समय : दिनको ३:१५ बजे

२. छलफलका विषयहरू :
(क) सामान्य प्रस्तावहरु :
१. अध्यक्षज्यूको मन्तव्यसहित सञ्चालक समितिको प्रतिवेदन २०७९/८० छलफल गरी पारित गर्ने।
२. लेखापरीक्षकको प्रतिवेदन सहित २०८० आषाढ मसान्तको वासलात र सोही मितिमा समाप्त आ.व.२०७९/८० को नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरण उपर छलफल गरी पारित गर्ने।
३. कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व. २०८०/८१ को लागि लेखापरीक्षक नियुक्ति गरी निजको पारिश्रमिक निर्धारण गर्ने।
४. संचालक समितिले प्रस्ताव गरे बमोजिम चुक्ता पूँजीको ८०% का दरले नगद लाभांश (नगद लाभांशमा लाग्ने कर सहित) स्वीकृत गर्ने।
(ख) विविध

सञ्चालक समितिको आज्ञाले
कम्पनी सचिव

कुमारी बैंक लिमिटेड शाखा कार्यालय नयाँ पर्सा, चितवनको धितोमा रहेको सम्पत्ति लिलाम बिक्रीको लागि १५ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मिति २०८०/०८/१४ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेड शाखा कार्यालय नयाँ पर्सा, चितवनबाट तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गरेको हुनाले निज ऋणीहरुलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत निज ऋणीहरुले प्राप्त ऋणकर्जाको बैंकलाई तिर्न बुझाउनु पर्ने ऋणकर्जाको साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान नगरेकाले बैंकलाई कर्जाको सुरक्षण बापत धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा बिक्री गर्न यो १५ दिने लिलाम सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको **मितिले १६ औं दिन अर्थात मिति २०८० मंसिर २९ गते शुक्रबार**का दिन शाखा कार्यालय शाखा कार्यालय नयाँ पर्सा, चितवनमा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ। धितोमा रहेको अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ।

तपसिल

ऋणीहरुको विवरण :
१. प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७६ बमोजिम, नेपाल सरकार, प्रदेश सरकार, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय बागमति प्रदेश, भरतपुर, चितवनमा मिति २०७८/०३/२० मा प्रा.फ.द.नं. २२५२/०७७/०७८ कायम भई दर्ता रहेको चितवन जिल्ला, राप्ति न.पा. वडा नं. ०३ स्थित रजिष्टर्ड कार्यालय रहेको **धेउरी हाउस रेष्टुरेण्ट** (प्रोप्राईटर लक्ष्मण दराई/कान्छि माया दराइको नाति, गोविन्द प्रसाद दराई/गुरे दरैको छोरा, कृति दराईको पति, चितवन जिल्ला, राप्ती न.पा., वडा नं. ३ (साबिक चितवन जिल्ला पिप्ले गा.वि.स. वडा नं. ८) बस्ने **अमित कुमार दराई,** ना.प्र.नं. १४६४/०५९, जारी मिति २०५९/०६/०३, जिल्ला प्रशासन कार्यालय चितवन)।
२. प्राइभेट फर्म रजिष्ट्रेसन ऐन, २०१४ बमोजिम, नेपाल सरकार, प्रदेश सरकार, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय बागमति प्रदेश, भरतपुर, चितवनमा मिति २०७७/१२/२४ मा प्रा.फ.द.नं. ५०८/०७४/०७५ कायम भई दर्ता रहेको चितवन जिल्ला, राप्ति न.पा. वडा नं. ०३ स्थित रजिष्टर्ड कार्यालय रहेको **न्यु पारस सप्लायर्स** (प्रोप्राईटर कालु दराई/सुन केशरी दराईको नातिनी, जित बहादुर दरै/चिजा माया दरैको छोरी, गोविन्द प्रसाद दराई/गुरे दरैको बुहारी, अमित कुमार दराईको पत्नी, चितवन जिल्ला, राप्ती न.पा. वडा नं. ३ (साबिक चितवन जिल्ला, पिप्ले गा.वि.स. वडा नं. ८) बस्ने **कृति दराई,** ना.प्र.नं. ३५१००६/१५८, जारी मिति २०६७/०५/०३, जिल्ला प्रशासन कार्यालय चितवन)।
३. लक्ष्मण दराई/कान्छि माया दराइको नाति, गोविन्द प्रसाद दराई/गुरे दरैको छोरा, कृति दराईको पति, चितवन जिल्ला, राप्ती न.पा., वडा नं. ३ (साबिक चितवन जिल्ला पिप्ले गा.वि.स. वडा नं. ८) बस्ने **अमित कुमार दराई** (ना.प्र.नं. १४६४/०५९, जारी मिति २०५९/०६/०३, जिल्ला प्रशासन कार्यालय चितवन)।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण :
१. लक्ष्मण दराई/कान्छि माया दराइको नाति, गोविन्द प्रसाद दराई/गुरे दरैको छोरा, कृति दराईको पति, चितवन जिल्ला, राप्ती न.पा., वडा नं. ३ (साबिक चितवन जिल्ला पिप्ले गा.वि.स. वडा नं. ८) बस्ने **अमित कुमार दराई** (ना.प्र.नं. १४६४/०५९, जारी मिति २०५९/०६/०३, जिल्ला प्रशासन कार्यालय चितवन)।
२. सन्त विर दराईको नाति, लक्ष्मण दराई/कान्छि माया दराईको छोरा, गुरे दरैको पति, चितवन जिल्ला, राप्ती न.पा. वडा नं. ३ (साबिक चितवन जिल्ला, भण्डारा गा.वि.स. वडा नं. ६) बस्ने **गोविन्द प्रसाद दराई** (ना.प्र.नं. १९४८, जारी मिति २०४३/०९/१२, जिल्ला प्रशासन कार्यालय चितवन)।
३. मात्रिका प्रसाद दरैको नातिनी, काशिनाथ दरै/कुस्मा दरैको छोरी, लक्ष्मण दराई/कान्छि माया दराईको बुहारी, गोविन्द प्रसाद दराईको पत्नी, चितवन जिल्ला, राप्ती न.पा., वडा नं. ३ (साबिक चितवन जिल्ला भण्डारा गा.वि.स वडा नं. ६) बस्ने **गुरै दरै** (ना.प्र.नं. १९४९, जारी मिति २०४३/०९/१४, जिल्ला प्रशासन कार्यालय चितवन)।
४ कालु दराई/सुन केशरी दराईको नातिनी, जित बहादुर दरै/चिजा माया दरैको छोरी, गोविन्द प्रसाद दराई/गुरे दरै को बुहारी, अमित कुमार दराईको पत्नी, चितवन जिल्ला, राप्ती न.पा., वडा नं. ३ (साबिक चितवन जिल्ला पिप्ले गा.वि.स. वडा नं. ८) बस्ने **कृति दराई** (ना.प्र.नं. ३५१००६/१५८, जारी मिति २०६७/०५/०३, जिल्ला प्रशासन कार्यालय चितवन)।

लिलाम हुने सम्पत्तिको विवरण:
१. **गुरै दरै**को नाममा मालपोत कार्यालय, चितवनमा दर्ता कायम रहेको चितवन जिल्ला, भण्डारा गा.वि.स./न.पा. वडा नं. ६ स्थित कित्ता नं. १४११ को क्षेत्रफल २६०७.४७ (व.मी) जग्गा र सो जग्गामा निर्माण भएको घर तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।
२. **अमित कुमार दराई**को नाममा मालपोत कार्यालय, चितवनमा दर्ता कायम रहेको चितवन जिल्ला, भण्डारा गा.वि.स./न.पा., वडा नं. ६ स्थित कित्ता नं. १२२२ को क्षेत्रफल ०-५-०-० (विगाहा) जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।

शर्तबन्देजहरु:
१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितिले १५ दिन अर्थात २०८० मंसिर २८ गते** भित्र बैंकको शाखा कार्यालय नयाँ पर्सा, चितवनमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको शाखा कार्यालय नयाँ पर्सा, चितवनबाट रु. ५००/- तिरी प्राप्त गर्न सकिनेछ। उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गाको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतको दरले हुने धरौटी बापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि. को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन।
४. यो सूचना प्रकाशित भएको **मितिले १६ (सोहौं) दिन अर्थात २०८० मंसिर २९ गते १२:०० बजे** देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा बैंकको शाखा कार्यालय नयाँ पर्सा, चितवनमा बोलपत्र खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ। बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र खोलिनेछ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखी दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ। अन्यथा धरौटी बापत जम्मा भएको रकम जफत हुनेछ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ।
९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको शाखा कार्यालय नयाँ पर्सा, चितवनमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ।
१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ।
११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन।
१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ।
१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ।

बोलपत्र खोलिने मिति २०८० मंसिर २९ गते शुक्रबार मध्यान्ह १२:०० बजे

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि
शाखा कार्यालय नयाँ पर्सा, चितवन फोन नं. ०५६-५८३३२६/२७

ग्लोबल आइएमई बैंक लिमिटेडको
भुलसुधार

यस बैंकको मिति २०८०/०८/११ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिकमा प्रकाशित धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने तथा मिति २०८०/०८/११ गतेको नागरिक राष्ट्रिय दैनिक पत्रिका र मिति २०८०/०८/१३ गतेको अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिक पत्रिकामा धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति लिलाम बिक्री सम्बन्धी ७ दिने गोप्य शिलवन्दी बोलपत्र आव्हान गरिएको सूचनाको लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु मध्ये तल उल्लेखित निम्न शर्त बन्देजहरु भुलबस छुट हुन गएकोले निम्न अनुसार भुलसुधार गरिएको छ।
१५. प्राप्त बोलपत्र बैंकलाई चित्तबुझ्दो नलागेमा बोलपत्र दाखिला गर्ने सम्पूर्ण बोलपत्रदातालाई आफुले कबोल गरेको बोलपत्र रकममा थप सहितको रकम अंकित गरी पुनः निबेदन मार्फत कुल सकार रकम सहितको बोलपत्र पेश गर्न निश्चित समय सीमा दिई बैंकले लिखीत अनुरोध गर्न सक्नेछ। यसरी थप सहितको कबोल गरेको अधिकतम कबोल रकममा लिलाम स्वीकार गर्ने नगर्ने सम्पूर्ण अख्तियारी बैंकमा निहित रहनेछ।
१६. लिलाम बिक्री प्रकृयाबाट धितो सकार गर्न स्वीकृत भएको बोलपत्रदाताले लिलाम सकार गर्ने सम्पत्ति खरिद गर्न कर्जा माग गरेमा बैंकको आन्तरीक नियम तथा प्रचलित ऐन कानूनको अधिनमा रहि Auction Finance को सुबिधा प्रदान गर्न सकिनेछ। यस सम्बन्धमा निर्णय गर्ने पूर्ण अधिकार बैंकमा निहित रहनेछ।
१७. अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछ।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक
रजिष्टर्ड/कर्पोरेट कार्यालय
फोन नं.: ०१-४२२८६७१/४२२६२४७
ग्लोबल कनेक्ट : ०१-५९७०६००
[ICRANP-IR] A रेटिङ्ग प्राप्त

कबुल रकम जम्मा गरी लिलाम सकार गरिलिन चाहेको सम्पत्ति नामसारी गरिलिने सम्बन्धमा श्री सुस्मिता अग्रवालको नाममा जारी गरिएको सार्वजनिक सूचना

प्रकाशित मिति २०८०/०८/१४ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस बैंकको स्वामित्वमा रहेको तपसिल बमोजिमको गैर बैंकिङ्ग सम्पत्ति लिलाम बिक्रीको लागि यस बैंकले मिति २०७९/१२/०९ को आर्थिक अभियान राष्ट्रिय दैनिकमा प्रथम पटक १५ दिने सूचना र मिति २०७९/१२/२७ को सोही राष्ट्रिय दैनिकमा दोश्रो पटक ७ दिने सूचना प्रकाशित गरेको, सो सूचनाका आधारमा तपाईंले समेत लिलाममा चढाईएको सम्पत्ति सकार गरी लिन बोलपत्र पेश गर्नुभएको र पर्न आएका बोलपत्रहरु उपर कारवाही हुँदा अधिकतम रकम बोलकबोल गरेकोले तपाईंको बोलपत्र स्वीकृत भई बैंकले सो बमोजिम तपाईंलाई मिति २०८०/०२/०४ को पत्रमार्फत बोलपत्र बमोजिमको बाँकी रकम जम्मा गरी १५ दिन भित्रमा सकार गरिलिन चाहेको सम्पत्तिको स्वामित्व हक हस्तान्तरण गरिलिनको लागि सूचित गरेकोमा सो अवधी भित्र नामसारी गरिलिनु भएन। तत्पश्चात मिति २०८०/०४/०८, २०८०/०४/२८ र २०८०/०६/०९ समेतमा पटक पटक ७ दिने सूचना दिई बैंकको स्वामित्वको देहाय बमोजिमको सम्पत्ति नामसारी गरिलिनु होला भनी पत्राचार गरेको विदितै छ। तर तपाईंले हालसम्म पनि आफैंले कबुल गरेको सम्पूर्ण रकम चुक्ता नगरी लिलाम सकार गरिलिन चाहेको सम्पत्ति आफ्नो नामसारी गरिलिन नआउनु भएकोले अन्तिम सूचनास्वरुप यो सूचना प्रकाशित गरिएको छ। अतः यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र तपाई आफैंले लिलाम कबुल गरी बुझाउन मन्जुर गरेको बाँकी रकम जम्मा गरी सम्पत्ति आफ्नो नामसारी गरिलिनु होला।
उक्त अवधी भित्र रकम जम्मा गरी सम्पत्ति नामसारी गरिनलिनु भएमा बैंकले तपाईंको बोलपत्र स्वीकृत गर्ने सम्बन्धमा गरेको निर्णय, सो बमोजिम भएका पत्राचार तथा सम्पूर्ण प्रक्रिया रद्द गरी तपाईंले बोलपत्र पेश गर्दा जम्मा गर्नुभएको धरौटीवापतको रकम समेत जफत गरिने व्यहोरा यसै सूचनामार्फत जानकारी गराईन्छ।

तपसिल

लिलाम राखिएको सम्पत्तिको विवरण
यस बैंकको नाममा दर्ता कायम रहेको चितवन जिल्ला, भरतपुर नगरपालिका वडा नं. १० ग स्थित कित्ता नं. ६२९ को क्षेत्रफल ०-०-१६-० (विघा) बमोजिमको घरजग्गा र सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

Siddhartha Bank
विशेष सम्पत्ति (कर्जा असुली) इकाई
हात्तीसार, काठमाण्डौं
फोन नं. ०१-४४४२९१९/२१, ४४१५७६२
Website: www.siddharthabank.com

सानिमा माई हाइड्रोपावर लिमिटेड
SANIMA MAI HYDROPOWER LIMITED
(कम्पनी ऐन, २०६३ बमोजिम स्थापित संस्था)
का.म.न.पा. वडा नं. ४, धुम्बाराही, काठमाण्डौ।
फोन नं. ४-३७३०३०, ४-३७२८२८, फ्याक्स नं. ४०१५७९९
website : www.maihydro.com E-mail : sanimamai@sanimahydro.com

बाह्रौं वार्षिक साधारण सभाको निर्णय विवरण (माइन्युट)
(कम्पनी ऐन, २०६३ को दफा ७५(३) को प्रयोजनको निमित्त प्रकाशित)

यस सानिमा माई हाइड्रोपावर लिमिटेडको मिति २०८० साल कार्तिक २३ गते विहीबारका दिन सेलिब्रेसन हाईट, सुकेधारा, काठमाण्डौमा सम्पन्न बाह्रौं वार्षिक साधारणसभाबाट पारित प्रस्ताव बमोजिमका निर्णयहरु सम्पूर्ण शेयरधनी महानुभावहरूको जानकारिको लागि प्रकाशित गरिएको छ।
सभामा शेयरधनीहरूको स्वयम तथा प्रतिनिधि मार्फत उपस्थित संख्या ४६३ भएको र कुल बाँडफाँड भएको शेयरको ५३ प्रतिशतको प्रतिनिधित्व भएको हुँदा सभाको लागि गणपुरक संख्या पुगेको व्यहोरा साधारणसभामा जानकारी गराईयो।
सभामा शेयरधनी महानुभावहरू श्री डमरु वल्लभ घिमिरे, श्री सत्रुघन श्रेष्ठ, श्री उद्धव प्रसाद घिमिरे, श्री चन्द्रनरायण श्रेष्ठ, श्री निरुपमा गुप्ता, श्री दामोदर प्रसाद रेग्मी, श्री कृष्ण प्रसाद अधिकारी, श्री भक्ति प्रसाद उप्रेती र श्री इन्द्रकृष्ण श्रेष्ठले आ-आफ्नो मन्तव्य तथा सुझावहरु राख्नु भएको थियो। शेयरधनीज्यूहरुको जिज्ञासा तथा प्रश्नहरुका सम्बन्धमा सभा-अध्यक्ष श्री टेकराज निरौलाज्यूको निर्देशन अनुसार कम्पनीका महाप्रबन्धक श्री गृष्म ओझाले स्पष्ट पार्दै जवाफ दिनु भएको थियो।
साधारणसभाबाट भएका निर्णयहरु :
निर्णायार्थ बाह्रौं वार्षिक साधारणसभा समक्ष पेश भएका प्रस्तावहरु सभाबाट निम्न बमोजिम पारित गरियो :
(क) साधारण प्रस्तावहरु:
१. सञ्चालक समितिको तर्फबाट सभा-अध्यक्ष श्री टेकराज निरौलाज्यूले प्रस्तुत गर्नु भएको आ.व. २०७९/८० को वार्षिक प्रतिवेदनमा छलफल भई सोमा उठेका जिज्ञासाहरुका सम्बन्धमा स्पष्ट गरी सकिएकोले उक्त प्रतिवेदन पारित गर्न प्रस्ताव गरिएकोमा सभामा उक्त प्रतिवेदन सर्वसम्मतिबाट पारित गरियो।
२. लेखापरीक्षकको प्रतिवेदन सहित कम्पनीको २०८० साल आषाढ मसान्त सम्मको वासलात तथा सोही मितिमा समाप्त भएको आ.व. २०७९/८० को वार्षिक नाफा नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण, तत्सम्बन्धी अनुसूचीहरु उपर छलफल समेत भईसकेकोले उक्त विवरण स्वीकृतिका लागि सभा समक्ष प्रस्ताव गरिएकोमा सभाबाट सर्वसम्मतिले उक्त प्रतिवेदन तथा आर्थिक विवरणहरु पारित गरियो।
३. कम्पनीको लेखापरीक्षण समितिले आ.व. २०८०/८१ को कम्पनीको हिसाब किताब लेखापरीक्षण गर्न लेखापरीक्षक संस्था PKF T.R. Upadhya & Co., Chartered Accountants लाई मूल्य अभिवृद्धि कर बाहेक रु. २,१५,०००/-(अक्षेरुपी दुई लाख पन्ध्र हजार मात्र) पारिश्रमिक निर्धारण गरी नियुक्तिका लागि सिफारिस गरेकोमा समितिको सिफारिस बमोजिम उल्लिखित संस्थालाई आ.व. २०८०/८१ को लेखापरीक्षक नियुक्त गर्ने प्रस्ताव सभाको सर्वसम्मतिबाट पारित गरियो।
४. कम्पनीको दशौं वार्षिक साधारण सभाबाट नियुक्त सञ्चालक श्री हितमान गुरुङ्गको राजिनामा स्वीकृत भई रिक्त हुन आएको सञ्चालक पदमा २०८०/०२/१८ गतेको सञ्चालक समितिको बैठकबाट यस कम्पनीको नियमावली तथा कम्पनी ऐन २०६३ को दफा ८७ बमोजिम शेयरधनी रुरु गा.वि.स.-६ (हाल परिवर्तित रुरु गा.पा.-१) गुल्मी घर भई हाल का.म.न.पा. वडा नं. २४ बस्ने श्री राजन प्रसाद अमात्यज्यूलाई नियुक्त गरिएको हुँदा, उक्त नियुक्तिको कार्यलाई बाँकी कार्यकाल सम्मका लागि अनुमोदन गर्ने प्रस्ताव सभाको सर्वसम्मतिबाट पारित गरियो।
(ख) विशेष प्रस्तावहरु:
१. कम्पनीका शेयरधनीहरुलाई आ.व. २०७९/८० सम्मको वितरण योग्य सञ्चित खुद मुनाफाबाट चुक्ता पूँजीको १० प्रतिशतले हुने रु. ३०,८९,२५,१००/- (अक्षेरुपी तीस करोड उनान्नब्बे लाख पच्चिस हजार एक सय) बराबरको बोनस शेयर प्रदान गर्न सञ्चालक समितिबाट साधारण सभा समक्ष सिफारिस भई सोही अनुसार प्रस्ताव गरिएकोमा प्रस्ताव बमोजिम यस बाह्रौं वार्षिक साधारण सभाको निमित्त शेयर दाखिल खारेज बन्द भएको मिति भन्दा अघिल्लो दिनमा कायम शेयरधनीहरुलाई चुक्ता पूँजीको १० प्रतिशत बोनस शेयर र बोनस शेयर बापतको कर प्रयोजनका लागि ०.५२६३ प्रतिशत नगद लाभांश वितरण गर्ने प्रस्ताव सभाबाट सर्वसम्मतिले पारित गरियो।
२. बोनस शेयर वितरण प्रयोजनका लागि कम्पनीको हाल कायम जारी तथा चुक्ता पूँजी रु. ३,०८,९२,५१,०००/- (अक्षेरुपी तीन अर्ब आठ करोड बयान्नब्बे लाख एकाउन्न हजार मात्र) बाट वृद्धि गरी जारी तथा चुक्ता पूँजी रु. ३,३९,८१,७६,१००/- (अक्षेरुपी तीन अर्ब उनन्चालीस करोड एकासी लाख छयत्तर हजार एक सय मात्र) गर्ने र सोही बमोजिम कम्पनीको प्रबन्धपत्रको दफा ६(ख) र ६(ग) मा निम्नानुसार संशोधन गर्ने प्रस्ताव सभाबाट सर्वसम्मतिले पारित गरियो।
प्रबन्धपत्रको दफा ६(ख) र ६(ग) को स । देहाय दफा ६(ख) र ६(ग) कायम गर्ने :
६(ख) **कम्पनीको जारी पूँजी रु. ३,३९,८१,७६,१००/-(अक्षरेपी तीन अर्ब उनन्चालीस करोड एकासी लाख छयत्तर हजार एक सय मात्र) हुनेछ। सो पूँजीलाई प्रतिशेयर रु. १००/- दरका ३,३९,८१,७६१ थान साधारण शेयरमा विभाजन गरिएको छ।**
६(ग) **कम्पनीको चुक्ता पूँजी रु. ३,३९,८१,७६,१००/-(अक्षरेपी तीन अर्ब उनन्चालीस करोड एकासी लाख छयत्तर हजार एक सय मात्र) हुनेछ।**
३. कम्पनीको प्रबन्धपत्रमा नियमानुसार संशोधन गर्ने क्रममा सम्बन्धित नियमनकारी वा नियामक निकाय/कार्यालयले कुनै फेरवदल/संशोधन/परिमार्जन गर्न वा मिलाउन कुनै सुझाव वा निर्देशन दिएमा सोही अनुरुप आवश्यक फेरवदल/संशोधन/परिमार्जन गर्न वा मिलाउन कम्पनीको सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने प्रस्ताव सभाबाट सर्वसम्मतीले पारित गरियो।
४. यस कम्पनीले शेयरमा लगानी गरेको कम्पनी सानिमा जुम हाइड्रोपावर लि.को जुम खोला जलविद्युत अयोजना निर्माणको वित्तिय व्यवस्थापनका लागि नविल बैंक लि.को अगुवाईमा ४ वटा बैंक तथा वित्तिय संस्था सँग हुने सहवित्तियकरण बैंक कर्जा सम्झौता बमोजिमको स्वीकृत कर्जा रकम उपयोग गर्नका लागि सम्बन्धित बैंकहरुसँग भएको सहमति अनुसार प्रवर्द्धक कम्पनीका संस्थापक शेयरधनी कम्पनीले संस्थागत जमानत (Corporate Guarantee) दिनु पर्ने भएकोले कानून बमोजिमको अधिकतम सीमा सम्मको जमानत उपलब्ध गराई दिन उक्त कम्पनीको सञ्चालक समितिको मिति २०८०/०६/१४ गतेको निर्णयानुसार अनुरोध भई आएको हुँदा, प्रचलित कानूनी व्यवस्थाको अधिनमा रही कम्पनीले संस्थागत जमानत दिन सक्ने सिमा सम्मको जमानत उपलब्ध गराउने र यसका लागि कम्पनीको तर्फबाट गर्नु पर्ने आवश्यक सम्पूर्ण कार्यहरु गर्न, गराउन सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव सभाबाट सर्वम्मितिले पारित गरियो।
(साधारण सभाको विस्तृत विवरण यस कम्पनीको Website:www.maihydro.com मा हेर्न तथा Download गर्न सकिनेछ।)

केरुङ-काठमाडौं रेलमार्गको अध्ययन ०८३ असारभित्रै सक्ने चिनियाँ प्रतिबद्धता

ल्यान्ड सर्वेक्षण अन्तिम चरणमा, ड्रोनमार्फत एरियल अध्ययन सुरु



रेल विभागका महानिर्देशक रोहितकुमार बिसुराल भन्छन्–

नेपाल-चीन सचिवस्तरीय रेल्वे संयन्त्रको समीक्षा बैठकका क्रममा चीनले समयमै यस आयोजनाको विस्तृत अध्ययन सम्पन्न गर्ने प्रतिबद्धता जनाएको छ। जुलाई ०२६ सम्ममा यसको विस्तृत अध्ययन सम्पन्न हुनेछ। चिनियाँ टोलीले सम्झौताअनुसार नै काम गरेको देखिएको छ। आशा छ छिट्टै यसको अध्ययन सकिनेछ।



मिलन विश्वकर्मा/नयाँ पत्रिका

चीनले नेपाल-चीन प्रस्तावित पहिलो अन्तरदेशीय रेलमार्गको विस्तृत सम्भावना अध्ययन समयमै सम्पन्न गर्ने प्रतिबद्धता गरेको छ। चीनकै आर्थिक तथा प्राविधिक सहयोगमा पुस ०७९ (डिसेम्बर ०२२) देखि सुरु भएको रेलमार्गको अध्ययन असार ०८३ (जुलाई ०२६) सम्म सम्पन्न गर्नुपर्नेछ।

रेलमार्गको प्रगतिबारे समीक्षा गर्न नेपाल-चीन सचिवस्तरीय रेल्वे संयन्त्रको बैठक गत साता चीनमा सम्पन्न भएको छ। सोही बैठकमा चीनले समयमै विस्तृत अध्ययन सम्पन्न गर्ने प्रतिबद्धता गरेको हो। बैठकमा सहभागी भएका भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सचिव केशव शर्मा, रेल विभागका महानिर्देशक रोहितकुमार बिसुराललगायतको टोली बुधबार नेपाल फर्किएको छ।

बैठकमा रेलमार्ग निर्माणको पछिल्लो गतिविधिबारे समीक्षा भएको बिभागका महानिर्देशक बिसुरालले जानकारी दिए। त्यसक्रममा रेलमार्ग निर्माण सम्बन्धमा पछिल्लो समय भइरहेको अध्ययनको काम सन्तोषजनक देखिएको उनले बताए। 'समीक्षाका क्रममा यस विस्तृत अध्ययनसम्बन्धी गतिविधि सन्तोषजनक नै देखिएको छ। साथै, चीनले पनि समयमै यस आयोजनाको विस्तृत अध्ययन सम्पन्न गर्ने प्रतिबद्धता गरेको छ,' उनले भने।

उनका अनुसार चिनियाँ प्राविधिक टोलीले यस आयोजनाको ल्यान्ड सर्वेक्षणको काम अन्तिम चरणमा पुर्‍याएको छ। साथै, हालसालै एरियल सर्वेक्षण (हेलिकोप्टर/हवाईजहाज/ड्रोनबाट गरिने सर्भे)को काम पनि सुरु गरिएको छ। पहिला एरियल सर्वेक्षणमा प्लेन तथा हेलिकोप्टर प्रयोग हुने गर्दथ्यो। यस आयोजनामा भने चिनियाँ टोलीले मानवरहित ड्रोन प्रविधि प्रयोग गरिरहेको छ। यसमा ड्रोनमार्फत आकाशबाट आयोजनास्थलबारे अध्ययन गरिएको छ। अब छिट्टै भौगर्भिक अध्ययन पनि सुरु गर्ने तयारीमा चिनियाँ टोली रहेका छन्। 'चिनियाँ टोलीले सम्झौताअनुसार नै काम गरेको देखिएको छ। आशा छ छिट्टै यसको अध्ययन सकिनेछ,' महानिर्देशक बिसुरालले बताए।

■ सम्भाव्यतामा तीन अर्ब खर्च हुने

दुई देशबीचको सहमतिअनुसार चिनियाँ लागतमै आयोजनाको सम्भाव्यता अध्ययन भइरहेको छ। साथै, यसमा प्राविधिक सहयोग पनि चिनकै छ। यो सम्भाव्यता अध्ययन गर्न चीनको झन्डै तीन अर्ब रुपैयाँ खर्च हुँदै छ।

नेपालले भने स्थानीयसँग सम्बन्धित मुआब्जा, बस्ती व्यवस्थापनलगायत जिम्मेवारी व्यहोर्नुपर्नेछ। साथै, आयोजनाको प्रारम्भिक वातावरणीय परीक्षण (आइइई) र वातावरणीय प्रभाव मूल्यांकन (इआइए) पनि नेपालले नै गर्नुपर्नेछ। त्यस्तै, अध्ययन क्षेत्रमा सुरक्षा उपलब्ध, आवास व्यवस्थापन र फिल्ड संरचना निर्माणलगायत दायित्व पनि नेपालकै हुनेछ। नेपालको तर्फबाट यो काम रेल बिभागले गर्नेछ।

चीनले नै ०७५ मा यस आयोजनाको पूर्वसम्भाव्यता अध्ययन सम्पन्न गरिसकेको थियो। २५ मंसिर ०७५ मा चीनको नेसनल रेलवे अथोरिटी अफ चाइनाले यस रेलमार्गको पूर्वसम्भाव्यता अध्ययन रिपोर्ट नेपाललाई बुझाएको थियो। त्यसपछि आयोजनाको विस्तृत सम्भाव्यता अध्ययन गर्ने गरी २५-२६ असोज ०७६ मा चिनियाँ राष्ट्रपति सी जिनपिङको नेपाल भ्रमणका क्रममा सहमति भएको थियो। सोहीअनुसार १० मंसिर ०७६ मा दुई देशबीच अध्ययनको कामसमेत बाँडफाँट भएको थियो। त्यसको दुई वर्षमा अध्ययन सम्पन्न गर्ने भने पनि तीन वर्षपछि अर्थात् पुस ०७९ मा मात्रै चिनियाँ टोली आयोजनाको विस्तृत अध्ययन गर्न नेपाल आएको थियो। विशेषगरी, कोरोना महामारीले गर्दा यसमा ढिलाइ भएको बताइएको छ।

प्रस्तावित केरुङ-काठमाडौं रेलमार्गको कुल लम्बाइ एक सय ७० किलोमिटर हुनेछ। त्यसमा नेपालखण्डमा ७२ किलोमिटर रेलमार्ग बन्नेछ। रसुवा जिल्लाबाट रेलमार्ग नेपाल प्रवेश गर्नेछ।

हाल चीनतर्फ सिगात्सेसम्म मात्रै रेलमार्ग छ। काठमाडौंमा चिनियाँ रेलमार्ग ल्याउन पहिला सिगात्सेबाट केरुङसम्म रेलमार्ग ल्याउनुपर्छ। तर, सिगात्सेबाट पाँच सय ४० किलोमिटर दूरीमा रहेको केरुङसम्म अझै रेलमार्ग आइपुगेको छैन।

यो रेलमार्ग बनाउन पाँच अर्ब ५० करोड अमेरिकी डलर लाग्ने अनुमान गरिएको छ। त्यसमा नेपालखण्डको रेलमार्ग बनाउन २.७५ अर्ब डलर लाग्ने पूर्वसम्भाव्यता अध्ययनले देखाएको थियो। पूर्वसम्भाव्यता अध्ययनअनुसार रेलमार्ग निर्माण गर्न कम्तीमा १५ वर्ष लाग्ने बताइएको छ।

अध्ययनपछि निर्माणको मोडालिटी

रेलमार्गको अध्ययन अघि बढे पनि यसको निर्माणको सम्भावित मोडालिटी भने तय गरिएको छैन। अहिले आयोजनाको अध्ययनमै केन्द्रित भएको विभागका अधिकारीहरू बताउँछन्। हाल भइरहेको आयोजनाको सम्भाव्यता अध्ययनपछि डिपिआरसमेत तयार हुनेछ। त्यसपछि मात्रै आयोजना के-कसरी बनाउने भनेर टुंगो लाग्ने सरकारको भनाइ छ। यो आयोजना बनाउन ठूलो रकम लाग्ने देखिन्छ। तर, त्यति रकम नेपालले जुटाउन चुनौती छ। चीनले पनि त्यति ठूलो रकम अनुदानमा नदिन सक्छ। तसर्थ, आयोजनाको अध्ययन तथा डिजाइन सकेपछि नै निर्माण तथा लगानीको मोडालिटीबारे द्विपक्षीय रूपमा छलफल गरेर टुंगो लगाउने नेपालको तयारी छ।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

आजियाटाले एनसेल छोड्ने

मलेसियाको स्टक एक्सचेन्ज कम्पनी बर्सा मलेसिया सेक्युरिटिजका अनुसार गत १२ असोजमा नै आजियाटाका सञ्चालकले एनसेलबाट बाहिरिने प्रस्तावलाई स्वीकृत गरेको थियो

मुना कुँवर/नयाँ पत्रिका

मलेसियन कम्पनी आजियाटाले दूरसञ्चार सेवा प्रदायक एनसेल कम्पनी छोड्ने निर्णय गरेको छ। नेपालमा व्यावसायिक वातावरण चुनौतीपूर्ण बन्दै गएको र व्यवसाय खस्कँदै गएको भन्दै आजियाटाले एनसेलमा रहेको आफ्नो सेयर बिक्री गर्ने निर्णय गरेको हो। आजियाटाले बुधबार सूचना जारी गरी एनसेलमा रहेको सेयर बिक्री गर्ने प्रस्ताव बोर्डबाट नै पारित भएको जनाएको छ।

आजियाटा ग्रुपले एनसेलबाट तेस्रो त्रैमासमा २२ अर्ब ७३ करोड ८५ लाखको खुद नोक्सानी व्यहोरेको छ। मलेसियाको स्टक एक्सचेन्ज कम्पनी बर्सा मलेसिया सेक्युरिटिजका अनुसार गत १२ असोजमा नै आजियाटाका सञ्चालकले एनसेलबाट बाहिरिने प्रस्तावलाई स्वीकृत गरेको थियो। स्वीकृत भएको मितिले १२ महिनाभित्र सबै कारोबार टुंगो लगाइसक्ने जानकारी आजियाटाले गराएको थियो। मलेसियाली वित्तीय प्रतिवेदन मापदण्ड (एमएफआरएस) बमोजिम सञ्चालकले एनसेलबाट बाहिरिने निष्कर्ष निकालेको उल्लेख छ।

आजियाटाले सार्वजनिक गरेको तेस्रो त्रैमासिक वित्तीय विवरणअनुसार एनसेलको प्रतिफल घट्दै गएको छ। यसले आजियाटाको समग्र वित्तीय विवरण प्रभावित भएको उल्लेख गरिएको छ। विवरणअनुसार सन् २०१७ को तुलनामा सन् २०२३ मा आइपुग्दा व्यवसाय २० अर्बले घटेको छ।

आजियाटाले नेपालमा टेलिकमको लाइसेन्स नवीकरणका लागि करिब १४ अर्ब आठ करोड रुपैयाँ सरकारलाई तिरिसकेको थियो। त्यस्तै, पुँजीगत लाभकर ११ अर्ब ३४ करोड राइट अफ गरेकोसमेत जानकारी गराएको छ। सम्पत्तिको क्षयीकरणबापत एनसेलले झन्डै २९ अर्ब दुई करोडको नोक्सानी व्यहोर्नुपरेको उल्लेख गरेको छ।

एनसेलले सन् २०२३ मा ३७ अर्ब ४४ करोड २० लाख रुपैयाँको कारोबार गरेको छ। जब कि कम्पनीले सन् २०२२ मा ३९ अर्ब ७२ करोड ५० लाख रुपैयाँको कारोबार गरेको थियो।

त्यस्तै, सन् २०१७ मा ५७ अर्ब १० करोड २० लाख रुपैयाँको कारोबार गरेको कम्पनीले २०१८ मा भने ५९ अर्ब ८१ करोड ७० लाख रुपैयाँ कारोबार गरेको थियो। सन् २०१९ मा ५५ अर्ब ३९ करोड ८० लाख रुपैयाँ कारोबार गरेको एनसेलले सन् २०२० मा ४६ अर्ब ८७ करोड ४० लाख रुपैयाँ र सन् २०२१ मा ४० अर्ब ४२ करोड ४० लाख रुपैयाँ आम्दानी गरेको विवरणमा उल्लेख छ।

एनसेलले पछिल्लो समय आफ्नो बजार गुमाउँदै गएको आजियाटा समूहका प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध निर्देशक विवेद सुदले जनाएका छन्। यसैका कारण कम्पनीले आफ्नो सम्पत्ति बिक्री गर्ने निर्णय गरेको जनाएको छ।

एनसेलमा आजियाटा समूहको ८० प्रतिशत लगानी छ भने २० प्रतिशत नेपाली व्यवसायी सतीशलाल आचार्यको सुनिभेरा क्यापिटलको नाममा छ। आजियाटा जारी गरेको विज्ञप्तिमा नेपालमा व्यावसायिक अवस्था चुनौतीपूर्ण रहेकाले बोर्डले नेपालबाट बाहिरिने निर्णय गरेको हो। सोही निर्णयअनुसार बिक्रीका लागि राखिएको सम्पत्तिको रूपमा पुनः वर्गीकरण गरिएको जनाएको छ।

आजियाटा समूहले ०७२ चैत ३० देखि एनसेलसँग व्यावसायिक गाठ जोडेको थियो। नेपाल दुरसञ्चार प्राधिकरणका अनुसार आजियाटा र एनसेलबीच व्यवसायिक समझदारी सुरु भएको आव ०७२/७३ मा ५७ अर्ब ७२ करोड रुपैयाँको कारोबार गरेको थियो। तर, आव ०७९/८० मा एनसेलको कारोबार घटेर ३७ अर्ब ४४ करोडमा सीमित भएको छ। आजियाटाले एनसेलबाट आफ्नो लगानी बिक्री गर्ने विषयमा औपचारिक रूपमा नेपाल दूरसञ्चार प्राधिकरणलाई जानकारी नआएको प्राधिकरणका अध्यक्ष पुरुषोत्तम खनालले बताए। 'आजियाटाले गरेको सम्पत्ति बिक्री गर्ने निर्णयको बारेमा हामीलाई जानकारी गराउनुपर्छ भन्ने पनि छैन। तर, सेयर खरिद बिक्री गर्ने समयमा भने प्राधिकरणको पूर्वस्वीकृति भने लिनुपर्नेछ,' उनले भने।

कालोसूचीमा रहेका व्यक्तिले बैंक खाताबाट तलब, सरकारी भत्ता र पेन्सन झिक्न पाउने

पवन तिमिल्सिना/नयाँ पत्रिका



अब कालोसूचीमा परेका व्यक्तिले आफ्नो बैंक खाताबाट पारिश्रमिक, सामाजिक सुरक्षा भत्ता, पेन्सनजस्ता रकम झिक्न पाउने भएका छन्। नेपाल राष्ट्र बैंकले बुधबार एक परिपत्र जारी गर्दै कालोसूचीमा परेको व्यक्तिलाई उक्त सुविधा दिने नीति ल्याएको हो। यसअघि कालोसूचीमा परेकै कारण धेरैको सामाजिक सुरक्षा, पेन्सन रकम र तलबसमेत रोकिएको थियो। तर, अब त्यस्तो समस्या नहुने राष्ट्र बैंकको भनाइ छ।

कालोसूचीमा रहेका व्यक्ति, फर्म, कम्पनी वा संस्थाको कायम रहेको बैंक खातामा रकम जम्मा गर्नबाहेक अन्य बैकिङ कारोबार गर्न पाइँदैन। अर्थात्, बैंक खाताबाट रकम झिक्न पाइँदैन। यद्यपि, दैनिक जीवनयापनका लागि चाहिने आधारभूत आवश्यक खर्चका लागि सरकारले तोकेको सीमामा पैसा झिक्न पाउने व्यवस्था थियो।

यसैगरी, सरकारलाई बुझाउनुपर्ने कर, शुल्क, दस्तुरलगायतको दायित्व तिर्न पनि रकम झिक्न पाइने भएको छ। साथै, बैंक वा वित्तीय संस्थाको कर्जा नतिरी कालोसूचीमा समावेश भएका व्यक्ति, फर्म, कम्पनी वा संस्थाले ऋण तिर्ने प्रयोजनका लागि मात्र खाता सञ्चालन गर्न सक्ने व्यवस्थालाई पनि निरन्तरता दिइएको छ।

यस्तै, ऋणीको साक्षीलाई कालोसूचीमा राख्नेसम्बन्धी नीति पनि परिमार्जन गरिएको छ। यसअघि साक्षीलाई कालोसूचीमा राख्न ३५ दिने सूचना निकाल्नुपर्ने थियो। तर, अहिले त्यसको अवधि बढाएर ९० दिन पुर्‍याइएको छ।

पहिला साक्षीलाई कालोसूचीमा समावेश गर्नुपूर्व निजले जमानी दिएको रकम चुक्ता गर्ने ३५ दिनको लिखित सूचना दिनुपर्ने थियो। तर, अब साक्षीलाई कालोसूचीमा समावेश गर्नुपूर्व ऋणीको धितो लिलाम गरी असुली गर्नुपर्नेछ। यस्तो सुरक्षणबाट भएको असुली पर्याप्त नभए मात्रै बाँकी रकम भुक्तानीका लागि साक्षीलाई ९० दिनको लिखित सूचना पठाउनुपर्ने परिपत्रमा उल्लेख छ। यसले साक्षीलाई केही सहजता प्रदान गरेको बताइएको छ।

त्यस्तै, साझेदारीमा सञ्चालित कम्पनीको हकमा एउटा कम्पनी कालोसूचीमा परेकै आधारमा अर्को कम्पनी कालोसूचीमा राख्नुनपर्ने भएको छ। यसअघि १५ प्रतिशतभन्दा बढी सेयर स्वामित्व भएका लगानीकर्तालाई कालोसूचीमा राख्ने व्यवस्था थियो। यो व्यवस्थाका कारण पछिल्लो समय धेरै निर्माण कम्पनी कालोसूचीमा परेका थिए। अब यो नीतिले उनीहरूलाई राहत पुग्ने राष्ट्र बैंकको भनाइ छ।

NIBL MUTUAL FUND

एनआईबिएल म्युचुअल फण्ड
अन्तर्गत सञ्चालित
एनआईबिएल सहभागिता फण्ड
(नेपाल धितोपत्र बोर्डबाट २०७६/०१/०९ मा योजना संचालन अनुमति प्राप्त)

२०८० कार्तिक मसान्तको अपरिष्कृत वित्तीय विवरण

खुद सम्पत्ति मूल्य सम्बन्धी विवरण

क्र.सं.	विवरण	२०८० कार्तिक मसान्त रकम (रु.)	२०८० आश्विन मसान्त रकम (रु.)
	धितोपत्रमा लगानी	मूल्य (रु.)	मूल्य (रु.)
१	सूचीकृत शेयर	१,२६३,६३३,२६०	१,२५७,०७६,७८०
२	बैंक मुद्दती निक्षेप	३६५,०००,०००	३५५,०००,०००
३	ऋणपत्र /बन्ड	१६०,५५५,४१८	१४५,५५५,४१८
४	सार्वजनिक निष्काशन/हकप्रद शेयर/ बोनस शेयर /अन्य सूचीकृत नभएको	१६८,३३६,९७६	१७३,९०२,८०१
	जम्मा	**१,९५७,५२५,६५४**	**१,९३१,५३४,९९९**
	चालु सम्पत्ति	मूल्य (रु.)	मूल्य (रु.)
१	बैंक मौज्दात	५३७,२८१,६४०	४६९,१४०,१९९
२	अन्य सम्पत्ति	१०,५२३,५२९	१२,९६२,१५१
	जम्मा	**५४७,८०५,१६९**	**४८२,१०२,३५०**
	चालु दायित्व	मूल्य (रु.)	मूल्य (रु.)
१	अन्य दायित्व	१६,९०७,५४३	१९,४८७,३५१
	जम्मा	**१६,९०७,५४३**	**१९,४८७,३५१**
	खुद सम्पत्ति (ग्रस)	**२,४८८,४२३,२८०**	**२,३९४,१४९,९९८**
	योजना व्यवस्थापक तथा डिपोजिटरी शुल्क	२,९६५,६५५	७,९३९,७३९
	कोष सुपरिवेक्षक शुल्क	२४५,४३४	६५७,०८२
	खुद सम्पत्ति	**२,४८५,२१२,१९१**	**२,३८५,५५३,१७७**
	जम्मा इकाई	२५७,०१३,६५९	२४५,४२३,०९९
	प्रति इकाई खुद मूल्य	**९.६७**	**९.७२**

आय व्यय विवरण

क्र.सं.	विवरण	२०८० कार्तिक मसान्त रकम (रु.)	२०८० आश्विन मसान्त रकम (रु.)
१	प्राप्त भइ सकेको आम्दानी	३८,३६३,४१०	३२,२०३,२२२
२	प्राप्त भइ नसकेको आम्दानी	(१६२,३८५,२४०)	(१४६,१६५,५०९)
	जम्मा आम्दानी	**(१२४,०२१,८३०)**	**(११३,९६२,२८७)**
१	प्रकाशन, सूचिकरण तथा अन्य खर्च	१,४१३,२७६	१,३७५,९१६
२	योजना लेखापरीक्षण शुल्क	३८,०८०	२८,७९२
३	योजना व्यवस्थापक तथा डिपोजिटरी शुल्क	१०,९०५,३९४	७,९३९,७३९
४	कोष सुपरिवेक्षक शुल्क	९०२,५१६	६५७,०८२
	जम्मा खर्च	**१३,२५९,२६६**	**१०,००१,५२९**
	कुल आय/(व्यय)	**(१३७,२८१,०९६)**	**(१२३,९६३,८१६)**

नोटः • सामुहिक लगानी कोष नियमावली, २०६७ तथा सामुहिक लगानी कोष निर्देशिका, २०६९ को अधिनमा रही योजना व्यवस्थापकले अवलम्वन गरेको मूल्यांकन नीति वमोजिम योजनाको लगानी मुल्यांकन गरिएकोछ।
• योजनाको २०८० कार्तिक मसान्तसम्मको सूचिकृत तथा सूचीकृत नभएका शेयर, डिबेन्चर तथा मुद्दती निक्षेपमा भएको लगानीको परल मूल्य (धितोपत्र दलाल कमिशन समेत) रु.२,१९६,९२०,२६४ रहेको छ।

सूचिकृत धितोपत्रमा भएको लगानी विवरण

सि.नं.	विवरण	संख्या	मूल्यांकन रकम
	वाणिज्य बैंक समूह		
१	प्रभु बैंक लिमिटेड	१३०,०५०	२०,०२७,७००
२	कुमारी बैंक लिमिटेड	६२,८८४	९,५३९,५०३
३	सिद्धार्थ बैंक लिमिटेड	६२,६६७	१४,५३८,७४४
४	ग्लोबल आईएमई बैंक लिमिटेड	७५,८१८	१५,७७०,१४४
५	नबिल बैंक लिमिटेड	८७,२३५	४९,६५४,१६२
६	प्राईम कर्मसियल बैंक लिमिटेड	१२०,८२३	२२,७०२,६४२
७	माछापुच्छ्रे बैंक लिमिटेड	१०१,०१६	२०,००१,१६८
८	एनआईसी एसिया बैंक लिमिटेड	१०६,४६९	५३,१५९,९७२
९	नेपाल बैंक लिमिटेड	८३,४६४	२०,२३१,६७४
१०	एन एम बि बैंक लिमिटेड	९४,४९९	१९,३८१,७४५
११	हिमालयन बैंक लिमिटेड	२३,३९२	४,६३६,२९४
१२	स्ट्यान्डर्ड चार्टर्ड बैंक लिमिटेड	७४,९४५	३९,२१८,७१९
१३	लक्ष्मी सनराईज बैंक लिमिटेड	६९,८९३	१२,२९४,१७९
१४	कुमारी बैंक लिमिटेड (संस्थापक सेयर)	५०,०००	५,५००,०००
	विकास बैंक समूह		
१	मुक्तिनाथ विकास बैंक लिमिटेड	११४,८२८	४३,३०१,६३९
२	गरिमा विकास बैंक लिमिटेड	१२०,४८७	४३,६१६,२९४
३	महालक्ष्मी विकास बैंक लिमिटेड	९४,४१७	२७,९४७,४३२
४	ज्योति विकास बैंक लिमिटेड	७८,९३४	२१,७८५,७८४
५	शाइन रेसुङ्गा डेभलपमेन्ट बैंक लिमिटेड	१२६,०२७	४५,७७३,००६
६	कामना सेवा विकास बैंक लिमिटेड	१०४,१८७	३०,२६६,३२४
७	लुम्बिनी विकास बैंक लिमिटेड	११४,२६६	४२,७३५,४८४
	फाइनान्स समूह		
१	आइ.सि.एफ.सि फाइनान्स लिमिटेड	५२,१९०	२२,४४१,७००
२	गुडविल फाइनान्स लिमिटेड	४०,८४६	१५,६०३,१७२
३	मन्जुश्री फाइनान्स लिमिटेड	७३,६५७	३७,२७०,४४२
४	रिलायन्स फाइनान्स लिमिटेड	१३,०००	३,८७२,७००
५	सेन्ट्रल फाइनान्स कम्पनी लिमिटेड	२६,४३६	८,११५,८५२
	जलविद्युत समूह		
१	चिलिमे हाईड्रोपावर कम्पनी लिमिटेड	३,५३२	१,६४५,९१२
२	सानिमा माई हाईड्रोपावर लिमिटेड	४,०१०	१,१६८,९१५
३	सान्जेन जलविद्युत् कम्पनी लिमिटेड	१४,५८४	३,४७०,९९२
४	रसुवागढि हाईड्रोपावर कम्पनी लिमिटेड	३१,६१८	७,९०४,५००
५	अपि पावर कम्पनी लिमिटेड	४०,१३०	६,७४१,८४०
६	अरुण काबेली पावर लिमिटेड	७०,०५३	११,५५८,७४५
७	माउन्टेन इनर्जी नेपाल लिमिटेड	१४,५१५	१०,७१२,०७०
८	साहस उर्जा लिमिटेड	५८,२८५	२४,०७१,७०५
९	रिडी पावर कम्पनी लिमिटेड	२५,०३५	४,७१६,५९४
१०	डादी ग्रुप पावर लिमिटेड	१०,६७३	२,१०२,५८१
११	ब्रीस्टार हाईड्रोपावर लिमिटेड	६,९५९	२,१४८,२४३
१२	मिड सोलु हाईड्रोपावर लिमिटेड	८३५	२७२,२९४
१३	माथिल्लो मैलुन खोला लिमिटेड	१,६७३	२३३,५०१
	जीवन बीमा समूह		
१	लाइफ इन्स्योरेन्स कर्पोरेसन लिमिटेड	२४,९१९	३२,७६८,४८५
२	नेशनल लाईफ इन्स्योरेन्स कं लिमिटेड	५४,४२६	२९,३९०,०४०
३	एशियन लाईफ इन्स्योरेन्स कं लिमिटेड	४९,५५९	२९,३३६,९२८
४	सूर्यज्योति लाइफ इन्स्योरेन्स लिमिटेड	४५,८०१	२१,४३४,६६८
५	हिमालयन लाइफ इन्स्योरेन्स लिमिटेड	३२,२०८	११,२७१,२४८
६	सानिमा रिलायन्स लाइफ इन्स्योरेन्स लिमिटेड	३७,२५२	१५,५७१,३३६
	निर्जिवन बीमा समूह		
१	नेको इन्स्योरेन्स कम्पनी लिमिटेड	५८,८८७	४७,०५०,७१३
२	हिमालयन एभरेष्ट इन्स्योरेन्स लिमिटेड	५१,४९४	२४,७१७,१२०
३	सिद्धार्थ प्रिमियर इन्स्योरेन्स कम्पनी लिमिटेड	४३,९२०	३०,७८७,९२०
४	आईजिआई प्रुडेन्सियल इन्स्योरेन्स लिमिटेड	४०,६६४	१८,५९३,१२०
५	प्रभु इन्स्योरेन्स लिमिटेड	१५,७६२	१०,२४५,३००
६	एनएलजी इन्स्योरेन्स कम्पनी लिमिटेड	२८,३७४	१९,५७८,०६०
	लघुवित्त समूह		
१	फरवार्ड माईक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेड	१	१,२१०
२	छिमेक लघुवित्त वित्तीय संस्था लिमिटेड	३९,९२०	३५,९७१,९१२
३	डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेड	१५,६०१	१०,९८३,१०४
४	साधना लघुवित्त वित्तीय संस्था लिमिटेड	१	५५०
५	समाज लघुवित्त वित्तीय संस्था लिमिटेड	१३७	१३,२४८
६	फर्स्ट माईक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेड	३३,९१३	२०,७२०,८४३
७	मेरो माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेड	२,४३५	१,२३१,३८०
८	ग्रामिण विकास लघुवित्त वित्तीय संस्था लिमिटेड	५,५२५	२,६०२,२७५
९	नेरुडे लघुवित्त वित्तीय संस्था लिमिटेड	४,२९८	२,२११,७५१
१०	निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड (संस्थापक)	२५,११६	१५,०६९,६००
	होटेल तथा पर्यटन समूह		
१	सोल्टी होटेल लिमिटेड	५३,०३१	२२,२७३,०२०
२	तारागाउँ रिजेन्सी होटेल लिमिटेड	१५,०००	११,०९२,५००
	उत्पादन तथा प्रशोधन समूह		
१	शिवम् सिमेन्ट्स लिमिटेड	५०,८४२	२५,२१७,६३२
२	सोनापुर मिनरल्स एण्ड ओइल लिमिटेड	१८,१६८	४,७०५,५१२
	सामूहिक लगानी कोष समूह		
१	सिटिजन म्युचुअल फण्ड १	३६,७७७	२७३,९८९
२	एनआईसी एसिया फ्लेक्सी क्याप फण्ड	५००,०००	३,८५०,०००
३	ग्लोबल आईएमई ब्यालन्स फण्ड - १	२५०,०००	१,९२७,५००
४	एनएमबि सुलभ इन्भेष्टमेन्ट फण्ड - २	५००,०००	४,३२०,०००
५	सानिमा ग्रोथ फण्ड	७५०,०००	५,८५०,०००
६	सनराइज फोकस्ड ईक्वीटी फण्ड	१,५००,०००	११,३५५,०००
७	प्रभु स्मार्ट फण्ड	१,०००,०००	७,६६०,०००
८	आरबिबि म्युचुअल फण्ड २	६५०,०००	४,७५८,०००
९	प्रभु सेलेक्ट फण्ड	३७,८५०	२७८,९५५
१०	नबिल इक्विटी फण्ड	१००	९९०
११	सिद्धार्थ इन्भेष्टमेन्ट ग्रोथ स्किम-३	३५०,०००	३,५००,०००
१२	सिटिजन्स् सुपर ३० म्युचुअल फण्ड	९५०,०००	७,४१९,५००
१३	लक्ष्मी भ्यालु फण्ड २	७००,०००	५,०६१,०००
१४	सिद्धार्थ इन्भेष्टमेन्ट ग्रोथ स्कीम २	८६,६००	६२२,६५४
१५	सनराइज फर्स्ट म्युचुअल फण्ड	४५,४७०	४१४,६८६
	लगानी समूह		
१	एन.आर.एन इनफ्रास्ट्रक्चर एण्ड डेभलपमेन्ट लिमिटेड	२०,५४३	७,८०६,३४०
	अन्य		
१	नेपाल पुनर्बीमा कम्पनी लिमिटेड	४५,७६७	२८,५५८,६०८
	कुल		**१,२६३,६३३,२६०**

कोष प्रवर्द्धक: NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड
केन्द्रिय कार्यालय, दरवारमार्ग, काठमाण्डौं।
फोन नं : ४२२८२२९, फ्याक्स नं : ४२२६३४९, ४२२८९२७
Email: info@nimb.com.np, Website: www.nimb.com.np

योजना व्यवस्थापक: NIMB ACE CAPITAL LIMITED
एनआइएमबि एस क्यापिटल लिमिटेड
पो.ब.न. २३२२४, लाजिम्पाट, काठमाडौं, नेपाल
फोन: ४४२५२८०, फ्याक्स: ४००५०८४
Email: info@nimbacecapital.com, Website: www.nimbacecapital.com

कर्जा चुक्ता गर्ने तथा धितो सुरक्षणमा रहेको सवारी साधन लिलाम बिक्री गर्ने सम्बन्धी ३५ दिने सूचना

प्रकाशित मिति : २०८०/८/१४

यस सेन्ट्रल फाइनान्स लिमिटेड, कुपण्डोल शाखा कार्यालयबाट तपशिलमा उल्लेखित ऋणीले कर्जा लिंदाका बखत तोकिएको शर्त सम्झौता अनुसार कर्जाको तिर्नु पर्ने किस्ता तथा अन्य लेना रकम भुक्तानी सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएको तथा पटक-पटक मौखिक एवं लिखित तर ताकेता गर्दा समेत कर्जा चुक्ता गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुनाले यो सार्वजनिक सूचना प्रकाशित गरीएको छ। अतः यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिनभित्र उक्त कर्जाको सम्पुर्ण किस्ता तथा अन्य लेना रकम बुझाउन तथा चुक्ता गर्न ऋणी तथा धन जमानी बस्ने सवैलाई अनुरोध गरिन्छ। अन्यथा उक्त म्याद भित्र पनि कर्जा चुक्ता भुक्तान हुन नसकेमा ३६ (छतिस) औ दिन (सो दिन विदा परे सो को पछि कार्यालय खुलेका दिन) मा लिएको कर्जा, ब्याज, किस्ता तथा अन्य सम्पुर्ण लेना रकम बापत यस संस्थालाई लेखिदिएको तपसिल बमोजिमको धितो रहेको सवारी साधन "बैक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३" तथा अन्य प्रचलित नेपाल कानून बमोजिम लिलाम बिक्रि गरी संस्थाले आफ्नो सम्पुर्ण लेना रकम असुल उपर गरिलिने तथा ऋणी र व्यक्तिगत जमानीकर्ता समेतलाई यस वित्तीय सस्थासंग भए गरेका लिखत अनुसार कर्जा सूचना केन्द्रको कालो सूचीमा नाम समावेश गरीने व्यहोरा ऋणी, व्यक्तिगत जमानीकर्ता तथा सम्बन्धित सवैलाई यसै सूचनाद्वारा जानकारी गराईएको छ। साथै धितोमा रहेको सवारी साधन लिलाम सकार गरी लिन इच्छुक सर्वसाधारणहरु समेतलाई यसै सूचनाद्धारा जानकारी गराईन्छ।

सि.नं.	ऋणीको नाम र ठेगाना	धितो सुरक्षणको विवरण
१	**सबिन तामाङ** ना.प्र.प.नं. २६१/६४४०१, धादिङ्ग जारी मितिः २०७०/१/५ बाबु : ज्ञान बहादुर तामाङ बाजे : लक्ष्मण तामाङ ठेगाना : धादिङ्ग जिल्ला, बैरेनी गा.वि.स. वडा नं. ४ हाल गल्छी गांउपालिका वडा नं ५ **व्यक्तिगत धनजमानी दिने** **सावित्री श्रेष्ठ** ना.प्र.प.नं. ३४४७, धादिङ्ग जारी मितिः २०४४/१०/१९ बाबु : अष्ट लाल श्रेष्ठ बाजे : शिव लाल श्रेष्ठ ठेगाना : धादिङ्ग जिल्ला, बैरेनी गा.वि.स वडा नं. ९ हाल ललितपुर जिल्ला, ल.म.न.पा.वडानं १६, पाटनढोका	सवारी दर्ता नं : ग १ च ८१८९ मोडेल : SUMO GRANDE LX इन्जिन नं : 22LDICOR06CXYJ08212 च्यासिस नं : MAT465322C9C15694 बनेको साल : 2012 (**नोटः** लिलाम बिक्रि गरिने सवारी साधन हेर्न बुझ्न चाहने इच्छुक महानुभावहरुले यस संस्थाको कार्यालय समयभित्र सम्पर्क राखि हेर्न बुझ्न सकिनेछ।)

सेन्ट्रल फाईनान्स लिमिटेड
CENTRAL FINANCE LIMITED
Serving Your Financial Needs
केन्द्रीय कार्यालय : कानदेवता स्थान, कुपण्डोल, ललितपुर, फोन नं. ५९७०००५
इमेलः info@centralfinance.com.np वेबसाइटः www.centralfinance.com.np

इपिएस परीक्षामा ४०९८ जना उत्तीर्ण

काठमाडौं/ कोरियाको पानीजहाज निर्माण क्षेत्रमा श्रमिक पठाउन पहिलो चरणमा लिइएको भाषा परीक्षामा चार हजार ९८ जना उत्तीर्ण भएका छन्। एचआरडी सर्भिस अफ कोरियाले लिएको परीक्षामा ३२ हजार पाँच सय सातजना सहभागी थिए। उत्तीर्ण भएकामध्ये एक सय ९७ जना महिला रहेको इपिएस कोरिया शाखाले जनाएको छ। शाखाका अनुसार असोजदेखि मंसिरको पहिलो सातासम्म लिइएको परीक्षाको व्यवस्थापन इपिएस कोरिया शाखाले गरेको थियो। दैनिक आठ सयजनाका दरले ४५ दिन परीक्षा सञ्चालन भएको शाखा प्रमुख गुरुदत्त सुवेदीले बताए।

कोरियाको जहाज निर्माण क्षेत्रमा काम गर्नका लागि ३५ हजार चार सय ७८ जनाले आवेदन दिएका दिए। जसमध्ये ३३ हजार दुई सय एकजना पुरुष थिए भने दुई हजार दुई सय ७७ जना महिलाले आवेदन दिएका थिए।

आवेदन दिएकामध्ये परीक्षामा ९१.६ प्रतिशतले मात्रै परीक्षा दिएका थिए। त्यसमा दुई हजार एक सय ५३ जना महिला थिए। भाषा परीक्षाका लागि कोरियाकै मानव संसाधन विभागको नेपालस्थित कार्यालयले गरेको इपिएस शाखाका प्रमुख सुवेदीले बताए।

कोरियाको पानीजहाज निर्माण क्षेत्रमा जाने युवाहरूका लागि २४ मंसिरदेखि २८ गतेसम्म सीप परीक्षा सञ्चालन गर्ने भएको छ। भाषा परीक्षामा उत्तीर्ण भएका युवा सीप परीक्षामा सहभागी हुन सक्नेछन्।

सीप परीक्षाका लागि कोरियाबाट नै प्रतिनिधि आउने शाखाका प्रमुख सुवेदीले बताए। उनका अनुसार सीप परीक्षामा वेल्डिङलगायतका विषयमा परीक्षण गराइनेछ।

एन्ट फाउन्डेसनलाई प्रभु क्यापिटलको सहयोग

काठमाडौं/ प्रभु क्यापिटल लिमिटेडले एन्ट फाउन्डेसनलाई आर्थिक सहयोग गर्ने भएको छ। क्यान्सरसम्बन्धी चेतनामूलक कार्यक्रममा आफ्नो ऐक्यबद्धता जनाउँदै क्यापिटलले सामाजिक उत्तरदायित्व कोषमार्फत फाउन्डेसनलाई आर्थिक सहयोग गर्दै सहकार्यको सम्झौता गरेको छ।

सहयोगसम्बन्धी सम्झौतामा प्रभु क्यापिटलका प्रमुख कार्यकारी अधिकृत आशिष गौचन र एन्ट फाउन्डेसका फाउन्डर प्रशान्त ताम्राकारले हस्ताक्षर गरेको जनाइएको छ। सम्झौतामा प्रभु क्यापिटलले लगानी व्यवस्थापन सेवाअन्तर्गतको प्रोडक्टमध्ये 'प्रभु ऐश्वर्या योजना'मा आबद्ध हुने महिलाबाट क्यापिटललाई प्राप्त भएको पहिलो वर्षको वार्षिक सेवाशुल्कबाट ५० प्रतिशत सेवाशुल्कबराबरको रकम तथा योजनाबाट प्राप्त हुने मुनाफाबाट २० प्रतिशतबराबरको रकम सहयोग गर्ने उल्लेख छ।

जसअनुसार फाउन्डेसनलाई महिला सशक्तीकरण तथा महिलामा हुने ब्रेस्ट क्यान्सरसम्बन्धी सचेतनामूलक कार्यक्रमका लागि सामाजिक सुरक्षा दायित्वअन्तर्गत प्रभु क्यापिटलले सहयोग गर्ने जनाएको छ। महिलाहरूलाई केन्द्रित गरी सञ्चालित यो लगानी व्यवस्थापन सेवामा महिला ग्राहकले न्यूनतम तीन लाख रुपैयाँबाट लगानी व्यवस्थापन सेवा सुरु गर्न सक्ने जनाइएको छ।

क्यापिटलका प्रमुख कार्यकारी अधिकृत आशिष गौचनले भने, 'महिलाहरूलाई आर्थिक रूपले सबल बनाउनु भनेको समाजलाई नै सशक्त बनाउनु हो भन्ने अवधारणा लिई सञ्चालनमा ल्याएको प्रभु ऐश्वर्या योजना तथा एन्ट फाउन्डेसन दुवैले महिलाहरूको आर्थिक तथा वित्तीय स्वतन्त्रतामा समेत केन्द्रित रही कार्यक्रम गर्ने हुँदा दुवै संस्थाको उद्देश्यमा एकरुपता देखिएकाले सम्झौता गरेका हौं।'

डिसेम्बर २ मा सोल्टी होटेलमा क्रिसमस बजार

काठमाडौं/ डिसेम्बर २ का दिन सोल्टी होटेलमा विशेष क्रिसमस बजार आयोजना हुने भएको छ। एवन बजारको रूपमा लामो समयदेखि सक्रिय उमन अफ नेपाल (एवन)ले सञ्चालन गर्दै आएको च्यारिटेबल सेलिब्रेसन भएको बताइएको छ।

टर्किस एयरलाइन्स, नेपाल एयरलाइन्स, डाबर नेपाल, कार्ल्सवर्ग तथा रुपिज इन्टरनेसनल स्कुल प्रायोजक रहेको एवन बजारको उद्घाटन भने अमेरिकी राजदूतपत्नी जेन क्रिल थोम्पसनले गर्ने एवनले जनाएको छ। उनी एवनकी अनररी प्रेसिडेन्टसमेत छन्। एक सयभन्दा बढी स्टल रहने एवन बजारमा विभिन्न



स्टार्टअप कम्पनी, अर्गानिक उत्पादन विभिन्न किसिमका स्थानीय उत्पादन, फेसनवेयर, ट्राभललगायतका स्टल रहने आयोजकको भनाइ छ। विभिन्न क्षेत्रका प्रभावशाली व्यक्तिले आफ्नो रुचिका आधारमा गरेका काम र उत्पादनलाई विशेष प्राथमिकता दिइने एवन बजारबाट संकलित रकमसमेत एवनका च्यारिटेबल कार्यमा खर्चिने गरिएको बताइएको छ।

७५ वर्षअगाडि अमेरिकन एम्बेसीमा कार्यरत महिला तथा एक्स्प्याट्सले सञ्चालनमा ल्याएको एक्टिभ उमन अफ नेपाल देशकै पुरानो परोपकारी संस्थामध्ये एक हो।

विभिन्न समय र परिस्थितिमा एवनले आफ्नो सहयोगलाई निरन्तर अगाडि बढाउँदै आएको बताइएको छ। प्रवेश निःशुल्क रहेको एवन बजारले बिहान नौ बजेदेखि साँझ ६ बजेसम्म चल्नेछ।

BEST FINANCE COMPANY LTD.
बेष्ट फाइनान्स कम्पनी लि.
BFC
नेपाल राष्ट्र बैंकबाट 'ग' वर्गको इजाजतपत्र प्राप्त संस्था

प्रधान कार्यालय: बेष्ट भवन, कमलादी, काठमाण्डौं
फोन : ०१-४५४२४६१/६२/६३

धितोमा रहेको जायजेथा लिलाम बिक्री गर्ने बारे १५ दिने अत्यन्त जरुरी सूचना

(सूचना प्रकाशित मिति : २०८०/०८/१४ गते बिहीबारको नयाँ पत्रिका राष्ट्रिय दैनिक)

यस वित्तीय संस्थाको तपसिलको शाखा कार्यालयबाट ऋण कर्जा उपभोग गर्दै आएका तपसिलमा उल्लेखित ऋणीहरुले संस्थालाई तिर्नु बुझाउनु पर्ने रकम नतिरी नबुझाई कर्जा लिदाका बखत गरेको शर्त उल्लंघन गरी कर्जा चुक्ता नगरेको तथा कर्जा चुक्ता भुक्तान गर्न बारम्बार लिखित, मौखिक ताकेता एवं राष्ट्रिय स्तरको दैनिक पत्रपत्रिकाहरुमा सूचना प्रकाशित गरी जानकारी गराउदा समेत ऋण कर्जा चुक्ता भुक्तान गर्न कुनै चासो नदेखाई बेवास्ता गरी बस्नु भएको हुनाले यो सूचना प्रकाशित गरिएको छ। अतः यो सूचना प्रकाशित भएको मितिले **१५ दिन भित्र** संस्थामा सम्पर्क राखि संस्थालाई तिर्नु बुझाउन पर्ने बाँकि रकम चुक्ता फर्छ्यौट गर्न गराउन सम्बन्धित ऋणी, फर्मका प्रोप्राईटर, जमानीकर्ता तथा धितो सुरक्षण लेखि दिनु हुने जग्गाधनी समेतलाई यसै सूचना मार्फत सूचित गरिन्छ। उल्लेखित समय भित्र कर्जा चुक्ता फर्छ्यौट नगरे/नगराएमा १६ औं दिनमा धितो सुरक्षणमा रहेको तपसिलमा उल्लेखित जायजेथा जहाँ जे जस्तो अवस्थामा रहेको छ सोहि अवस्थामा लिलाम बिक्री गरी संस्थाको लेना रकम असुल उपर गर्नु पर्ने भएको हुनाले तपसिलमा उल्लेखित सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम सकार वा खरिद गरि लिन इच्छुक सर्वसाधरण महानुभावहरुले तपसिलमा उल्लेखित शर्त बन्देजको अधिनमा रहि शिलबन्दी बोलपत्र पेश गर्नहुन यसै सूचना मार्फत जानकारी गराइन्छ।

तपसिल :

ऋणीको नाम थर तथा तिन पुस्ते विवरण	संस्थागत तथा व्यक्तिगत धनजमानीको विवरण
१. ऋणीको नाम : अर्जुन प्रसाद चमार बुबाको नामः रोगाही चमार बाजेको नाम : महादेव चमार ठेगानाः दाउन्नेदेवी-७, नवलपरासी हालः बर्दघाट न.पा. १५, पृथ्वीबस्ती, नवलपरासी ना.प्र.नं.३६१०५६/३७३, जारी मितिः २०६५/०८/२ जारी जिल्लाः नवलपरासी **कर्जा शिर्षकः व्यक्तिगत कर्जा, शाखा कार्यालय : अमरपथ** **संस्थागत तथा व्यक्तिगत धनजमानीको विवरण** **क) नामः रोगाही चमार** बाबुको नामः महादेव चमार बाजेको नामः धनि चमार ठेगानाः बर्दघाट न.पा. १५, पृथ्वीबस्ती, नवलपरासी ना.प्र.नं. २५९०१, जारी मितिः २०३७/०२/०८ जारी जिल्लाः नवलपरासी	**ख) नाम : माधुरी कुमारी हरिजन** बाबुको नामः अनिरुद्ध चमार ससुराको नामः रोगाही चमार पतिको नामः अर्जुन प्रसाद चमार ठेगानाः बर्दघाट न.पा. १५, पृथ्वीबस्ती, नवलपरासी ना.प्र.नं. ३६/०६/७५/००२२६ जारी मितिः २०७५/०२/०६ जारी जिल्लाः नवलपरासी **ग) नामः फुला चमार** बाबुको नामः चिनक हरिजन ससुराको नामः महादेव चमार पतिको नामः रोगाही चमार ठेगानाः बर्दघाट न.पा. १५, पृथ्वीबस्ती, नवलपरासी ना.प्र.नं.: ४५९०५, जारी मितिः २०५५/०२/२७ जारी जिल्लाः नवलपरासी

सुरक्षण धितोको विवरणः धनि चमारको नाति महादेव चमारको छोरा रोगाही चमारको नाममा मालपोत कार्यालय नवलपरासी परासीमा दर्ता श्रेष्ता कायम रहेको दाउन्नेदेवि ७।७क स्थित कित्ता नं. ४५९ क्षेत्रफल ०-७-१६-० बिगाहाको जग्गा साथै उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

ऋणीको नाम थर तथा तिन पुस्ते विवरण	संस्थागत तथा व्यक्तिगत धनजमानीको विवरण
२. ऋणीको नामः श्याम बहादुर बुढाथोकी बाबुको नामः नर बहादुर बुढाथोकी बाजेको नामः पुर्ण बहादुर बुढाथोकी ठेगानाः गजेडी गा.वि.स. ०८, रुपन्देही हालः कञ्चन गा.पा. ०२ गोपालपुर, रुपन्देही ना.प्र.नं.६।६।४३०६, जारी मितिः २०४६।०३।१९ जारी जिल्लाः रुपन्देही **कर्जा शिर्षकः व्यक्तिगत कर्जा** **शाखा कार्यालय : अमरपथ** **सुरक्षण धितोको विवरणः** श्री पुर्ण बहादुर बुढाथोकीको नाति नर बहादुर बुढाथोकीको छोरा श्याम बहादुर बुढाथोकीको नाममा मालपोत कार्यालय रुपन्देहीमा दर्ता श्रेष्ता कायम रहेको रुपन्देही जिल्ला गजेडी गा.वि.स/न.पा वडा नं. ८ सिट नं. ०९८१४२५ स्थित कि.नं. ४९३ क्षेत्रफल १९२९.६० व.मी. जग्गा र उक्त जग्गामा चर्चेको लिगलगापत समेत।	**क) नामः सागर बुढाथोकी** बाबुको नामः श्याम बहादुर बुढाथोकी बाजेको नामः नर बहादुर बुढाथोकी ठेगानाः गजेडी गा.वि.स. ०८, रुपन्देही हालः कञ्चन गा.पा.०२, गोपालपुर रुपन्देही ना.प्र.नं. ३७२०३८।७९५३६ जारी मितिः २०६९।१०।१७, जारी जिल्लाः रुपन्देही **ख) नामः रुपा बुढाथोकी** पतिको नाम : श्याम बहादुर बुढाथोकी ससुराको नाम : नर बहादुर बुढाथोकी ठेगानाः गजेडी गा.वि.स. ०८, रुपन्देही हालः कञ्चन गा.पा. ०२, गोपालपुर रुपन्देही ना.प्र.नं.: ३७२०३८।७७९८४ जारी मितिः २०६९।०७।२७, जारी जिल्लाः रुपन्देही **ग) नामः लक्की बुढाथोकी** बाबुको नामः नर बहादुर बुढाथोकी बाजेको नाम : पुर्ण बहादुर बुढाथोकी ठेगानाः गजेडी गा.वि.स. ०८, रुपन्देही हालः कञ्चन गा.पा. ०२, गोपालपुर रुपन्देही ना.प्र.नं. ३७३०३८/१०७३, जारी मितिः २०६३।११।१७, जारी जिल्लाः रुपन्देही

ऋणीको नाम थर तथा तिन पुस्ते विवरण	संस्थागत तथा व्यक्तिगत धनजमानीको विवरण
३. ऋणीको नाम : जेउवा थारु बुबाको नामः महादेव थारु बाजेको नामः खोसर थारु पत्निको नामः रामरती थारु ठेगानाः बुद्धभुमि न.पा. वडा नं. २, कपिलवस्तु ना.प्र.नं.:१७७७/४७३, जारी मितिः २०४५/०१/२५ जारी जिल्लाः कपिलवस्तु **कर्जा शिर्षकः कृषि ओ.डी.कर्जा** **शाखा कार्यालय : जितपुर, कपिलवस्तु** **सुरक्षण धितोको विवरणः** जेउवा थारुको नाममा मालपोत कार्यालय तौलिहवा, कपिलवस्तुमा दर्ता श्रेष्ता कायम रहेको कपिलवस्तु जिल्ला बकडरिया वडा नं. १ र २ स्थित कि.नं १११७ र ५१० को क्षेत्रफल क्रमशः ०-२-१५ र ०-१-१७ बि.क.धु. को जग्गा र कि.न. ५१० मा निमार्ण सम्पन्न भएको ७७.९० व.मि. को भुईतला घर समेत।	**क. नाम : रामरती थारु** बुबाको नामः मग्गु प्रसाद थारु पतिको नामः जेउवा थारु ससुराको नामः महादेव थारु ठेगानाः बुद्धभुमि न.पा. वडा नं. २, कपिलवस्तु ना.प्र.नं. ३८३०५०/३७९ जारी मितिः २०६३/१०/१०, जारी जिल्लाः कपिलवस्तु **ख) नामः दिलिप कुमार थारु** बुबाको नामः जेउवा थारु आमाको नामः रामरती थारु बाजेको नामः महादेव थारु ठेगानाः बुद्धभुमि न.पा. वडा नं. २, कपिलवस्तु ना.प्र.नं. ३८-०१-७३-०२५४४ जारी मितिः २०७३/०३/०६, जारी जिल्लाः कपिलवस्तु

ऋणीको नाम थर तथा तिन पुस्ते विवरण	संस्थागत तथा व्यक्तिगत धनजमानीको विवरण
४. ऋणीको नाम : रामदिन थारु बुबाको नामः चोन्हु थारु बाजेको नामः राजे थारु पत्निको नामः मुन्नी थारु ठेगानाः वाणगंगा न.पा. वडा नं.- १० करैलीया, कपिलवस्तु ना.प्र.नं. १/१४/५२२८३ जारी मितिः २०६१/०१/२३, जारी जिल्लाः कपिलवस्तु **कर्जा शिर्षकः कृषि कर्जा, शाखा कार्यालय : जितपुर**	**क. नामः मुन्नी थारु** बुबाको नामः भिखारी थारु ससुराको नामः चोन्हु थारु पतिको नामः रामदिन थारु ठेगानाः वाणगंगा न.पा.- १० करैलीया, कपिलवस्त ना.प्र.नं.: १/१४/५४५०० जारी मितिः २०६१/०२/११, जारी जिल्लाः कपिलवस्तु

सुरक्षण धितोको विवरणः श्री रामदिन थारुको नाममा मालपोत कार्यालय तौलिहवा, कपिलवस्तुमा दर्ता श्रेष्ता कायम रहेको, जिल्ला कपिलवस्तु गा.वि.स. पटना वडा नं ४।ख स्थित कि.नं ६४३ को जम्मा क्षेत्रफल ०-०-१८, को जग्गा साथै उक्त कित्तामा बनेको ६५६.१९२ वर्ग फिटको पक्कि घर र उक्त जग्गाले चर्चेको सम्पुर्ण लिगलगापात समेत।

